बबई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दाङ, ५ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र



२०७५

# दुई शब्द




साविकका पुरन्धारा र पञ्चकुले गा.वि.स.हरू समावेश गरी मिति २०७३ फागुन २२ मा बबई गाउँपालिका गठन गरिएपछि गाउँपालिकाको क्षेत्रलाई समेटी प्रकाशित दस्तावेजको रूपमा आउन लागेको पार्श्वचित्र तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले गाउँपालिकाको विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत तथा साधनको अधिकतम सदुपयोग गरी गाउँ विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्राय: सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गर्नुपर्ने हुन्छ ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने गाउँपालिकाको सम्पूर्ण टिम, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने पानोरामा रिसर्च सेन्टर प्रा.लि., अनामनगर काठमाडौँलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

अन्तमा गाउँपालिकाको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई दिशा निर्देश प्राप्त होस् भन्ने सुभेच्छा प्रकट गर्दछु ।

भुवनेश्वर पौडेल  
अध्यक्ष  
बबई गाउँपालिका

# दुई शब्द



दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि गाउँपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ। यसै आवश्यकतालाई मध्य नजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ। जसमा गाउँपालिकाका विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी गाउँ पार्श्वचित्र तयारी गरिएको छ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँपलिकावासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु। पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएको छ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण विषयगत शाखाहरु, संघ/संस्था, वडा सचिवहरू, गाउँ कार्यपालिकाका कर्मचारीहरू तथा तथ्याङ्क संकलन र प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता पानोरामा रिसर्च सेन्टर प्रा.लि., अनामनगर काठमाडौंलाई विशेष धन्यबाद दिन चाहन्छु।

सावित्री विश्वकर्मा

उपाध्यक्ष

बबई गाउँपालिका

# मेरो भन्नु



कुनै पनि विकासको मार्ग तयार गर्ने योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवं मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएकमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो गाउँको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर गाउँपालिकाको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरु, वडा सचिवहरू, वडा सदस्यहरु विषयगत शाखाका प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरु तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता पानोरामा रिसर्च सेन्टर प्रा.लि., अनामनगर काठमाडौलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने सुभेच्छा व्यक्त गर्दछु ।

मार्शल कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत
बबई गाउँपालिका

# विषय सूची


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ अध्ययन विधि २

१.६ अध्ययनका सीमाहरु ३

**खण्ड २ : बबई गाउ“पालिकाको परिचय** ४

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ४

२.२ राजनैतिक तथा प्रशासनिक केन्द्र ६

२.३ भूक्षेत्र (Topography) ७

२.४ भू–क्षेत्रको बर्गीकरण ९

२.५ हावापानी १३

२.६ गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर १४

२.७ गाउँपालिकाको अवसर र सम्भावनाहरु १६

२.८ गाउँपालिकाको समस्या र चुनौतीहरु १६

२.९ गाउँपालिकाको अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध १७

२.१० सिमसार क्षेत्र १७

२.११ नदी, खोला तथा ताल तलैयाहरु १८

२.१२ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु २१

२.१३ मुख्य चाडपर्वहरु २८

२.१४ सँस्कृति, कला, भाषा र साहित्य २९

**खण्ड ३ : जनसाङ्खिक विवरण** ३३

३.१ जनसंख्याको विवरण ३४

३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ३५

३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ३८

३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण ३९

३.५ उमेर समूहअनुसार जनसंख्याको विवरण ४१

३.६ जातजाति समूहअनुसार जनसंख्याको विवरण ४२

३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण ४३

३.८ धर्म अनुसार जनसंख्याको विवरण ४५

३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ४७
३.१० महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ४८
३.११ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ४९
३.१२ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ५०
३.१३ छानाको आधारमा घरको बनोटको विवरण ५१
३.१४ जगको आधारमा घरको बनोटको विवरण ५२
३.१५ बसाई सराईको अवस्था ५३
३.१६ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ५५
३.१७ स्थानीय तहको निर्वाचनमा मतदाता सम्बन्धी विवरण ५५

**खण्ड ४ : भू–उपयोग** **५७**

४.१ गाउँपालिकाको भू–उपयोगको विवरण ५७
४.२ मुख्य बस्ती सम्बन्धी विवरण ५९
४.३ क्रमिक बिकास भैरहेको बस्तीहरुको वर्तमान स्वरुप ६०
४.४ भवन तथा घर सम्बन्धी विवरण ६०
४.५ बस्ती विकासमा देखिएका चुनौतीहरू ६१
४.६ भू–क्षय सम्भावित क्षेत्र ६१
४.७ गाउँपालिकामा दैवीप्रकोपको संवेदनशीलता विवरण ६३
४.८ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ६३

**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति** **६४**

५.१ गाउँपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरुप ६४
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ६४
५.३ आश्रित जनसंख्याको विवरण ६४
५.४ कृषि ६५
५.४.१ बाली सम्बन्धी विवरण ६६
५.४.२ कृषि बालीमा लाग्ने रोग ६६
५.४.३ कृषि पकेट क्षेत्रको विवरण ६७
५.४.४ आधुनिक कृषि फार्महरुको विवरण ६७
५.४.५ कृषि बजारीकरण ६८
५.४.६ जग्गाको उर्वराशक्ति ६८
५.५ सिंचाइ ६८
५.६ पशुपालन ६९
५.६.१ वडा अनुसार पशु धन तथा सोबाट हुने उत्पादनको अवस्थासम्बन्धी विवरण ६९
५.६.२ पशु नश्ल ७३
५.६.३ पशुपंक्षीमा लाग्ने रोगहरु ७३
५.६.४ गाउँपालिकामा दुग्ध बजारीकरण ७४

५.६.५ मासु बजारीकरण ७५
५.६.६ सार्वजनिक पोखरी तथा माछापालन ७५
५.७ पर्यटन ७५
५.८ खानीको स्रोत र उपयोगको स्थिति ७६
५.९ व्यापार तथा उद्योगको विवरण ७६
५.१० थोक तथा खुद्रा व्यापार ७७
५.१०.१ व्यापारिक केन्द्रको विवरण ७७
५.१०.२ निकासी पैठारी स्थिति ७८
५.१०.३ ढुवानी तथा भण्डार व्यवस्था ७८
५.१०.४ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनस“ग गर्नु परिरहेको प्रतिस्पर्धा ७८
५.१०.५ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ७८
५.१०.६ प्रमुख स्थानीय उत्पादनको बजारीकरण ७९
५.१०.७ पानी घट्ट, मिल र संकलन तथा प्रशोधन केन्द्र सम्बन्ध विवरण ७९
५.११ अन्य आर्थिक विकासका सम्भावनाहरू ८०
५.१२ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ८१
५.१३ बैंकको विवरण ८२
५.१४ सहकारी संस्थाको विवरण ८२
५.१५ संघ संस्था तथा विभिन्न समूहहरु ८४
**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ८५**
६.१ यातायात ८५
६.१.१ यातायात सेवा ८६
६.१.२ बिद्यमान सडक सञ्जाल ८६
६.२ पुल तथा पुलेसाको विवरण ८७
६.३ टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय ८८
६.४ वडा केन्दबाट गाउँपलिका केन्द्र पुग्न लाग्ने समय ८९
६.५ संचार ८९
६.५.१ टेलिफोन/मोबाइल ९०
६.५.२ एफ.एम रेडियो स्टेसन ९०
६.५.३ हुलाक सेवा ९०
६.६ विद्युत ९०
६.६.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ९०
६.६.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ९१
**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ९३**
७.१ शिक्षा ९३
७.२ साक्षरता स्थिति ९४
७.२.१ शैक्षिक जनशक्तिको विवरण ९६

| | | |
|---|---|---|
| ७.२.२ | विषयगत शैक्षिक जनशक्तिको विवरण | ९७ |
| ७.२.३ | उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण | ९७ |
| ७.२.४ | गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण | ९८ |
| ७.२.५ | शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू | ९९ |
| ७.३ | स्वास्थ्य | १०० |
| ७.३.१ | गाउँपालिकामा विद्यमान स्वास्थ्य सेवा | १०१ |
| ७.३.२ | प्रमुख १० रोगहरुको विवरण | १०२ |
| ७.३.३ | महिला स्वास्थ्य स्वयंसेविकाहरू | १०३ |
| ७.३.४ | गाउँघर क्लिनीक र नियमित खोप | १०३ |
| ७.३.५ | एच. आई. भी./एडसको अवस्था | १०३ |
| ७.३.६ | सुरक्षित मातृत्वको अवस्थाको विवरण | १०४ |
| ७.३.७ | खोपको विवरण | १०५ |
| ७.३.८ | बाल्यकालमा हुने रोगका जोखिम | १०५ |
| ७.३.९ | शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर | १०६ |
| ७.३.१० | बालपोषण सम्वन्धी विवरण | १०६ |
| ७.४ | खेलकुद तथा मनोरञ्जन | १०७ |
| ७.५ | नागरिक सुरक्षा सेवा | १०८ |
| ७.५.१ | सामाजिक सुरक्षा भत्ता | १०८ |
| ७.५.२ | बृद्धबृद्धाहरूको अवस्था | १०९ |
| ७.६ | महिला तथा बालबालिका | १०९ |
| ७.६.१ | महिला सम्बन्धी विवरण | १०९ |
| ७.६.२ | आमा समूहको विवरण | १११ |
| ७.६.३ | बालश्रमको अवस्था | ११२ |
| ७.६.४ | बालक्लब | ११२ |
| ७.७ | परिवार विहिन बालवालिकाको विवरण | ११३ |
| ७.८ | अपाङ्गताको विवरण | ११३ |
| ७.८.१ | अपांग परिचयपत्र प्राप्त जनसंख्याको विवरण | ११५ |
| ७.९ | खानेपानी तथा सरसफाई | ११५ |
| ७.९.१ | परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण | ११५ |
| ७.९.२ | खानेपानीको विवरण | ११६ |
| ७.९.३ | गाउँपालिकामा सञ्चालित खानेपानीका सार्वजनिक आयोजना एवं निजी उद्योगसम्बन्धी विवरण | ११७ |
| ७.९.४ | खानेपानीको संभावित श्रोतहरु | ११७ |
| ७.९.५ | शौचालयको विवरण | ११८ |
| ७.९.६ | वडागत शौचालयको संख्याको विवरण | ११९ |
| ७.१० | खुला दिशा मुक्त क्षेत्र | ११९ |
| ७.११ | फोहोर मैला व्यवस्थापन | ११९ |
| ७.१२ | शवदाह/ चिहानहरुको विवरण | १२० |

७.१३ सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण १२०
७.१४ पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थल सम्बन्धी विवरण १२१
**खण्ड ८ : वन तथा वातावरण** **१२२**
८.१ प्राकृतिक वन तथा वनस्पती १२२
८.२ जैविक विविधता सम्वन्धी विवरण १२३
८.३ लघु वन पैदावार १२४
८.४ गाउँपालिकामा पाईने वन्यजन्तु १२५
८.५ वनजंगल १२६
८.५.१ सामुदायिक वन १२६
८.५.२ धार्मिक वन १२८
८.५.३ सरकारद्वारा व्यवस्थित वन १२९
८.५.४ निजी वन १२९
८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था १२९
८.७ वनपैदावारको माग र आपूर्ति १२९
८.८ जडिबुटी सम्बन्धी विवरण १२९
८.९ वन पैदावारमा आधारित उद्योगहरूको विवरण १३०
८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम १३०
**खण्ड ९ : विकास सुचकाङ्क र गरिबीको स्थिति** **१३१**
९.१ मानवविकास सूचकाङ्कको विवरण (HDI) १३१
९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) १३२
९.३ मानवविकास र गरीबी १३२
९.४ गरिबी न्यूनीकरण १३२
९.५ समग्र विकास स्थिति १३३

# तालिका सूची


तालिका नं. १ : बबई गाउँपालिकाको वडा विभाजन ७
तालिका नं. २ : बबई गाउँपालिकाको मौसमको विवरण (सन् २०१२ र २०१३) १३
तालिका नं. ३ : नदी तथा खोलाको विवरण १९
तालिका नं. ४ : पर्यटकीय स्थलहरुको विवरण (धार्मिक/ऐतिहासिक/पुरातात्विक) २२
तालिका नं. ५ : चाडपर्व/जात्रा/मेलाको विवरण २८
तालिका नं. ६ : जनसंख्याको विवरण ३४
तालिका नं. ७ : वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ३५
तालिका नं. ८ : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ३८
तालिका नं. ९ : पहिलो विवाह गर्दाको उमेरको विवरण ४०
तालिका नं. १० : उमेर समूहअनुसार जनसंख्याको विवरण ४१
तालिका नं. ११ : बबई गाउँपालिकाको जनसंख्या र जातको विवरण ४२
तालिका नं. १२ : मातृभाषा अनुसार जनसंख्याको विवरण ४३
तालिका नं. १३ : धर्मअनुसार जनसंख्याको विवरण ४६
तालिका नं. १४ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ४७
तालिका नं. १५ : महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ४८
तालिका नं. १६ : महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण ४९
तालिका नं. १७ : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण ५०
तालिका नं. १८ : छानाको आधारमा घरको बनोटको विवरण ५१
तालिका नं. १९ : जगको आधारमा घरको बनोटको विवरण ५२
तालिका नं. २० : व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण ५५
तालिका नं. २१ : बबई गाउँपालिकाको मतदाता र मतदान केन्द्रको विवरण ५६
तालिका नं. २२ : भू-उपयोग विश्लेषण २०७४ ५७
तालिका नं. २३ : मुख्य बस्ती सम्बन्धी विवरण ५९
तालिका नं. २४ : भवन तथा घर सम्बन्धी विवरण ६०
तालिका नं. २५ : जलाधार क्षेत्र र भू-क्षयको सम्भाव्यता क्षेत्रफलको विवरण ६२
तालिका नं. २६ : गाउँपालिकामा दैवीप्रकोपको संवेदनशीलता विवरण ६३
तालिका नं. २७ : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ६३
तालिका नं. २८ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ६४
तालिका नं. २९ : आश्रित जनसंख्याको विवरण ६४
तालिका नं. ३० : विभिन्न बालीमा लाग्ने रोग विवरण ६६
तालिका नं. ३१ : कृषि पकेट क्षेत्रको विवरण ६७
तालिका नं. ३२ : आधुनिक कृषि फार्महरुको विवरण ६७

तालिका नं. ३३ : विद्युत सिंचाई र वैकल्पिक ऊर्जाको विवरण ६८
तालिका नं. ३४ : वडा अनुसार पशु धन तथा सोबाट हुने उत्पादनको अवस्थासम्बन्धी विवरण ६९
तालिका नं. ३५ : पशुपन्छीमा देखिएको रोगको विवरण ७४
तालिका नं. ३६ : सार्वजनिक पोखरी तथा माछापालन ७५
तालिका नं. ३७ : खानीको स्रोत र उपयोगको स्थिति ७६
तालिका नं. ३८ : व्यापार तथा उद्योगको विवरण ७७
तालिका नं. ३९ : व्यापारिक केन्द्रको विवरण ७७
तालिका नं. ४० : पानी घट्ट, मिल र संकलन तथा प्रशोधन केन्द्र सम्बन्ध विवरण ७९
तालिका नं. ४१ : बैंकको विवरण ८२
तालिका नं. ४२ : सहकारी संस्थाको विवरण ८३
तालिका नं. ४३ : सहकारी संस्थाको नामावली ८३
तालिका नं. ४४ : संघ संस्था तथा विभिन्न समूहहरु ८४
तालिका नं. ४५ : बबई गाउँपालिकालाई छुने सडक सञ्जालको विवरण ८६
तालिका नं. ४६ : गाउँपालिकाबाट सदरमुकामसम्मको दुरी ८६
तालिका नं. ४७ : पुल तथा पुलेसाको विवरण ८७
तालिका नं. ४८ : टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय ८८
तालिका नं. ४९ : वडा केन्दबाट गाउँपालिका केन्द्र पुग्न लाग्ने समय ८९
तालिका नं. ५० : एफ.एम रेडियो स्टेसन ९०
तालिका नं. ५१ : बत्ती बाल्न प्रयोग गरिने श्रोत ९१
तालिका नं. ५२ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ९१
तालिका नं. ५३ : साक्षरता दर ९५
तालिका नं. ५४ : शैक्षिक जनशक्तिको विवरण ९६
तालिका नं. ५५ : विषयगत शैक्षिक जनशक्तिको विवरण ९७
तालिका नं. ५६ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ९७
तालिका नं. ५७ : गाउँपालिकामा रहेका विद्यालयहरुको विवरण ९८
तालिका नं. ५८ : गाउँपालिकामा विद्यमान स्वास्थ्य सेवा १०१
तालिका नं. ५९ : प्रमुख १० रोगहरुको विवरण १०२
तालिका नं. ६० : सुरक्षित मातृत्व कार्यक्रम विवरण १०४
तालिका नं. ६१ : खोपको विवरण १०५
तालिका नं. ६२ : पोषणको विवरण १०६
तालिका नं. ६३ : खेलमैदान सम्बन्धी विवरण १०८
तालिका नं. ६४ : गाउँपालिकामा वितरण भएको समाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण १०८
तालिका नं. ६५ : महिला विकास कार्यालय बाट बनाईएका महिला समूहहरुको विवरण ११०
तालिका नं. ६६ : आमा समूहको विवरण १११
तालिका नं. ६७ : बालक्लबको विवरण ११३
तालिका नं. ६८ : अपाङ्गताको विवरण ११४

तालिका नं. ६९ : अपांग परिचयपत्र प्राप्त जनसंख्याको विवरण ११५
तालिका नं. ७० : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत ११५
तालिका नं. ७१ : खानेपानीको विवरण ११६
तालिका नं. ७२ : गाउँपालिकामा सञ्चालित खानेपानीका सार्वजनिक आयोजना एवं निजी उद्योगसम्बन्धी विवरण ११७
तालिका नं. ७३ : खानेपानीको संभावित श्रोतहरु ११७
तालिका नं. ७४ : शौचालयको प्रकार ११८
तालिका नं. ७५ : वडागत शौचालय संख्याको विवरण ११९
तालिका नं. ७६ : सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण १२०
तालिका नं. ७७ : पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थल सम्बन्धी विवरण १२१
तालिका नं. ७८ : गाउँपालिकामा रहेको वनको विवरण १२६
तालिका नं. ७९ : सामुदायिक वन सम्बन्धी विवरण १२८
तालिका नं. ८० : मानवविकास सुचकको विवरण (HDI) १३१
तालिका नं. ८१ : गरीबीको दरको विवरण १३२

# नक्सा सूची


नक्सा नं. १: गाउँपालिकाको समग्र वस्तुस्थिती ५
नक्सा नं. २: गाउँपालिकाको वडा विभाजन ६
नक्सा नं. ३: गाउँपालिकाको उचाईको विवरण ८
नक्सा नं. ४: गाउँपालिकाको भिरालोपन १२
नक्सा नं. ५: गाउँपालिकामा रहेका नदि तथा खोला २०
नक्सा नं. ६: गाउँपालिकाको धार्मिक स्थलहरु २१
नक्सा नं. ७: गाउँपालिकाको जनसंख्या विवरण ३३
नक्सा नं. ८: गाउँपालिकाको वडागत क्षेत्रफल विभाजन ३६
नक्सा नं. ९: गाउँपालिकाको वडागत जनसंख्या विभाजन ३७
नक्सा नं. १०: गाउँपालिकामा बसोबासको अवस्था ५४
नक्सा नं. ११: गाउँपालिकाको भू-उपयोग ५८
नक्सा नं. १२: गाउँपालिकाको सडक सञ्जाल ८५

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्यकता पर्दछ। वैज्ञानिक योजना पद्धति निर्माणका लागिभरपर्दो तथ्याङ्कको अपरिहार्यता हुन्छ। त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न, सम्भावनाहरूको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्दछ। तसर्थ कुनै पनि स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ।

कुनै पनि स्थानीय तह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। चौधौं योजना (२०७३/७४-२०७५/७६) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको (सचिवस्तर) निर्णयले पनि विकास योजना सम्बोधनका लागि गाउँपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी गाउँपालिका पार्श्वचित्र (Rural Municipality Profile) तयार गरिएको हो।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन्।

क) गाउँपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरुको बारेमा जानकारी गराउने।

ख) गाउँपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरुको अवगत गराउने।

ग) गाउँपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औँल्याउने।

घ) गाउँपालिका भित्र बसोवास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।

च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने।

छ) गाउँपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई व्यवस्थापनमा सहयोग गर्ने।

ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

झ) गाउँपालिकास्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने ।

ञ) गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी बबई गाउँपालिकाको तथ्यगत जानकारी प्रदान गर्छ। बबई गाउँपालिकाका विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत तथ्यपरक जानकारी प्रदान गर्दछ। यसका अलावा गाउँपालिका पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय निकाय अन्तर्गत गाउँपालिकाहरुलाई दिँदै आएको अनुदानहरुमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ। विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ। ती सूचकहरु मध्ये हरेक गाउँपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Rural Municipality Profile तयार गर्नु पनि एक हो। भौतिक पूर्वाधार विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ। यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकाको उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यन्वयन एवं अनुगमन मूल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ।

## १.५ अध्ययन विधि

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय तह अन्तर्गतगाउँपालिकाहरुलाई दिँदै आएको अनुदानहरुमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ। विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण

गरेको छ। ती सूचकहरु मध्ये हरेक गाउँपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Rural Municipality Profile तयार गर्नु एक हो। भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ। यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकाले उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवं अनुगमन मूल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ।

यस गाउँपालिकाको पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधीहरु निम्नानुसार छन् –

- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरुबाट उपलब्ध तथ्यांकहरु समावेश गरिएको छ।
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरिएको छ।
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको विश्लेषणका क्रममा विभिन्न तालिकाहरु, चित्रहरु तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा बिश्लेषण गरिएको छ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primay) तथा द्वित्तीय (Secondary) सूचना संकलन गरी गरिएको छ। भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ। वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ। यसका साथै गाउँपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वृद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी गाउँपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ। गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिकापालिका कार्यालय लगायत गाउँपालिकापालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ।

## १.६ अध्ययनका सीमाहरु


राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम गाउँपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरुको स्रोत र आधार वर्ष खुलाईएको छ। गाउँपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धित गाउँपालिका आदि स्रोतहरुबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणा अनुसार यसले बबई गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ। यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ।

# खण्ड २ : बबई गाउँपालिकाको परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय


बबई गाउँपालिका ५ नं. प्रदेश अन्तर्गत दाङ जिल्लाका साविकका पञ्चकुले र पुरन्धारा गा.वि.स. मिलेर बनेको हो। यस गाउँपालिका जिल्ला सदरमुकाम घोराही देखि ४६ किलोमीटर पश्चिममा पर्दछ। २५७.४८ वर्ग कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा शान्तिनगर गाउँपालिका र दंगीशरण गाउँपालिका, पश्चिममा बाँके जिल्ला, उत्तरमा सल्यान जिल्ला र दक्षिणमा दंगीशरण गाउँपालिका र बाँके जिल्ला पर्दछन्।

बबई गाउँपालिका दाङ जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा विकासका सम्भावना बोकेको गाउँपालिका हो। सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँवासी यो गाउँपालिकाको दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन्। २०६८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या २७,४६९ रहेको छ जसमध्ये महिलाको जनसंख्या १४,९४० (५४.३९ प्रतिशत) र पुरुषको जनसंख्या १२,५२९ (४५.६१ प्रतिशत) रहेको छ। यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी क्षेत्री जाति १३,६०५ जना (४९.५३%), दोस्रोमा मगर ५,२०२ (१८.९४%) र तेस्रोमा कामी जातिको ३,३९३ (१२.३५%) को बसोबास रहेको छ। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। यस गाउँपालिका पठनपाठनको लागि आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरुमा प्रा.वि २२, नि.मा.वि. ६, मा.वि ६ गरी जम्मा ३४ वटा सामुदायिक शिक्षण संस्थाहरु रहेका छन् भने संस्थागत विद्यालयतर्फ प्रा.वि. ३, आ.वि. ३ र मा.वि. ३ गरी जम्मा ९ वटा रहेका छन्। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैं, तिहार, माघी, होली, महाशिवरात्री, रामनवमी, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ।




**नक्सा नं. १:** गाउँपालिकाको समग्र वस्तुस्थिती

## २.२ राजनैतिक तथा प्रशासनिक केन्द्र




**नक्सा नं. २:** गाउँपालिकाको वडा विभाजन

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका पञ्चकुले र पुरन्धारा गा.वि.स. गाभेर जम्मा ७ वडाहरु कायम गरि बबई गाउँपालिका स्थापना गरिएको हो। गाउँपालिकाको वडागत संरचना देहाय बमोजिम रहेको छ।


तालिका नं. १ : बबई गाउँपालिकाको वडा विभाजन

| वडा नं. | समावेश भएका साविकका गा.वि.स./न.पा. | साविकको वडा नं. |
|---|---|---|
| १ | पुरन्धारा | ९ |
| २ | पुरन्धारा | ६, ७ |
| ३ | पुरन्धारा | ४, ५ |
| ४ | पुरन्धारा | १,३ |
| ५ | पुरन्धारा | २, ८ |
| ६ | पन्चकुले | १-४ |
| ७ | पन्चकुले | ५-९ |

## २.३ भूक्षेत्र (Topography)

विश्व मानचित्रमा यस गाउँपालिकाको अवस्थिति २८°०४'३७" देखि २८°१७'०४" उत्तरी अक्षांश सम्म र ८२°५५'२५" देखि ८२° १०'०२" पूर्वी देशान्तर सम्म फैलिएको छ। यो गाउँपालिका समुद्र सतहबाट ४७० मिटरदेखि १,८९१ मिटरसम्मको उचाइमा अवस्थित रहेको छ।

बबई गाउँपालिकाको विद्यमान भू-उपयोग हेर्दा गाउँपालिकाको ७५.७९ प्रतिशत (१९५.१३ वर्ग कि.मी.) वनजंगलले ढाकेको छ भने १३.५३ प्रतिशत (३४.८४ वर्ग कि.मि.) खेतीयोग्य जमिनको रुपमा रहेको छ। त्यस्तै झाँडी क्षेत्र गाउँपालिकाको ३.६४ प्रतिशत (९.३७ वर्ग कि.मी.) भूभागमा फैलिएको पाइन्छ भने बालुवा ४.३८ प्रतिशत (११.२९ वर्ग कि.मी.) भूभागमा रहेको देखिन्छ। यसैगरी चरन क्षेत्रले करिव १.६३ प्रतिशत (४.१९ वर्ग कि.मि.) जग्गा ओगटेको छ, ०.९२ प्रतिशत (२.३७ वर्ग कि.मी.) भूभाग नदी, खोला तथा पोखरीले भरिएको छ भने अन्यले ०.१० प्रतिशत (०.२५ वर्ग कि.मी) जमिन ओगटेको छ। प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिको लागि उर्वर माटोको धनी गाउँपालिका हो। यस गाउँपालिकामा बलौटे दोमट र चिम्टाइलो माटो पाइन्छ। त्यसैले गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, जौ; नगदेबालीमा तोरी, आलु, सुर्ती, उखु र दलहन बालीमा मुसुरो, केराउ, चना, भटमास उत्पादन हुने गरेको देखिन्छ ।




**नक्सा नं. ३:** गाउँपालिकाको उचाईको विवरण

## २.४ भू-क्षेत्रको वर्गीकरण

बबई गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली तथा भू-स्खलन जस्ता प्रवृत्तिका आधारमा अध्ययन गर्दा भूमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भूवनोट अनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमीको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छ। यस्तो जमिनको विभिन्न वर्गहरुलाई भिरालोपनाको नक्सामा उल्लेख गरिएको छ।

### (क) क वर्ग : भिरालो <1° (गहिराई पर्याप्त भएको, खेतीपाती र वनको लागि उपयुक्त माटो)

लगभग एउटै सतह भएको, कृषिको आवश्यकता अनुरुप माटोको गहिराई पर्याप्त भएको जमिनलाई “क” वर्गमा राखिएको छ। नदीको किनारमा परेको जग्गाबाहेक यस समूहको जग्गामा ठूलो भू-क्षय हुने समस्या नदेखिने र भू-बनौटको स्थायित्वमा कुनै कारको असर नपर्ने हुँदा यस खालको जग्गामा परम्परागत वा आधुनिक दुवै प्रविधिबाट खेती गर्न सकिन्छ। तर वर्षाको समयमा वर्षाको सोझो प्रहारबाट हुन सक्ने भू-क्षय रोक्ने उपाय अपनाउनु पर्दछ। सामान्य अवस्थामा वर्षे पानीको सतहगत प्रवाह र माटोको चिस्यानको मात्राले जमिनको उपयुक्तता निर्धारण गरेको हुन्छ। मनसुनको समयमा वर्षाको पानी सजिलैसँग बगेर जाने वा पानी नजम्ने खालको माटो भएमा कृषि चरन वा बनस्पतीको लागि त्यस्तो जग्गा उपयुक्त हुन्छ। भूमिगत जल सतअ निकै माथि भएको तथा सतहगत पानी बगेर नजाने वा जमेर बस्ने जमिन पनि “क” वर्गको जमिनमा पर्दछ। धेरैजसो अन्नवालीलाई यस प्रकारको अवस्था उपयुक्त नभएता पनि यस्तो जमिनमा धान खेती राम्ररी गर्न सकिन्छ। हिउँदमा गहुँ वा अन्य अन्नहरूको खेती माटोमा रहने चिस्यानका भरमा गर्न सकिन्छ। गर्मीयाममा त्यहाँको तापक्रममा मिल्ने बालिनालिकाको खेति सिंचाईको सहयोगमा गर्न सकिन्छ ।

### (ख) ख वर्ग : भिरालो 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने गह्रा बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ। यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ भने माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

**(ग) ग वर्ग : भिरालो 5°-30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)**

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पुर्‍याउँछ। यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। अलिकती पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

**(घ) घ वर्ग : भिरालो = 30°–40° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।**

माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गह्रा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुर्‍याउने ठूलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्। यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा बोटविरुवालाई पुन: हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतिको लागि उपयुक्त हुँदैन।


**(ङ) ङ वर्ग : भिरालो > 40° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको ।**

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ। यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैं एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कोतिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुन: अधिग्रहण (reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।

**(च) च वर्ग : Slope $40^0$-$68^0$ माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको ।**

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायिकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लाीग अनुपयुक्त मानिन्छ।

यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैं एकातिर यस्तो जनिमा भू-क्षयीकरणको प्रवृत्ति ति तीब्र रहेको हुन्छ भने अर्कोतिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुन: अधिग्रहण (reclaim) गन असम्भवन नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।




नक्सा नं. ४: गाउँपालिकाको भिरालोपन

## २.५ हावापानी


बबई गाउँपालिका भौगोलिक विविधताले भरिपूर्ण गाउँपालिका हो । यहाँको भौगोलिक बनौट अनुसार यस गाउँपालिकाको मौसम तथा जलवायुमा पनि विविधता पाईन्छ । यहाँको मौसम अथवा जलवायुलाई उष्ण र शमशितोष्ण गरी दुई भागमा विभाजन गर्न सकिन्छ । तराई र भित्री मधेसमा अवस्थित यस गाउँपालिकाको हावामा तुलनात्मक रुपले अन्य तराई तथा पूर्वी जिल्लाहरुको भन्दा सापेक्षित आद्रता कम छ, जसका कारण यहाँको हावा शुष्क महसुस हुन्छ । गाउँपालिकामा खोलानाला, पोखरी तथा तालतलौयाहरु धेरै भएतापनि हिउँद र विशेष गरी वर्षात हुनुभन्दा पूर्व गर्मी महिनामा अधिकांश खोलानाला, पोखरी तथा तालहरु सुख्खा हुने गर्दछन् । यस गाउँपालिकाको औषत अधिकतम तापक्रम ३६.३ डिग्री सेल्सीयससम्म पुग्ने गरेको छ भने औषत न्यूनतम तापक्रम ४.८ डिग्री सेल्सीयस छ । गाउँपालिकामा गृष्म ऋतु, गर्मी र हिउँदमा सामान्य जाडो महसुस हुन्छ । गाउँपालिकाको वर्षा अधिकतम ५४८ मिलिमिटर (आषाढ, श्रावण र भाद्रमा बढी वर्षा हुने) हुने गरेको छ । बङ्गालको खाडीबाट चल्ने मनसुनी वायुबाट यहाँ वर्षा हुने गर्दछ, जुन असार महिनाबाट सुरु भै भदौ महिनासम्म सक्रिय रहन्छ । हिउँदमा भने पश्चिमी मनसुनी हावाबाट फाटफुट पानी पर्ने गर्दछ ।


सन् २०१२ र २०१३ को औषत अधिकतम तथा न्यूनतम तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ ।


तालिका नं. २ : बबई गाउँपालिकाको मौसमको विवरण (सन् २०१२ र २०१३)

| महिना | सन् २०१२ | | | सन् २०१३ | | |
|---|---|---|---|---|---|---|
| | औ. अधिकतम तापक्रम (से.) | औ. न्यूनतम तापक्रम (से.) | वर्षा मि.मि. | औ. अधिकतम तापक्रम (से.) | औ. न्यूनतम तापक्रम (से.) | वर्षा मि.मि. |
| जनवरी | १९.९ | ६.२ | २३.२ | २१.२ | ४.८ | ८.६ |
| फेब्रुअरी | २४ | ८.७ | ३५.४ | २३.३ | ९.६ | ५७.८ |
| मार्च | २९.६ | १३ | १७.५ | २९.७ | १४ | ०.२ |
| अप्रिल | ३३.८ | २३ | ५.४ | ३३ | १८ | ४१.२ |
| मे | ३६.३ | २१ | ६९.८ | ३४.९ | २२ | ६७.६ |
| जुन | ३६.२ | २४ | १४७ | ३०.९ | २३ | ४८३.६ |
| जुलाई | ३०.३ | २२ | ६३३.५ | ३१.२ | २४ | ५४८ |
| अगस्त | ३१.५ | २३ | ४५४.८ | ३१.३ | २३ | ४७१.२ |
| सेप्टेम्बर | ३०.९ | २२ | ३३३ | ३१.८ | २१ | १७२.६ |
| अक्टोबर | २८.९ | १६ | ० | २८.७ | १८ | ९४.८ |
| नोभेम्बर | २६.३ | ९.८ | ० | २५.८ | ११ | ० |
| डिसेम्बर | २३.२ | ६.९ | ० | २२.९ | ७.२ | ० |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग, २०१२/२०१३*




## २.६ गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर

गाउँपालिकाको क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत व्यापार, स-साना उद्योग व्यवसाय, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, वैदेशिक रोजगार, तालतलैया तथा नदीनालाहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस बबई गाउँपालिकाको विभिन्न क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे बाली, फलफूल, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, बिउविजन र मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई

कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरण अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

- ✓ गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वैज्ञानिक कृषि प्रणालीले गर्दा खेतीयोग्य भूमि दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा गाउँपालिकालाई भावी पुस्ताको लागि एउटा सूरक्षित र अनुकुल स्थानको रुपमा विकसित गर्न सकिनेछ।
- ✓ गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले कृषकहरुको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, मासुजन्य उद्योग, विकास गर्न सकिनेछ। जसबाट रोजगारीश्रृजना गरी समग्र गाउँपालिका आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा रोजगारीको स्थिति श्रृजना हुनुका साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।
- ✓ गाउँपालिकाका क्षेत्रमा प्राकृतिक जल क्षेत्र तथा नदी/खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा पाखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्न सम्भावना रहेको छ।
- ✓ गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ। यसबाट प्राकृतिक स्रोतको सन्तुलित परिचालन हुने र स्थानियबासीको जीवनस्तरमा समेत स्तरोन्नति हुन जान्छ।

गाउँपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले वैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले रोजगार सृजना नगर्न सके गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त बबई गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- ✓ गाउँपालिका क्षेत्रभित्र रहेका पानीका श्रोतहरु तथा खोलाहरुबाट कुलो तथा अन्य प्रविधि मार्फत् सिंचाई गरी व्यावसायिक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले सहज यातायत सेवा प्राप्त गर्नुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले ब्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- ✓ यस गाउँपालिका क्षेत्रमा साना घरेलु तथा कृषिमा आधारित उद्योगहरुको विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने सम्भावना देखिन्छ ।
- ✓ यस क्षेत्रमा विभिन्न धार्मिक तथा साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने सम्भावना रहेको छ ।
- ✓ सरकारी, सहकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ ।
- ✓ गाउँपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.७ गाउँपालिकाको अवसर र सम्भावनाहरु

यस बबई गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान अवसर र सम्भावनाहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- ✓ वनक्षेत्र, उर्बर कृषि जमिन, पानीका श्रोत तथा समथर जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- ✓ शिक्षित मानविय श्रोतमा वृद्धि हुनु ।
- ✓ युवा जनसमुदायको बाहुल्यता हुनु ।
- ✓ राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध हुनु ।
- ✓ साना तथा घरेलु कृषिमा आधारित उद्योग तथा जडिबुटीमा आधारित उद्योगहरुको सम्भावना रहेको ।
- ✓ पर्यटन क्षेत्र विकासको सम्भावना रहेको ।

## २.८ गाउँपालिकाको समस्या र चुनौतीहरु

यस बबई गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- ✓ गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।

- ✓ गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- ✓ गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको हुनु ।
- ✓ कृषियोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- ✓ आयश्रोतको कमीले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ✓ वस्ती विकासलाई व्यवस्थित बनाउन नसक्नु ।
- ✓ योजनावद्ध बस्ती विकासको अभाव ।
- ✓ वातावरण संरक्षण र फोहोर व्यवस्थापनका ठोस योजनाको अभाव ।
- ✓ आकासे पानीमा निर्भर सिचाई ।
- ✓ परम्परागत कृषि प्रणालि ।

## २.९ गाउँपालिकाको अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध

गाउँपालिकाको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी गाउँपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले अर्को गाउँपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। पहाडी क्षेत्रबाट कृषि र वनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन्। तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा सुविधा सम्पन्न भएकोले बसाई सराईको प्रवृत्ति निकै बढी देखिन्छ। मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले अन्तर गाउँपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस गाउँपालिकाको छिमेकी गाउँपालिकाहरु दंगीशरण गाउँपालिका, शान्तिनगर गाउँपालिका र सल्यान जिल्लाको कालीमाटी गाउँपालिका तथा जिल्ला समन्वय समिति दाङ जस्ता सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ। फलत: यस क्षेत्रको विकासात्मक क्रियाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ। त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

## २.१० सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। ती ताल क्षेत्रहरूमा विभिन्न किसिमका दुर्लभ चराचुरुङ्गीहरू र सरिसृप (Reptiles) हरूको बासस्थान रहेको हुन्छ। यी ताल तलैयाहरू जैविक विविधताले भरिपूर्ण रहेका छन्।

## २.११ नदी, खोला तथा ताल तलैयाहरु



*बबई नदी*

गाउँपालिकाको विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका केही नदी तथा पोखरीहरूले जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदी, पोखरी तथा तालतलैयाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक पोखरी तथा खोलानाला भूक्षय भई पुरिने क्रम जारी छ। यस्ता प्राकृतिक जलस्रोतहरु पुनर्उद्धार गरी माछा पालन गरेमा स्थानिय बजारका लागि आवश्यक माछाको आपुर्ति हुने मात्र नभई कतिपय नदी तथा पोखरीहरु पर्यटकिय आकर्षणको रुपमा विकसित गर्न सकिने देखिन्छ। गाउँपालिकाको मुख्य पर्यटकीय स्थलको रुपमा पुरन्धारा छहरा रहेको छ। यसैगरी गाउँपालिकामा रहेका नदि तथा खोलाहरुको विवरण तालिकामा उल्लेख गरिएको छ।


तालिका नं. ३ : नदी तथा खोलाको विवरण

| वडा नं. | नदी तथा खोलाको नाम | नदिले छोएका वस्तीहरु | लम्बाई (कि.मी.) | जलाधार क्षेत्र (वर्ग कि.मी.) | जलाधारको उचाई | |
|---|---|---|---|---|---|---|
| | | | | | उच्चतम (मि) | न्यूनतम् (मि.) |
| १ | बबई नदि | गंगटे, क्युरेनी | | | | |
| १ | बल्लेरी | गंगटे, माडवारी | | | | |
| १ | मलै खोला | मलै कप्ताने | | | | |
| २ | ट्वाङ खोला | माथिल्लो ट्याङखोला | ८ | | ६७६ | ६८० |
| २ | चित्रे खोला | कालामाटा | ५ | | ६७६ | ६८३ |
| ३ | घट्टे खोला | चार मोजा | १० | | १ | ०.२ |
| ३ | लाटुपोले | लक्ष्मावपुर सुपारे | ५ | | १ | ०.२ |
| ४ | राजीखरे खहरे खोला | गैरीगाउँ, हस्तनापुर, कञ्चपुर | ५ | ६७५ | | |
| ५ | बबई नदि | हुरुम, जलुके | ५० | ४ | १०० | ४० |
| ५ | ट्वाङ खोला | खयर भट्टी | ५ | ०।५ | ५०० | १० |
| ६ | च्याटीखोला | पचश्ले | | | | |
| ६ | चिसापानी खोला | चिसापानी, टिकुलीगरा | | | | |
| ७ | बबई नदि | राउतरा, ढोलपुर, मठेउरा, मठेउरी, ढोलपुर, डाँडागाउँ, कृष्णपुर, झारगजेरी, ओढाले, कालितरा | ५ | | | |
| ७ | बहुला खोला | चरकमटिया, मठेउरा, मठेउरी | ३ | | | |
| ७ | मलै खोला | बाठाटोल, माझगाउँ, लामितरा, स्यालीतरा | | | | |

*स्रोत: सम्बन्धित वडा कार्यालयहरु, २०७५*




बबई नदी, बेलासपुर




**नक्सा नं. ५:** गाउँपालिकामा रहेका नदि तथा खोला

## २.१२ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु




**नक्सा नं. ६:** गाउँपालिकाको धार्मिक स्थलहरु

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तब्य स्थलकोरुपमा परिचित छ। पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको बरदान हो। अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरु, अनवरत बग्ने कन्चन हिम नदीहरु, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरु हुन भने यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन्। यी सम्पूर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुर्‍याई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ। तसर्थ पर्यटन नीति २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पुर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ।

प्राकृतिक ताल, तलैया, सिमसार क्षेत्र तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाहृय पर्यटकहरुको भ्रमण हुने गर्दछ। भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरु र पोखरीहरुको निर्माण हुन गएको छ। बबई गाउँपालिकामा भएका नदी/खोला, ताल तथा छहराहरूमध्ये पुरन्धारा छहरा पर्यटकिय स्थल हो भने त्यसलगायत विभिन्न धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थलहरुको विस्तृ विवरण तालिकामा उल्लेख गरिएको छ।


तालिका नं. ४ : पर्यटकीय स्थलहरुको विवरण (धार्मिक/ऐतिहासिक/पुरातात्विक)

| क्र.सं. | धार्मिक तथा पर्यटकीय स्थलको नाम | ठेगाना (वडा नं. सहित) | भौतिक पूर्वाधार | | | स्वामित्व (निजी पब्लिक लि., सामुदायिक) | विशेषता( धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पर्यटकीय र अन्य |
|---|---|---|---|---|---|---|---|
| | | | सडकको पहुँच | होटल, लज, रेष्टुँरा संख्या | नजिकको बजार केन्द्रसम्मको दुरी | | |
| १ | धागे छहरा | बबई ४,माथिल्लो ट्वाङखोला | नभएको | छैन | २.५ घण्टा | पब्लिक | पर्यटकीय |
| २ | गौरीशंकर शिवालय मन्दिर | बवई ३, हंसपुर | पुगेको | ७ | ०.१ कि.मी. | सामुदायिक | धार्मिक |
| ३ | नव दुर्गा मन्दिर | बवई ३ | नपुगेको | २ | ०.५ कि.मी. | सामुदायिक | धार्मिक |
| ४ | पुरन्धारा झरना | बवई ५, बबरपुर | पुगेको | छैन | ३ | सामुदायिक | धार्मिक तथा पर्यटकीय |
| ५ | कालिमाटी मन्दिर | बवई ५ | | | | | धार्मिक |
| ६ | शिव मन्दिर | बवई ६, चिसापानी | पुगेको | होटल ३ | २ कि.मि | सामुदायिक | धार्मिक, पर्यटकिय |
| ७ | रातोपेरा | बवई ७, कालीतरा | नपुगेको | ० | ६ कि.मि. | सा.व.उ.स | ऐतिहासिक |
| ८ | शिव मन्दिर | बवई ७, ढोलपुर | पुगेको | ० | २ कि.मि. | पब्लिक | धार्मिक |
| ९ | बाँके रा.निकुञ्ज | बवई ७, मलेखोला | पुगेको | २ होटेल | ५ कि.मि | सामुदायिक | पर्यटकिय |
| १० | भुइयार थान | बवई ७, मठेउरी | पुगेको | ३ होटेल | ०.५ कि.मि | सामुदायिक | धार्मिक |
| ११ | बराह क्षेत्र | बवई ७, झारगजेरी | नपुगेको | ० | १ कि.मि | सामुदायिक | धार्मिक |
| १२ | कालीमाइ मन्दिर | बवई ७, डाँडागाउँ | पुगेको | ० | १.५ कि.मि | सामुदायिक | धार्मिक |
| १३ | कुहिरो तलाउ | बवई ७, राव्सरा | पुगेको | ० | २ कि.मि | पब्लिक | धार्मिक |
| १४ | चर्च | बवई ७, जलजला | पुगेको | ० | १८ कि.मि | सामुदायिक | धार्मिक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | चमेरो गुफा | बवई ७, गोगनखोला | नपुगेको | ० | १८ कि.मि | सामुदायिक | धार्मिक तथा प्राकृतिक |
| १६ | शिव मन्दिर | बवई ७, माझगाउँ | पुगेको | ० | १२ कि.मि | सामुदायिक | धार्मिक |
| १७ | देउति मन्दिर | बवई ७, माझगाउँ | पुगेको | ० | १२ कि.मि | सामुदायिक | धार्मिक |

*स्रोत: सम्बन्धित वडा कार्यालयहरु, २०७५*


## क) पुरन्धारा छहरा



बबई गाउँपालिकाको वडा नं. ५ मा अवस्थित यो झरना कालापानी खोलाको ४५ मिटर उचाईबाट झर्ने गर्दछ। बबई नदिको किनार तथा हरियो जंगलबीच रहेको यस झरना प्राकृतिक सुन्दरताको नमूना मानिन्छ। यस गाउँपालिकाको केन्द्र हापुरेबाट यो झरना १० कि.मि पश्चिममा घना जंगलको बीचमा अवस्थित छ।

यस झरनालाई उचित संरक्षण र यस झरनाको सुन्दरताको बारेमा व्यापक प्रचार प्रसार गरेमा यस बबई गाउँपालिकामा पुरन्धारा झरनाको अवलोकन गर्न आन्तरीक पर्यटक मात्र नभएर बाह्य पर्यटकको पनि अवलोकनमा व्यापक वृद्धि भई गाउँपालिकाको आर्थिक स्तरमा उल्लेख्य वृद्धि हुने देखिन्छ भने यस स्थान वरपर होटल तथा रिर्सोट हरु निर्माण गरी पर्यटकहरुलाई सहज रुपमा दुश्यावलोकन गर्न सकिन्छ। यसका साथसाथै पिकनिक स्पट तथा अन्य मनोरन्जनका लागि पनि यस स्थान उपयुक्त रहेको पाइन्छ।

## ख) तिते लेक



बबई गाउँपालिकाको सबैभन्दा अग्लो चुचुरो भनेर तितेको लेकलाई चिनिन्छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस लेक चुरे पर्वत श्रृंखलमा पर्दछ । यस स्थान वरपर विभिन्न होटेल, रिर्साट तथा होमस्टे हरु निर्माण गरी पर्यटकको आर्कषक केन्द्र बनाउन सकिन्छ ।



तितेको लेक



चिसापानी मन्दिर





गौरीशंकर मन्दिर, हंसपुर



बराह थान, गंगटे



सल्लीकोट



धागे छहरा

## २.१३ मुख्य चाडपर्वहरु

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने थारु आदिवासी, पहाडी र मधेसी मूलका मानिसहरु रहेका छन् भने मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने-माघे सक्रान्ती, माघी, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति, संकट पूजा, बुद्धजयन्ती, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष आदि चाडपर्वहरु रहेका छन् ।

यसैगरी धार्मिक तथा साँस्कृतिक महत्वका निकै आकर्षक र बृहत् जात्रा एवं मेलाहरु पनि लाग्दछन् । सुवाकोटी मेला, शिवरात्री मेला, बाह्र मेला आदि यस गाउँपालिका तथा आसपासका क्षेत्रमा लाग्ने मेलाहरु हुन् । यसैगरी गाउँपालिकामा मनाइने विभिन्न जात्रा, मेला तथा चाडपर्वहरुको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५ : चाडपर्व/जात्रा/मेलाको विवरण

| क्र.सं. | चाडपर्व/जात्रा/मेला | जात्रा/मेला मनाइने स्थान | मनाइने महिना | तिथि | मनाउने जातजाति |
|---|---|---|---|---|---|
| १ | शिवरात्री मेला | चिसापानी र ढोलपुर | फागुन | पुर्णिमा | हिन्दु जाति |
| २ | सुवाकोटी मेला | झारगजेरी | | | |
| ३ | दशैं तिहार | गंगटे | कार्तिक-मंसिर | | हिन्दु जाति |
| ४ | बाह्र मेला | गंगटे | बैशाख मंसिर | | अन्य |
| ५ | लाखे जात्रा, घोडे जात्रा | सबै | साउन/भदौ | | नेवार, दलित |
| ६ | लाखे नाच | बवई ३ | साउन/भदौ | श्रीकृष्ण जन्माअष्टमी | सम्पुर्ण |
| ७ | सोरठी नाच | बवई ३ | कार्तिक | | सम्पुर्ण |
| ८ | मेला | सुन्दरखाल, आरमकोट, कञ्चनपुर | कार्तिक | | सम्पूर्ण |

*स्रोत: सम्बन्धित वडा कार्यालयहरु, २०७५*

### क) माघी

नेपालको तराई क्षेत्रमा बसोबास गर्ने आदिवासी थारु समुदायले मनाउने प्रमुख चाडको रुपमा माघीलाई मनाइन्छ । माघीलाई थारुहरुले मौलिक चाडको रुपमा मनाउने गर्दछन् । थारु समुदायमा माघे सङ्क्रान्तिको अघिल्लो दिन अर्थात् पुसको अन्तिम दिन घर घरमा सुँगुर काट्ने चलन छ, जसलाई 'जिता मरना दिन' भनिन्छ । माघीको अवसरमा थारु समुदायमा जाँडरक्सी, चामलको ढिकरी खाने तथा नाचगान गरि रमाइलो गर्ने प्रचलन छ । माघमा गाइने गीतलाई 'धमार' भनिन्छ । माघे सङ्क्रान्तिको दिन विहान सबै जना नजिकैको खोलामा नुहाउन जाने चलन छ । माघीमा आफ्ना छोरीचेलीलाई उपहार दिने, नयाँ वर्षको रुपमा लिने तथा टोल समुदायको नयाँ भलाद्मी छान्ने प्रचलन छ । माघीको दिन स्नान गरी तिलको आगो ताप्नाले वर्ष भरिको पाप पखालिन्छ भन्ने मान्यता परापूर्व कालदेखि रहि आएको छ ।



## २.१४ सँस्कृति, कला, भाषा र साहित्य

बबई गाउँपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी गाउँपालिकाको रुपमा रहेको छ । अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् ।द यस गाउँपालिकामा बसोबास गर्दै आएका रैथाने थारु समुदायहरुको मौलिक सँस्कृतिले गाउँपालिकाको साँस्कृतिक पर्यटनलाई आकर्षण गरेको छ ।

### क) मगर संस्कृति

गाउँपालिकाको पर्यटनका बहुआयामिक पक्षमध्ये मौलिक सँस्कृति प्रमुखरुपमा रहेको हुन्छ । समाजशास्त्रीय दृष्टिकोण अनुसार सँस्कृतिको वृहत तथा व्यापक अर्थ र परिभाषा हुन्छ । समग्रमा मानिसको जीवनशैली, व्यवहार, चिन्तन, मूल्य, मान्यता परम्परा, विश्वास, कला, भाषा, चालचलन, धर्म आदि पक्षहरुको समष्टिगत अवधारणा नै साँस्कृतिक पक्ष हो । नेपालको प्रदेश नं ५ मा पर्ने यस गाउँपालिकामा बसोबास गर्दै आएका मगर समुदाय मौलिक सँस्कृतिको दृष्टिले धनी छन् । मगर जातिको मौलिक र जीवनशैली, ज्ञान र सीप रहेका छन् । यद्यपि, आधुनिक जीवनशैली र विभिन्न साँस्कृतिक समूहहरु सँगको सम्बन्ध र प्रभावले गर्दा उनीहरुको साँस्कृतिक मौलिकतामा केही परिवर्तन हुन पुगेको देखिन्छ ।



नेपालको सम्पूर्ण जिल्लामा बासोवास गर्ने आदिवासी जातीको रुपमा मगर जातिलाई चिन्न सकिन्छ। बबई गाउँपालिकामा १८.९४ प्रतिशत मगर समुदायको बसोबास रहेको छ। मगर जातिसँग रहेको मौलिक साँस्कृतिक पक्ष र आदिवासी ज्ञानको अभिलेखीकरण तथा संरक्षण आवश्यक छ। साँस्कृतिक पर्यटन आन्तरिक तथा बाह्य पर्यटकहरुको चासो र आकर्षण बन्न पुगेको छ। बबई गाउँपालिकाको ग्रामीण पर्यटनलाई एकीकृत गर्ने क्रममा यस क्षेत्रमा मगर रेस्टुरेन्ट र भोजनालयको विकास गरी उनीहरुको विशिष्ट परिकार पस्कने प्रयास जरुरी छ। त्यसैगरी, उनीहरुको भेषभूषा, नाचगान, बाजा, गीत र खेलहरुको प्रदर्शन र प्रस्तुतीकरणको माध्यमबाट आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न सकिन्छ। काठमाडौंको नेवार सँस्कृति, मनाङ र मुस्ताङको गुरुङ तथा थकाली, सोलुको सेर्पा, लमजुङको घलेगाउँ गुरुङ, स्याङ्जाको सिरुबारी सँस्कृति ग्रामीण साँस्कृतिक-पर्यटन विकास भएका गन्तव्य स्थलहरु हुन्। यस सन्दर्भमा बबई गाउँपालिकामा मगर सँस्कृतिको पर्यटकीय गन्तव्यस्थल बन्न सक्ने प्रशस्त सम्भावना छ।

भिन्नभिन्न ठाउँ र परिवेशबाट एउटै ठाउँमा बसोबासका लागि आएका समुदायका सँस्कृति, कला र चालचलनको अनुपम संगम थलोकारुपमा बबई गाउँपालिको विकास भएको छ। खासगरी आदिवासी मगर समुदायको मौलिक सँस्कृति, चालचलन, भेषभूषा, भाषा, लवाइखवाइ बबईको साँस्कृतिको सम्पदा बनेको छ। मगर समुदायका गाउँवस्ती प्राय:मा बढी जनघनत्व रहेको हुन्छ। यिनीहरु एक्लै बस्न रुचाउँदैनन्। यद्यपी, आधुनिकतासँगै मगर समुदायमा पनि परिवार विखण्डन हुने क्रम बढ्दो छ।

मगर समुदायका भुमेनाच, सेरिङ्के नाच, डाम्फुया स्याई नाचका साथै नेपाली भाषीहरुको सोरठी नाच, टप्पा नाच, बयलडाँरी, मामै नाच, सिंगारु नाच आदी नाचहरु प्रमुख नाच मानिन्छन्। मगर जातिको छुट्टै मौलिक पोशाक रहेको छ। मगर जातिका लोग्ने मान्छेले लुङ्गी-कमीज, भादगाउँले कालो टोपी र भाग्रा लगाउँछन् भने महिलाले लुंगी, गुन्यु चोलो, लेहंगा गटिया र फरिया लगाउँछन्। यस गाउँपालिकामा अन्य समुदायको मानिसहरु पनि बसोबास गर्न थाले पछि मगर समुदायमा पनि आफ्नो मौलिक पोशाक लगाउने चलन विस्तारै कम हुँदै गएको पाइन्छ। चाडपर्व वा अन्य कुनै औपचारिक कार्यक्रममा मात्रै मगरले आफ्नो पोशाक लगाउने गरेको पाईन्छ। यी विविधखाले मौलिक संस्कृतिको संरक्षण प्रवर्द्धन गर्दै पर्यटन बजारलाई आकर्षण गरी अत्यधिक लाभ लिन सक्ने प्रसस्त संभावना देखिन्छ।

## ख) थारु संस्कृति

गाउँपालिकाको पर्यटनका बहुआयामिक पक्षमध्ये मौलिक सँस्कृति प्रमुख रहेको छ । समाजशास्त्रीय दृष्टिकोण अनुसार सँस्कृतिको वृहत तथा व्यापक अर्थ र परिभाषा हुन्छ । समग्रमा मानिसको जीवनशैली, व्यवहार, चिन्तन, मूल्य, मान्यता परम्परा, विश्वास, कला, भाषा, चालचलन, धर्म आदि पक्षहरुको समिष्टिगत अवधारणा नै साँस्कृतिक पक्ष हो । तराईका दुई जिल्ला दाङ र कन्चनपुरमा बसोबास गर्दै आएका रैथाने थारु समुदाय मौलिक सँस्कृतिको दृष्टिले धनी छन् । थारु जातिको मौलिक र रैथाने जीवनशैली, ज्ञान र सीप रहेका छन् । यद्यपि, आधुनिक जीवनशैली र विभिन्न साँस्कृतिक समूहहरु सँगको सम्बन्ध र प्रभावले गर्दा उनीहरुको साँस्कृतिक मौलिकतामा केही क्षय हुन पुगेको देखिन्छ ।



भिन्नभिन्न ठाउँ र परिवेशबाट एउटै ठाउँमा बसोबासका लागि आएका समुदायका सँस्कृति, कला र चालचलनको अनुपम संगम थलोका रुपमा बबई विकास भएको छ । गाउँपालिकामा कुल जनसंख्याको ४.०७ प्रतिशत थारु जाति रहेका छन् । खासगरी रैथाने आदिवासी थारु समुदायको मौलिक सँस्कृति, चालचलन, भेषभूषा, भाषा, लवाइखवाइ बबई गाउँपालिकाको साँस्कृतिको सम्पदा बनेको छ । थारु समुदायका गाउँवस्तीमा प्राय: बढी जनघनत्व रहेको हुन्छ । यिनीहरु एक्लै बस्न रुचाउँदैनन् । गुज्मुज्ज परेको भूइतले घरहरु रहेको वस्तीलाई थारुसमुदायको वस्ती भनेर सहजै अनुमान गर्न सकिन्छ । थारु समुदायमा मुखिया, बडघर वा चौधरी प्रथा हालसम्म पनि कायम छ । थारु समुदायमा परिवार संख्या निकै ठूलो हुने गर्दछ । यद्यपी, आधुनिकतासँगै थारु समुदायमा पनि परिवार विखण्डन हुने क्रम बढ्दो छ । निकै ठूलो परिवार संख्या हुने भएकोले नै भुइँतले घर बनाउने प्रचलन रहेको मानिन्छ । थारुहरुले घर बनाउँदा उत्तर दक्षिण लामो पारेर बनाउने चलन छ । पूर्वको ढोकाबाट सूर्यको किरण राम्रोसित छिर्नसक्ने वा

घरभित्रैबाट घाम ताप्न मिल्ने गरी घर बनाउने गरिएको छ। खासगरी, उत्तरपूर्वको कोठामा देउता राख्नुपर्ने हुँदा थारुले एकै किसिमका घर बनाउनुपर्ने बाध्यता जस्तै रहेको छ।

थारुहरुको घरको भित्तामा कुशलतापूर्वक माटोबाट मयूर, फूल, घोडाघोडी, हात्ती आदि जीवजन्तुको चित्र बनाएको पाइन्छ। घरका भित्तामा बनाएको माटोको चित्रबाट थारु समुदायले आफ्नो परम्परागत कलाको संरक्षण गरेको मान्नुपर्दछ भने अर्कोतिर उनीहरु परापूर्वकालदेखि नै कलाकारितामा निपूण रहेको अनुमान गर्न सकिन्छ। लत्ताकपडा राख्नका लागि बनाइएका भौंका, सरसामान बोक्नलाई बनाइएका ढकिया आदि मौलिक हस्तकलाका द्योतक हुन्। घरमा कलात्मक झ्याल ढोका राख्ने चलनले उनीहरु काष्ठकलामा समेत निपूण रहेका छन्।


थारु समुदायको ऋतु अनुसारका नाचगान छन्। सजना, मैना, धमार, बडकीमार अथवा जन्माष्टमी र दशैंमा गाइने गीत, सखिया आदि थारु समुदायमा रहेका गीत-सँगीतका उत्कृष्ट नमूना हुन्।

थारु जातिको छुट्टै मौलिक पोशाक रहेको छ। थारु जातिका लोग्ने मान्छेले धोती-कमीज, भेगवा, चदरी, जामा काकासुती र टोपी लगाउँछन् भने महिलाले अंगिया, लेहंगा, गटिया र फरिया लगाउँछन्। तराइमा अन्य समुदायको बसोबास हुन थालेपछि भने थारु समुदायमा पनि आफ्नो मौलिक पोशाक लगाउने चलन विस्तारै कम हुँदै गएको पाइन्छ। चाडपर्व वा अन्य कुनै औपचारिक कार्यक्रममा मात्रै थारुले आफ्नो पोशाक लगाउने गरेको पाईन्छ।

थारु महिलाले टाउकोदेखि खुट्टासम्म गहना लगाउने चलन छ। निधारमा टिकुली र मगिया, नाकमा नथिया, नथुनी, बुलाकी र फेंफी, कानमा वीर, झिलमिलिया, लुर्की, कनबझवा, अइरम, टर्की, मरवारी र झुम्काझुम्की, घाँटीमा सिक्री, माला, गटैया, कनसेहरी टौंक, सुत्या, धुरुवा आदि लगाउने गर्छन्। थारु जातीमा पनि दंगहा र झटिया, कठरिया र राना थारु समुदायका महिलाले लगाउने पोशाक तथा गरगहनामा विविधता पाइन्छ।

थारु जातिमा अतिथिलाई अति नै आदर गर्ने चलन रहेको छ। घरमा कुनै अतिथिको आगमन हुँदा खाटमा कम्बल वा दरी ओछ्याएर सम्मान गर्ने र पानी खुवाउने चलन छ। खाना खुवाउँदा पनि माछा, मासु वा सिद्रा, नभए अण्डा दिएर सम्मान गर्ने चलन छ। पाहुनालाई विदाई गर्दा पनि गाउँको सिमानासम्म या कुनै नदी या खोला तराएर विदाइ गर्ने गर्छन्।

# खण्ड ३ : जनसाङ्खिक विवरण




नक्सा नं. ७: गाउँपालिकाको जनसंख्या विवरण

## ३.१ जनसंख्याको विवरण

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको वनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार बबई गाउँपालिकाको जनसंख्या २७,४६९ रहेको छ जस मध्ये पुरुष ४५.६१ प्रतिशत (१२,५२९ जना) र महिला ५४.३९ प्रतिशत (१४,९४० जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८३.८६ रहेको छ। जनघनत्व १०७ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ५४.२१ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३९.१७ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ६.६२ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार बबई गाउँपालिकामा ५,९४५ घरपरिवार रहेका छन्। जनगणना २०६८, बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ३.३२ प्रतिशत (९१३ जना) अपाङ्ग भएकाहरू रहेका छन्। जसमध्ये ४७० जना पुरुष र ४४३ जना महिला छन्। हाल यस गाउँपालिकामा प्रति परिवार औषत ४.६२ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

तालिका नं. ६ : जनसंख्याको विवरण

| विवरण | २०६८ |
|---|---|
| जम्मा जनसंख्या | २७,४६९ |
| पुरुष | १२,५२९ (४५.६१ प्रतिशत) |
| महिला | १४,९४० (५४.३९ प्रतिशत) |
| लैंगिक दर (प्रति सय महिलामा पुरुषको संख्या) | ८३.८६ |
| जम्मा घरधुरी | ५,९४५ |
| औषत परिवार आकार | ४.६२ |
| ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ६५.०३ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | १०७ |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*


## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण


तालिका नं. ७ : वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | ७४.५८ | ४.९७ | ८६० | ४,२७६ | २०६३ | २२१३ | ५७.३३ |
| २ | ४७.९ | ४.८५ | ७११ | ३,४५१ | १५६२ | १८८९ | ७२.०५ |
| ३ | १२.२३ | ४.५३ | ६२८ | २,८४६ | १२३३ | १६१३ | २३२.७१ |
| ४ | १५.७२ | ४.५१ | ८५० | ३,८३५ | १७१७ | २११८ | २४३.९६ |
| ५ | ३३.४५ | ४.६५ | १०७४ | ४,९९२ | २२६४ | २७२८ | १४९.२४ |
| ६ | ९.६५ | ४.२३ | ९९२ | ४,१९५ | १९०१ | २२९४ | ४३४.७२ |
| ७ | ६३.९४ | ४.६७ | ८३० | ३,८७४ | १७८९ | २०८५ | ६०.५९ |
| जम्मा | २०१.११ | ४.६२ | ५,९४५ | २७,४६९ | १२,५२९ | १४,९४० | १०६.६९ |


*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस बबई गाउँपालिकामा जम्मा ७ वडा पर्दछन् । यी वडाहरुमा तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं ५ रहेको छ जसमा जम्मा जनसंख्या ४,९९२ (पुरुष २२६४ जना र महिला २,७२८ जना) रहेको छ । यस वडाको औसत परिवार आकार ४.६५ र घरधुरी संख्या ५९४५ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या वडा नं. ३ मा रहेको छ जसको जनसंख्या २,८४६ (पुरुष १२३३ जना र महिला १६१३ जना) रहेको छ भने घरधुरी संख्या ६२८ र औसत परिवार संख्या ४.५३ रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।






नक्सा नं. ८: गाउँपालिकाको वडागत क्षेत्रफल विभाजन




**नक्सा नं. ९:** गाउँपालिकाको वडागत जनसंख्या विभाजन

## ३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण


वैवाहिक स्थिति भन्नाले विवाह गरेका, विवाह गरेर पनि सम्वन्ध विच्छेद भएका साथै श्रीमान वा श्रीमती गुमाएर एकल भई बसेको अवस्थालाई जनाउँछ। लैङ्गिक आधारमा समाजको वैवाहिक स्थिति असमान देखिन्छ। नेपाली समाजमा महिलाले श्रीमान्को मृत्यु भए पनि विवाह गर्नु हुँदैन भन्ने मान्यता र विधुवालाई हेरिने दृष्टिकोण रुढिवादी र परम्परागत रहेको छ। जसले गर्दा समाजमा बहुविवाह तथा विदुर र विधुवाको संख्यात्मक स्थिति असमान देखिन्छ। प्राचीन समयमा सती प्रथा प्रचलनमा रहेको थियो तर १९७७ मा चन्द्रशमशेरले कानूनीरुपमा कु-प्रथाको रुपमा रहेको सती प्रथाको अन्त्य गरी महिला माथिको अन्यायको जड उठाएका थिए। अझ पनि सती प्रथाको अन्त्य भएता पनि त्यसको अवशेष भई विधुवा महिलाको संख्या पुरुषको संख्या भन्दा दुई गुणा भन्दा बढी देखिन्छ। सामाजिकरुपमा महिला र पुरुषको वैवाहिक स्थिति असमान देखिन्छ यसको साथै यस स्थितिलाई नेपाली समाजमा रहेको पितृसत्तात्मक स्वरुपको प्रतिफल मान्न सकिन्छ। यस बबई गाउँपालिकाको वैवाहिक स्थितिको तल विवरणात्मक विश्लेषण गरिएको छ।

तालिका नं. ८ : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ३६५० | ४४४८ | ६३२ | ३४२ | ९० | २ | १४ | ९१७८ |
| महिला | ३३८९ | ७२०० | ३४१ | २८४ | ३३३ | १४ | २५ | ११५८६ |
| जम्मा | ७०३९ | ११६४८ | ९७३ | ६२६ | ४२३ | १६ | ३९ | २०७६४ |
| प्रतिशत | ३३.९० | ५६.१० | ४.६९ | ३.०१ | २.०४ | ०.०८ | ०.१९ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरसमूहको कुल जनसंख्या जम्मा २०,७६४ जना रहेको छ। जसमध्ये १३,७२५ विवाहित र ७,०३९ अविवाहित देखिन्छ। विवाहित जनसंख्याहरुमध्ये एक विवाह गर्नेको संख्या ११,६४८ जना (५६.१० प्रतिशत) र बहु विवाह गर्ने ९७३ जना (४.६९ प्रतिशत) रहेको छ। पुन: विवाह गर्ने ६२६ जना (३.०१ प्रतिशत), विधुवा/विधुर ४२३ जना (२.०४ प्रतिशत), पारपाचुके भएका १६ जना ( ०.०८ प्रतिशत) र छुट्टिएका ३९ जना (०.१९ प्रतिशत) रहेका छन्। गाउँपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा २७५२ (२३.६३ प्रतिशत) ले बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा २९१(२९.९१ प्रतिशत) ले बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्यूनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, २०२० (एघारौं संशोधन २०५८) ले विवाह गर्दा महिला र पुरुषको उमेर वीस वर्ष हुने कानूनी व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिवृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। यद्यपी अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच वृद्धि भई दुरुपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू पनि सुनिन्छ। प्रविधिको दुरुपयोग, अपरिपक्क निर्णयजस्ता कारणबाट बालविवाहमा बढोत्तरी भएको छ।

राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ। बबई गाउँपालिमा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण तल तालिकामा देखाइएको छ।


**तालिका नं. ९ : पहिलो विवाह गर्दाको उमेरको विवरण**

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १९ | २३८ | २७१२ | १८८५ | ५५३ | ८७ | २८ | ९ | ३ | ३ | ५,५३७ |
| महिला | ५६ | १२०२ | ५५३५ | १२३९ | १५० | २७ | ८ | २ | २ | ३ | ८,२२४ |
| जम्मा | ७५ | १,४४० | ८,२४७ | ३,१२४ | ७०३ | ११४ | ३६ | ११ | ५ | ६ | १३,७६१ |
| प्रतिशत | ०.५५ | १०.४६ | ५९.९३ | २२.७० | ५.११ | ०.८३ | ०.२६ | ०.०८ | ०.०४ | ०.०४ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

१० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। बबई गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ८,२४७ अर्थात् सबैभन्दा बढी (५९.९३ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या ३,१२४ (२२.७० प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या १,४४० (१०.४६ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ७५ (०.५५ प्रतिशत) रहेको देखिन्छ।

यस गाउँपालिकामा पछिल्लो अवस्थामा बाल विवाह कम हुँदै गएको पाईन्छ। १० वर्षको उमेरमा विवाह गर्ने प्रवृत्ति अहिले नियन्त्रण भएपनि पहिले विवाह गरेका केही व्यक्तिहरु ( प्राय : बृद्धबृद्धा) पनि समेटिएको तथ्यांकले देखाएको छ। यसलाई पूर्ण रुपमा नियन्त्रण गर्नको लागी उचित शिक्षा तथा चेतनामुलक कार्यक्रमको व्यवस्था गर्नुपर्ने देखिन्छ।



## ३.५ उमेर समूहअनुसार जनसंख्याको विवरण


तालिका नं. १० : उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | १४३८ | १४२९ | २,८६७ | १०.४४ | १.०१ |
| ५-९ | १९१३ | १९२५ | ३,८३८ | १३.९७ | ०.९९ |
| १०-१४ | २०४७ | २००७ | ४,०५४ | १४.७६ | १.०२ |
| १५-१९ | १३७७ | १८५० | ३,२२७ | ११.७५ | ०.७४ |
| २०-२४ | ८४० | १५२० | २,३६० | ८.५९ | ०.५५ |
| २५-२९ | ६९१ | १२२४ | १,९१५ | ६.९७ | ०.५६ |
| ३०-३४ | ६५८ | ९८८ | १,६४६ | ५.९९ | ०.६७ |
| ३५-३९ | ६१५ | ८५२ | १,४६७ | ५.३४ | ०.७२ |
| ४०-४४ | ६१६ | ७५४ | १,३७० | ४.९९ | ०.८२ |
| ४५-४९ | ५२४ | ५९१ | १,११५ | ४.०६ | ०.८९ |
| ५०-५४ | ४८८ | ५११ | ९९९ | ३.६४ | ०.९५ |
| ५५-५९ | ३९३ | ३९९ | ७९२ | २.८८ | ०.९८ |
| ६०-६४ | ३७० | ३९६ | ७६६ | २.७९ | ०.९३ |
| ६५-६९ | २७९ | २३६ | ५१५ | १.८७ | १.१८ |
| ७०-७४ | १५० | ११९ | २६९ | ०.९८ | १.२६ |
| ७५-७९ | ७२ | ७२ | १४४ | ०.५२ | १.०० |
| ८०-८४ | ३६ | ३९ | ७५ | ०.२७ | ०.९२ |
| ८५-८९ | १६ | १८ | ३४ | ०.१२ | ०.८९ |
| ९०-९४ | ४ | ५ | ९ | ०.०३ | ०.८० |
| ९५+ | २ | ५ | ७ | ०.०३ | ०.४० |
| जम्मा | **१२,५२९** | **१४,९४०** | **२७,४६९** | १००.०० | ०.८४ |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

राष्ट्रिय जनगणना, २०६८ अनुसार ०-१४ वर्ष उमेर समूहको संख्या १०,७५९ (३९.१७ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या ११,९८५ (४३.६३ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या १४,८९१ (५४.२१ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या १४,९४० (५४.३९ प्रतिशत) र पुरुषको जनसंख्या १२,५२९ (४५.७९ प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर ८.७८ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दा माथि उमेर समूहको संख्या १८१९ (६.६२ प्रतिशत) रहेको छ। तथ्याङ्कले गाउँपालिकामा मानव स्रोतको प्रशस्त मात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरुमा पनि यस गाउँपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।

उमेर समूहअनुसार जनसंख्याको विवरण





## ३.६ जातजाति समूहअनुसार जनसंख्याको विवरण

यस गाउँपालिका सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार दाङ जिल्लामा कुल ७३ किसिमका जातजातिको बसोबास रहेको छ भने ८ किसिमका मातृभाषा बोलिने गरिएको देखिन्छ। यसरी दाङ जिल्लामा अवस्थित बबई गाउँपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी क्षेत्री जाति १३,६०५ जना (४९.५३%), दोस्रोमा मगर ५,२०२ (१८.९४%) र तेस्रोमा कामी ३,३९३ (१२.३५%) रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ११ : बबई गाउँपालिकाको जनसंख्या र जातको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | १३,६०५ | ४९.५३ |
| २ | मगर | ५,२०२ | १८.९४ |
| ३ | कामी | ३,३९३ | १२.३५ |
| ४ | थारु | १,११८ | ४.०७ |
| ५ | ब्राम्हण पहाडी | १,०८२ | ३.९४ |
| ६ | सन्यासी/दशनामी | ७२३ | २.६३ |
| ७ | दमाई/ढोली | ७१० | २.५८ |
| ८ | सार्की | ४८१ | १.७५ |
| ९ | कुमाल | ३८२ | १.३९ |
| १० | अन्य | ७६९ | २.८ |
| ११ | उल्लेख नगरिएको | ४ | ०.०१ |
| जम्मा | | २७,४६९ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*




## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

नेपाल एक बहु-जाति, बहु-भाषा र बहु-साँस्कृतिक विशेषता बोकेको राष्ट्र हो । त्यसैले यहाँ जात भाषा र संस्कृतिमा विविधता पाईन्छ । नेपालको संविधानको भाग ३, धारा ३२ मा देहाय बमोजिम भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ ।

(१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।

(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।

(३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ ।


यसै अनुरुप यस गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। यहाँ विशेषत नेपाली, थारु, मगर लगायतका भाषा बोल्ने गरेको देखिन्छ । यसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १२ : मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत | क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | २५,८७९ | ९४.२१ | ७ | अन्य | ४४ | ०.१६ |
| २ | थारु | ९४४ | ३.४४ | ८ | उल्लेख नगरिएको | ५ | ०.०२ |
| ३ | मगर | ५९७ | २.१७ | | जम्मा | २७,४६९ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

यस गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाईन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा सबैभन्दा बढी नेपाली भाषा बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात २५,८७९ (९४.२१ प्रतिशत) रहेको देखिन्छ। दोस्रोमा थारु भाषा ९४४ (३.४४ प्रतिशत), तेस्रोमा मगर बोल्ने संख्या ५९७ (२.१७ प्रतिशत) रहेको पाइन्छ। यसैगरी अन्य भाषा बोल्नेहरुको संख्या ४४ (०.१६ प्रतिशत) रउल्लेख नगरिएको५ (०.०२ प्रतिशत) रहेका छन्। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी कामकाजको भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।




## क) आदिवासी

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ।

यस गाउँपालिकाको कुल जनसंख्या २७,४६९ मध्ये २३.४० प्रतिशत (६,४२९ जना) जनसंख्या आदिवासी (थारु, मगर, नेवार, गुरुङ, तामाङ, लिम्बु आदि) रहेको छ। जसमा सबैभन्दा बढी मगर जातिको संख्या ५,२०२ (१८.९४ प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ। यी जनजातीहरुको आधुनिकताको प्रभावको बीच आफ्नो मौलिक संस्कृतिलाई भने बचाई राखेको पाइन्छ। यी समुदायद्वारा बबई गाउँपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रुपमा हाल राष्ट्रको निर्णायक तहहरुमा केहि समेत सहभागिता देखिएको छ। यस गाउँपालिका भिषण मलेरियादेखि हिंस्रक जनावरहरूसँग सदियौ देखि संघर्ष गर्दै बबईको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको छ यद्यपी यो समुदाय सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत तुलनात्मक रुपमा केही पछाडी परेको देखिन्छ। बबई गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ। यस समुदायमाथि विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

### ख) सिमान्तकृत तथा उत्पीडित समुदाय

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघिय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ ।

जात जातिको हिसावले बबई गाउँपालिकामा तेस्रो ठुलो समुदायको रुपमा रहेको उत्पीडितहरूले लगभग १७.०५ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्राथमिक तथा माध्यामिक तहमा अध्ययनरत छात्र छात्राहरूको संख्या तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन सकेको पाइदैन। मुलुकी ऐन २०२० को कानूनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानूनी अपराधको रुपमा परिभाषित गरिएको ५ दशक भएपनि उत्पीडित र अपेक्षित समुदायले अद्यापि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। सरकारी र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल देखियो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिले मात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। बबईको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.८ धर्म अनुसार जनसंख्याको विवरण


नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ अझै विधिवतरुपमा नेपालको अन्तरिम संविधान २०६३, ले मिति २०६३ जेठ ४ पुर्नस्थापित संसदको ऐतिहासिक घोषणाले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रुपमा घोषणा गरेको छ । त्यस्तै नेपालको संविधान २०७२ को प्रस्तावनामा नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने उल्लेख गरिएको छ । फलस्वरुप नेपालमा धार्मिक स्वतन्त्रता र सौहार्दता रहेको पाईन्छ । यस गाउँपालिकाको धर्म अनुसारको जनसंख्याको वितरणलाई तल दिईएको छ ।

तालिका नं. १३ : धर्मअनुसार जनसंख्याको विवरण

| हिन्दु | क्रिश्चियन | बौद्ध | इस्लाम | प्रकृति | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| २६,४४३ | ६७६ | ३०३ | ३७ | १ | ९ | २७४६९ |
| ९६.२६ | २.४६ | १.१० | ०.१३ | ०.०० | ०.०३ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्या २७,४६९ जनाको लगभग ९६.२६ प्रतिशत (२६,४४३ जना) हिन्दु, २.४६ प्रतिशत (६७६ जना) क्रिश्चियन, १.१० प्रतिशत (३०३ जना) बौद्ध, ०.१३ प्रतिशत (३७ जना) इस्लाम, ०.०० प्रतिशत (१ जना) प्रकृति र सबैभन्दा कम प्रकृति धर्मावलम्बी १ जना रहेको पाईन्छ। माथिको तालिकामा बबई गाउँपालिकाको धर्मगत जनसंख्याको तथ्यांकलाई देखाइएको छ। यी विविध तथ्यबाट गाउँपालिकामा धार्मिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




यस गाउँपालिकामा पहाडी जिल्लाहरूबाट बसाइसराई गरी आएका वैदिक आर्यहरू, मधेसी मूलका मानिसहरु र यहाँका आदिवासी/जनजाति थारु समुदायका मानिसहरूको बाहुल्यता रहेको देखिन्छ। यस गाउँपालिकाका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई अपनाएको देखिन्छ। यद्यपि थारु समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ। पहाडी समुदायहरूबाट वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो। गाउँपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन्। जस्तै हिन्दूधर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी,

विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सक्रान्ती, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, कूल-थानी पूजा, ग्रामथान पूजा, आदि चाडपर्वहरु मानउँने गर्दछन् । बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरुले ईद, वकरईद, इदुलफितर आदि र क्रिश्चियनहरुले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन् । यस गाउँपालिकामा बसोबास गर्ने मानिससहरुको भेषभूषाको बारेमा चर्चा गर्दा चौधरी जातका महिलाहरुको पहिरन धोती, ब्लाउज, खड्गी र आँचरा हो भने अन्य महिलाको साडी, चोलो तथा पुरुषको धोती, कुर्ता, कमेज भएको पाइन्छ । पहाडे मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने मधेसी मूलका मानिसले कमेज, धोती आदि लगाउँछन् । तर आधुनिकताको समयको प्रभावसँगै सबै जातजातिका युवा, युवतीहरु क्रमश: पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन्। थारु समुदायका मानिसहरूले विहान-बेलुकी दुवै पटक भात नै मुख्य खानाको रुपमा खाने चलन छ भने माघी र होलीलाई मुख्य चाडपर्वको रुपमा मनाउने चलन छ। चाडपर्वमा माछा, मासुसँग जाँड, रक्सी पिउने र विभिन्न प्रकारका नाचगान गर्ने गरिन्छ। चामलको पिठोबाट बनाईने ढीकी यो समुदायको खानाको विशेष परिकार हो।


## ३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं. १४ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८५७ | १ | ० | २ | ८६० |
| २ | ६८३ | २५ | ० | ३ | ७११ |
| ३ | ५९६ | ३२ | ० | ० | ६२८ |
| ४ | ८२५ | २३ | ० | २ | ८५० |
| ५ | १०१५ | ३५ | ६ | १८ | १,०७४ |
| ६ | ९५३ | २६ | २ | ११ | ९९२ |
| ७ | ८०९ | १७ | २ | २ | ८३० |
| जम्मा | ५,७३८ | १५९ | १० | ३८ | ५,९४५ |
| प्रतिशत | ९६.५२ | २.६७ | ०.१७ | ०.६४ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा बबई गाउँपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाउँपालिकामा जम्मा ५,९४५ घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ५,७३८ (९६.५२ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या १५९ (२.६७ प्रतिशत रहेको देखिन्छ । त्यस्तै संस्थागत घरधुरी १० (०.१७ प्रतिशत) र अन्य घरधुरीको संख्या ३८ (०.६४ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. ५ मा निजी स्वामित्वमा रहेको घरधुरी संख्या (१०१५) सबैभन्दा बढी रहेको पाइन्छ । त्यसैगरी वडा नं. ३ मा सबैभन्दा कम (५९६) घरधुरी संख्या निजी स्वामित्वमा रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।





## ३.१० महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

तालिका नं. १५ : महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ५ | ८५४ | १ | ८६० |
| २ | २७ | ६७६ | ८ | ७११ |
| ३ | ४९ | ५७९ | ० | ६२८ |
| ४ | ४२ | ८०६ | २ | ८५० |
| ५ | २९ | १०४२ | ३ | १,०७४ |
| ६ | ५९ | ९२८ | ५ | ९९२ |
| ७ | ३८ | ७८९ | ३ | ८३० |
| जम्मा | २४९ | ५,६७४ | २२ | ५,९४५ |
| प्रतिशत | ४.१९ | ९५.४४ | ०.३७ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा बबई गाउँपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या २४९ (४.११ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ५,६७४ (९५.४४ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या २२ (०.३७ प्रतिशत) रहेको छ । तथ्यांक अनुसार यस गाउँपालिकामा अझै पनि महिलाको सामाजिक तथा आर्थिक सबलिकरण गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ । जस्को विस्तृत विवरण तालिकामा उल्लेख गरीएको छ ।





## ३.११ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

तालिका नं. १६ : महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ९ | ८५० | १ | ८६० |
| २ | ८६ | ६१७ | ८ | ७११ |
| ३ | १३४ | ४९४ | ० | ६२८ |
| ४ | १३८ | ७१० | २ | ८५० |
| ५ | ८८ | ९८३ | ३ | १,०७४ |
| ६ | १५६ | ८३१ | ५ | ९९२ |
| ७ | ८९ | ७३८ | ३ | ८३० |
| जम्मा | ७०० | ५,२२३ | २२ | ५,९४५ |
| प्रतिशत | ११.७७ | ८७.८६ | ०.३७ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

यस बबई गाउँपालिकामा जग्गामा महिलाको स्वामित्व भएको विवरण अनुसार जग्गामा स्वामित्व भएको महिलाको घरधुरी संख्या ७०० (११.७७ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या ५,२२३( ८७.८६ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१२ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण


तालिका नं. १७ : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | काठ/फल्याक | बाँसजन्य सामग्री | काँचो ईंटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३६७ | २ | ४८५ | ३ | २ | ० | १ | ८६० |
| २ | ६४२ | ० | ० | ० | ४९ | ० | २० | ७११ |
| ३ | ६१२ | १० | ० | ० | ३ | ० | ३ | ६२८ |
| ४ | ४५५ | ५६ | १२ | १ | २० | ३०२ | ४ | ८५० |
| ५ | ४७१ | २८ | १५१ | ५ | २७१ | १४१ | ७ | १,०७४ |
| ६ | ५४७ | २१ | ४ | ४ | ३९५ | १६ | ५ | ९९२ |
| ७ | ४७६ | ६ | ४२ | १ | २८४ | १५ | ६ | ८३० |
| जम्मा | ३,५७० | १२३ | ६९४ | १४ | १,०२४ | ४७४ | ४६ | ५,९४५ |
| प्रतिशत | ६०.०५ | २.०७ | ११.६७ | ०.२४ | १७.२२ | ७.९७ | ०.७७ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस बबई गाउँपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमामाटोको जोडाइ भएको ईँटा तथा ढुङ्गाबाट बनेको सबैभन्दा धेरै घरधुरी संख्या ३,५७० (६०.०५ प्रतिशत) छ भने सबैभन्दा कम बाँसजन्य सामाग्रीबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या १४ (०.२४ प्रतिशत) रहेको छ । यसैगरी काँचो ईँटाबाट बाहिरी गारो भएको घरधुरी संख्या १,०२४ (१७.२२ प्रतिशत), काठ तथा फल्याकबाट बनेको बाहिरी गारोको घरधुरी संख्या ६९४ (११.६७ प्रतिशत) रहेको छ भने अन्य ४७४ (७.९७ प्रतिशत) र उल्लेख

नगरिएको ४६ (०.७७ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ। त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने सबैभन्दा बढी माटोको जोडाइ भएको ईँटा तथा ढुङ्गाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ६४२ वडा नं. २ मा रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं. १ मा जम्मा ३६७ घरधुरी संख्या रहेको पाईयो। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ३.१३ छानाको आधारमा घरको बनोटको विवरण

तालिका नं. १८ : छानाको आधारमा घरको बनोटको विवरण

| वडा | खर/पराल/छ्वाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिँगटी/ढुङ्गा | सिमेन्ट/ढलान | काठ/फल्याक | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८०० | २२ | ३३ | ० | १ | ० | ४ | ८६० |
| २ | २१४ | १२१ | ३६० | ० | ० | ० | १६ | ७११ |
| ३ | १५६ | २०२ | २६४ | २ | ० | ० | ४ | ६२८ |
| ४ | १९८ | १८५ | ४४१ | १९ | १ | २ | ४ | ८५० |
| ५ | ३२० | १२० | ६०८ | १३ | ४ | १ | ८ | १,०७४ |
| ६ | ७९ | २६३ | ६२५ | १३ | ५ | १ | ६ | ९९२ |
| ७ | २७८ | १९१ | ३४९ | ३ | २ | १ | ६ | ८३० |
| जम्मा | २,०४५ | १,१०४ | २,६८० | ५० | १३ | ५ | ४८ | ५,९४५ |
| प्रतिशत | ३४.४० | १८.५७ | ४५.०८ | ०.८४ | ०.२२ | ०.०८ | ०.८१ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस बबई गाउँपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरको संख्या सबैभन्दा धेरै २,६८० (४५.०८ प्रतिशत) रहेको छ भने सबैभन्दा थोरै काठ तथा फल्याकको छाना रहेको घरधुरी संख्या १३ (०.२२ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमाखर/पराल/छ्वालीको छाना रहेको घरधुरी २,०४५ (३४.४० प्रतिशत), जस्ता, टिन तथा च्यादरको छाना भएको घरधुरी १,१०४ (१८.५७ प्रतिशत) र सिमेन्ट तथा ढलानको छाना रहेको घरधुरी ५० (०.८४ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा दिइएको छ।





## ३.१४ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. १९ : जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | ढलान पिल्लर सहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ३५३ | ० | ० | ५०६ | ० | १ | ८६० |
| २ | ६९४ | ० | ० | २ | ० | १५ | ७११ |
| ३ | ६२२ | ४ | ० | ० | ० | २ | ६२८ |
| ४ | ५०९ | ९ | १२ | ४ | ३१२ | ४ | ८५० |
| ५ | ६३५ | १५ | ९ | १४४ | २६४ | ७ | १,०७४ |
| ६ | ९५९ | ३ | ९ | ५ | ११ | ५ | ९९२ |
| ७ | ७६८ | ४ | ० | ४४ | ८ | ६ | ८३० |
| जम्मा | ४,५४० | ३५ | ३० | ७०५ | ५९५ | ४० | ५,९४५ |
| प्रतिशत | ७६.३७ | ०.५९ | ०.५० | ११.८६ | १०.०१ | ०.६७ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*


बबई गाउँपालिकामा परिवारले प्रयोग गरेको माटाको जोडाइ भएको ईँटा तथा ढुंगाका भएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ४,५४० (७६.३७ प्रतिशत) छन् भने काठको खम्बा गाडेको जग भएको ७०५ (११.८६ प्रतिशत), सिमेन्टको जोडाइ भएको ईँटा तथा ढुंगाबाट बनेको घरको जग भएका घरधुरी ३५ (०.५९ प्रतिशत) र सबैभन्दा कम ढलान पिल्लरसहितको जग भएको घरको संख्या ३० (०.५० प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१५ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ । पहाडि जिल्लाहरुमा बसाई सराईको इतिहास वि.सं. २०१९ साल देखि प्रारम्भ भएको मान्न सकिन्छ। यस बबई गाउँपालिकामा छिमेकी गाउँपालिका एवं जिल्लाबाट बसाई सराई गर्ने क्रम तिब्र रुपमा बढीरहेको देखिन्छ । विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाई सरी आउनुका विभिन्न कारणहरु छन् । तिमध्ये पाँच मुख्य कारण आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक र व्यवसाय हुन् । यस गाउँपालिकामा मलिलो माटो र सुगम गाउँपालिका भएकोले खेति, व्यापार, शिक्षा र स्वास्थ्य जस्ता सुविधाहरू पहाडको तुलनामा सुलभ र सस्तो हुनाले समेत विशेषत: छिमेकी पहाडी जिल्लाका साथै बाहिरी जिल्लाहरूबाट समेत बसाइसराई तिब्र भएको पाइएको छ। गाउँपालिकाको जनसंख्या वृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ।

बेरोजगारीको समस्या गाउँपालिकाको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत गाउँपालिकाबाट बढ्न थालेको छ। नेपालसंगको खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने र निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या निकै ठुलो रहने गरेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा गाउँपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ।




नक्सा नं. १०: गाउँपालिकामा बसोबासको अवस्था

## ३.१६ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न निश्चित कानूनी प्रकृयाहरु पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रावधानहरु रहेका हुन्छन्। जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता गर्नु पर्ने हुन्छ। जसको कानूनी प्रमाणपत्र सरकारले उपलब्ध गराउँछ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। यसबाट राष्ट्रिय तथ्याङ्क निर्माण गर्ने विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा व्यक्तिगत घटना दर्ता गर्न जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ। यसैगरी आ.व. २०७३/७४ को व्यक्तिगत घटना दर्ताको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. २० : व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण

| वडा नं. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | सम्बन्ध बिच्छेद | बसाई-सराई दर्ता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | | | दर्ता संख्या | आएको सदस्य | गएको सदस्य |
| १ | | | | | | | | | | | |
| २ | २४७ | १७० | ७७ | २८ | १४ | १४ | ७८ | | २१ | १२ | ९ |
| ३ | ५० | २७ | २३ | २० | ११ | ९ | ४६ | ६ | २२ | ८ | १४ |
| ४ | २३४ | १२८ | १०६ | २१ | १२ | ९ | ६८ | १ | ३० | २० | १० |
| ५ | ३५६ | २०० | १५६ | २० | ११ | ९ | ११० | १ | ३४ | २० | १४ |
| ६ | २४५ | १२६ | ११९ | २४ | १० | १४ | ८० | १ | ३२ | ७ | २५ |
| ७ | १७९ | ९२ | ८७ | २१ | ११ | १० | ६० | १ | २९ | ७ | २२ |

*स्रोत : वडा कार्यालयहरु, २०७५*

## ३.१७ स्थानीय तहको निर्वाचनमा मतदाता सम्बन्धी विवरण

७ वटा वडामा विभाजित यस बबई गाउँपालिकामा १० मतदान केन्द्रहरु रहेका छन्। प्रजातान्त्रिक प्रणालीमा मतदानको अधिकारलाई सबैभन्दा ठूलो अधिकार मानिन्छ। प्रजातन्त्रमा जनता नै सर्वोपरी हुन्। नेपालको संविधानमा जनताद्वारा जनताका लागि जनताकै निम्ति प्रतिनिधि चयन गर्ने जनतालाई स्वतन्त्र अधिकार प्रदान गरिएको छ। मतदान, विचार प्रकट गर्ने एउटा विधि पनि हो, जसद्वारा जनतालाई राम्रो विचार चयन गर्ने अवसर प्राप्त हुन्छ। मतदानको व्यवस्थाद्वारा कुनै वर्ग या समाजका प्रतिनिधी वा राज्यको सांसद /विधानसभा अथवा स्थानीय सरकारमा आफ्नो प्रतिनिधि चयन गर्ने र निर्वाचनमा आफ्नो मत जाहेर गर्ने गरिन्छ।

मतदानद्वारा राज्य वा राष्ट्रको भविष्य उज्जवल बनाउन सही प्रतिनिधिको चयन हुन्छ। राष्ट्रको भविष्य उज्जवल बनाउनका निम्ति यसका अगुवा सही हुनुपर्छ। नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो तसर्थ सही जनप्रतिनिधिका निम्ति मतदानको प्रतिशत अधिक हुन अथवा सत प्रतिशत मतदान हुने वातावरण बन्दा निर्वाचनमा सम्पूर्ण मतदाताहरुको पूर्ण सहभगिताले गणतन्त्रात्मक राज्य व्यवस्थालाई सुदृढ बनाउँछ। बबई गाउँपालिकामा स्थानीय तह निर्वाचन, २०७४ साल भाद्र ५ गते सम्म १८ वर्ष पुरा भएका अन्तिम मतदाता संख्याको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. २१ : बबई गाउँपालिकाको मतदाता र मतदान केन्द्रको विवरण

| क्र.सं. | वडा नं | मतदान केन्द्र | मतदाता संख्या | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| १ | १ | श्री सरस्वती जनता मा.वि., गँगटे | १००५ | ८५९ | १८६४ |
| २ | २ | ने.रा.प्रा.वि. सितापुर | १२१० | ११९३ | २४०३ |
| ३ | ३ | जनता मा.वि., हंसपुर | १००४ | १०६३ | २०६७ |
| ४ | ४ | जनश्रम आ.वि., हस्तनापुर | १४४५ | १४६४ | २९०९ |
| ५ | ५ | जनकल्याण मा.वि., पदमपुर | ७३७ | ७६९ | १५०६ |
| ६ | | जनता आ.वि., बबरपुर | ९८१ | ७०८ | १६८९ |
| ७ | ६ | भानुभक्त मा.वि., कौशिलापुर | ६२५ | ७१२ | १३३७ |
| ८ | | शुधा शाह नि.मा.वि., कटकुइया | ७१९ | ८११ | १५३० |
| ९ | ७ | देउती मा.वि., तल्लो मलैखोला | २२७ | २०५ | ४३२ |
| १० | | सरस्वती मा.वि., चरकमटिया | १०७४ | ११४० | २२१४ |
| जम्मा | | | ९,०२७ | ८,९२४ | १७,९५१ |

*स्रोत : निर्वाचन आयोग, २०७४*

यस गाउँपालिकामा २०७४ भाद्र ५ गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या १७,९५१ रहेका छन्। जहाँ पुरुषको संख्या ९,०२७ जना र महिलाको संख्या ८,९२४ जना रहेको छ।

# खण्ड ४ : भू-उपयोग


## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण


तालिका नं. २२ : भू-उपयोग विश्लेषण २०७४

| विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| वनजंगल | १९५.१३ | ७५.७९ |
| खेती योग्य जमिन | ३४.८४ | १३.५३ |
| झाडी | ९.३७ | ३.६४ |
| बालुवा | ११.२९ | ४.३८ |
| चरन | ४.१९ | १.६३ |
| खोला, नदी, पोखरी आदी | २.३७ | ०.९२ |
| अन्य | ०.२५ | ०.१० |
| कुल क्षेत्रफल | २५७.४७ | १००.०० |

*स्रोत :नापी विभाग, २०७४*

बबई गाउँपालिकाको विद्यमान भू-उपयोग हेर्दा गाउँपालिकाको ७५.७९ प्रतिशत (१९५.१३ वर्ग कि.मी.) वनजंगलले ढाकेको छ भने १३.५३ प्रतिशत (३४.८४ वर्ग कि.मि.) खेतीयोग्य जमिनको रुपमा रहेको छ। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ। गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै झाँडी क्षेत्र गाउँपालिकाको ३.६४ प्रतिशत (९.३७ वर्ग कि.मी.) भूभागमा फैलिएको पाइन्छ भने बालुवा ४.३८ प्रतिशत ( ११.२९ वर्ग कि.मी.) भूभागमा रहेको देखिन्छ। यसैगरी चरन क्षेत्रले करिव १.६३ प्रतिशत (४.१९ वर्ग कि.मि.) जग्गा ओगटेको छ, ०.९२ प्रतिशत (२.३७ वर्ग कि.मी.) भूभाग नदी, खोला तथा पोखरीले भरिएको छ भने अन्यले ०.१० प्रतिशत (०.२५ वर्ग कि.मी) जमिन ओगटेको छ। गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरु अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।






**नक्सा नं. ११:** गाउँपालिकाको भू-उपयोग

## ४.२ मुख्य बस्ती सम्बन्धी विवरण

तालिका नं. २३ : मुख्य बस्ती सम्बन्धी विवरण

| क्र.सं. | वडा नं. | मुख्य बस्ती/गाउँ/टोलको नाम |
|---|---|---|
| १ | १ | गंगटे, मदाने, मलै कप्ताने, व्युरेनी, विष्टाचौर, बन्चरे, सिमलकुना |
| २ | २ | सितापुर, रातमाटा(तल्लो), बगाले |
| ३ | ३ | मिलनचोक पतेरी, रामपुर, रातमाटा, धुनेवास, हंशपुर |
| ४ | ४ | सुन्दरखाल, अमर टोल, हापुर, हस्तनापुर, कञ्चनपुर , गैरीगाउँ |
| ५ | ५ | हापुरे बजार, बगरपुर, पुर्व हापुरे |
| ६ | ६ | खिलतपुर, कोशिलापुर, कट्कुया, सुनपुर, बेलभोर |
| ७ | ७ | मठेउरी, मठेउरा, झारगजेरी, कृष्णपुर, बिमलकुना, ढोलपुर, मलेखोला, मलेखोला |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*



गंगटे

## ४.३ क्रमिक बिकास भैरहेको बस्तीहरुको वर्तमान स्वरुप

बबई गाउँपालिकालाई राजमार्ग तथा अन्य स्थानिय सडकहरु संचालनमा रहेका देखिन्छन्। अझै पनि गाउँपालिकाका सबै स्थानहरुमा नियमित रुपमा सञ्चालन हुने सडक बन्न सकेको छैन। बबई गाउँपालिकामा बसोबास गर्ने मानिसले कृषि क्षेत्रलाई नै प्रमुख आयस्रोतको रुपमा प्रयोग गर्ने भएकाले दिनहुँ धेरै समय खेतबारीमा विताउने गरेको पाइन्छ। यसका अतिरिक्त बबई गाउँपालिकाले गाउँपालिका विकासका लागि योजना तयार गर्नको लागी यहाँका राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, टोल विकास संस्थाहरु, वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली (Planning) आदिलाई समावेश गरी बढी भन्दा बढी छलफल गरी योजना तर्जुमा गर्नुपर्ने देखिन्छ। गाउँपालिकामा सरसफाई अभियानहरु लागु गरि स्वच्छ प्राकृतिक वातावरणको निर्माण गर्नुपर्ने देखिन्छ। गाउँपालिकाको सबै घरहरुमा शौचालय को व्यवस्था हुनुपर्ने र शुद्ध र सफा खानेपानी को व्यवस्थापन गर्ने अभियान लागु गर्नु पर्ने देखिन्छ।

## ४.४ भवन तथा घर सम्बन्धी विवरण

तालिका नं. २४ : भवन तथा घर सम्बन्धी विवरण

| घर वर्गीकरण | अनुमानित संख्या | बहालमा भएको संख्या | औसत बहाल दर |
|---|---|---|---|
| व्यापारिक प्रयोजनका लागि निर्मित भवन/घरहरु *(नोटः व्यापारिक कम्प्लेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्याम्पस आदि)* | १२० | ४२ | ८००-२००० |
| औद्योगिक प्रयोजनका भवन/घरहरु | ७ | ३ | ३००० |
| आवासीय भवन/घरहरु | २२३९ | १८० कोठा | |
| कच्ची घरहरु (कच्ची जोडाई तथा छाना) | ५१४० | ५० | ५०० प्रति कोठा |
| अर्ध कच्ची घरहरु (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका) | ३७३६ | ११० | ८०० प्रति कोठा |
| पिलर सिस्टम नभएको पक्कि घर *(Without RCC Frame Structure)* | १४०७ | १२० | १०००-१५०० प्रति कोठा |
| पिलर सिस्टम भएको पक्कि घर *(With RCC Frame Structure)* | ७८० | २२ | १५०० |

*स्रोत: सम्बन्धित वडा कार्यालयहरु, २०७५*

## ४.५ बस्ती विकासमा देखिएका चुनौतीहरू

क्रमिक विकास भैरहेको ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकिरहेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग, विकासका सरोकारवाला निकाय अनुगमन गर्ने जिम्वेवारी पाएका निकाएहरु विच समन्वय हुनु सकेको छैन।

## ४.६ भू-क्षय सम्भावित क्षेत्र

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। मानिसको अत्यधिक बसाई सराईका कारणबाट गाउँपालिका क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रवृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तुको अत्यधिक निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलत: गाउँपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ। मुलत: गाउँपालिकाहरु वर्षायाममा बढी डुबान हुने क्षेत्र हुन्। यसक्रमलाई रोक्नको लागि ढल निकासको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट जोगाउने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।



तालिका नं. २५ : जलाधार क्षेत्र र भू-क्षयको सम्भाव्यता क्षेत्रफलको विवरण

| क्र.सं. | उपजलाधारको नाम | साविकका गाविस | भू-क्षयको सम्भाव्यता क्षेत्रफल (हेक्टर) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | न्यून | मध्यम | धेरै | ज्यादै धेरै | जम्मा |
| १ | च्याटी खोला | पंचकुले | ६३ | २०४ | १२९१ | ० | १५५८ |
| | | पूरन्धारा | १४१ | ४०९ | ४२५ | ० | ९७५ |
| | | जम्मा | २०४ | ६१३ | १७१६ | ० | २५३३ |
| २ | कृष्णपुर | पंचकुले | ६३ | १४४६ | २२० | ० | १७२९ |
| | | पूरन्धारा | ० | ६१० | ११० | ० | ७२० |
| | | जम्मा | ६३ | २०५६ | ३३० | ० | २४४९ |
| ३ | मलै खोला | पंचकुले | २६२ | १७३ | ० | ० | ४३५ |
| | | पूरन्धारा | ९०७ | ६९३ | १५७ | ० | १७५७ |
| | | जम्मा | ११६९ | ८६६ | १५७ | ० | २१९२ |
| ४ | काला खोला | पूरन्धारा | ० | २६५५ | ३३० | ० | २९८५ |
| ५ | रामपुर | पूरन्धारा | ११० | १५७२ | ० | १८९ | १८७१ |
| ६ | ट्वाङ खोला | पूरन्धारा | १२०२ | १८०४ | ९७२ | ० | ३९७८ |
| ७ | कल्लेरी खोला | पूरन्धारा | | | | | |
| | | कुल जम्मा | २७४८ | ९५६६ | ३५०५ | १८९ | १६००८ |

*स्रोत: दाङ जिल्ला पार्श्वचित्र, २०७१*

## ४.७ गाउँपालिकामा दैवीप्रकोपको संवेदनशीलता विवरण

तालिका नं. २६ : गाउँपालिकामा दैवीप्रकोपको संवेदनशीलता विवरण

| क.सं. | साविकका गासि | जोखिमका तह | | |
|---|---|---|---|---|
| | | बाढी | महामारी | पहिरो |
| १ | पन्चकुले | $P_1$ | $P_2$ | $P_2$ |
| २ | पुरन्धारा | $P_2$ | $P_2$ | $P_2$ |

*नोटः $P_1$, $P_2$ र $P_3$ ले जोखिमको तहको क्रमलाई क्रमश सबै भन्दा बढी, मध्यम र कम भन्ने जनाउँछ । अर्थात, $P_1$ भन्नाले सबैभन्दा बढी, $P_2$ भन्नाले मध्यम र $P_3$ भन्नाले कम भन्ने हो ।*

*स्रोतः जिल्ला प्रशासन कार्यालय, दाङ २०७३*

## ४.८ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २७ : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क.सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | गाउँपालिकामा विशेषतः साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याइरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी/डढेलो | गाउँपालिकाको वनजंगल क्षेत्र र वस्तीहरुमा विपन्न समुदायका घरहरुमा रहेका, सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्चात प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | जंगली जनावर आतंक | गाउँपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ७ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार-भदौ |
| ८ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ९ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोतः जिल्ला समन्वय समिति, दाङ २०७३*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ गाउँपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरुप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, व्यापार, उद्योग, थोक तथा खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल जमिन भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको भित्री मधेस भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। गाउँपालिकाका सबै वडाहरुमा सडक सञ्जालका कारण गाउँपालिकाका सबै वडा तथा जिल्लाभित्रका सबै गाउँपालिकाहरूमा पहुँच सहज बनाएको छ। कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता अन्य उद्योगधन्दाको साथै सूचना प्रविधिमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ। त्यसैगरी गाउँपालिकामा रहेका तालहरु सहितको सीमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले गाउँपालिकाको विकासमा थप संभावना बोकेका छन्। मील, फर्निचर, उद्योग, धागोको उद्योग, ऋसर उद्योग, कुखुरा पालन, आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन्। यस गाउँपालिकाका मानिसहरु क्रमश साना तथा ठूला उद्योगहरुको विकास तर्फ लागिरहेका छन्। यस गाउँपालिकाको मुख्य आधारहरु व्यापार, नोकरी र वैदेशिक रोजगार रहेको देखिन्छ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २८ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | पूरुष | महिला | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| २७,४६९ | ६,२०२(४१.६५%) | ८,६८९ (५८.३५ % ) | १४,८९१ (५४.२१%) |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

गाउँपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ६,२०२ (४१.६५ प्रतिशत) र महिलाको संख्या ८,६८९ (५८.३५ प्रतिशत) देखिन्छ भने गाउँपालिकाको कुल जनसंख्याको १४,८९१ अर्थात् ५४.२१ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा परनिर्भर जनसंख्या ४५.७९ प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं. २९ : आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्धबृद्धाहरू (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | १०,७५९ | ८५.५४ | १८१९ | १४.४६ | १२,५७८ | ४५.७९ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

गाउँपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या १०,७५९ (८५.५४ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या १८१९ (१४.४६ प्रतिशत) देखिन्छ। कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या १२,५७८ (४५.७९ प्रतिशत) देखिन्छ। जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ।

## ५.४ कृषि

देशमा भौगोलिक विविधताले उपलब्ध गराएको अवसर, कृषकहरुको लामो समय देखिको विशिष्ट अनुभव र आधुनिक कृषि प्रविधिको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सूरक्षा कायम गर्न सकिने सम्भावना रहेको औंल्याँइएको छ। तथापि कृषि उर्वर भूमिको अवैज्ञानिक प्रयोग, प्राकृतिक प्रकोपहरुको भूमिमा पर्ने असरहरु, कृषि श्रम र सिप हुनेहरुमा कृषि योग्य भूमिको पहुँच नहुनु र पहुँच हुनेहरुले भूमिको प्रयोग गर्न नसक्नु, कृषि क्षेत्रको विकासका लागि आवस्यक भौतिक पूर्वाधारको व्यवस्था हुन नसक्नु नेपालमा कृषि क्षेत्रका मुख्य समस्या र चुनौती रहेको राष्ट्रिय कृषि नीति २०६१ को पृष्ठभूमि मै स्पष्ट उल्लेख गरिएको छ। यो समग्र राष्ट्रको कृषि क्षेत्रको आम समस्या भएकोले यस बबई गाउँपालिकाको हकमा समेत लागु हुन्छ।

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ। ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य, सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीय स्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि विकास मन्त्रालय र सहकारी तथा गरिवी निवारण मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ। नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन्। वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन्। कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ।

गाउँपालिकाको ठूलो क्षेत्रफल जंगलले भरिएको हुँदा १३.५३ प्रतिशत अर्थात ३४.८४ वर्ग कि.मि भूभाग कृषिको लागि उपयुक्त रहेको छ। सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा रहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ।

### ५.४.१ बाली सम्बन्धी विवरण

#### (क) हिउँदे बाली

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा जौ, गहुँ, उखु, मसुरो, चना, अरहर, मास, गहत, भटमास, तोरी, तिल, आलस आदि हुन भने केरा, आलु, मसला बाली रहेका छन् ।

#### (ख) वर्षे बाली

गाउँपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, दलहन, भटमास, मास, आलु, फलफूल, कागती, निबुवा, ओखर, केरा, मसला वाली, अदुवा आदि छन् ।

### ५.४.२ कृषि बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाँठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटब्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् ।

तालिका नं. ३० : विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाष्ट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाँठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटब्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप, खैरो |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, दाङ*

### ५.४.३ कृषि पकेट क्षेत्रको विवरण

तालिका नं. ३१ : कृषि पकेट क्षेत्रको विवरण

| क्र. सं. | व्यवसायिक पकेट क्षेत्र | पकेट बाली | ठेगाना (वडा नं. सहित) |
|---|---|---|---|
| १ | रामपुर | अदुवा | २ |
| २ | बाहुनडाँडा कालामाटा | मकै र तोरी | २ |
| ३ | पतेरी घट्टेखोला, कपरेल, सुपारे | अदुवा, तोरी, मकै | ३ |
| ४ | बबरपुर | | ५ |
| ५ | चिसापानी | तरकारी | ६ |
| ६ | बेलभार | तरकारी | ६ |

*स्रोतः सम्बन्धित वडा कार्यालय, २०७५*

### ५.४.४ आधुनिक कृषि फार्महरुको विवरण

तालिका नं. ३२ : आधुनिक कृषि फार्महरुको विवरण

| कृषि फार्मको नाम | फार्मको ठेगाना/वडा नं. | सञ्चालकको नाम र ठेगाना | किसिम | वार्षिक उत्पादन | | | रोजगारी | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वस्तु | इकाई | परिमाण | महिला | पुरुष |
| धनुवास सचेतना कृ. स. | वडा नं. ३ | चुर्ण ब.राना | फलफुल, तरकारी | | | ५०००० | १ | १ |
| श्री मष्टा देवता कृ.स. | वडा नं. ३ | वेद कु. के.सी. | विज, तरकारी | | | ६००० | १ | १ |
| कर्णाली दुग्ध तथा वहुउद्देश्य कृषि फर्म | वडा नं. ४ | देविलाल बुढा | कुखुरा | कुखुरा | गोटा | १२०० | १ | २ |
| जी बहु कृषि तथा पशु फर्म | वडा नं. ४ | प्रताप घर्ती | | | | २२०० | २ | २ |
| लक्ष्मी पोल्ट्री फर्म | वडा नं. ४ | लक्ष्मी बुढा | | | | ६००० | | |
| सामुदायिक बाखा पालन स्रोत विकास केन्द्र | बबई ७, कृष्णपुर | कुल बहादुर घर्ती | पशु | | वटा | १५०० | | |
| पञ्चकुले बाखा फार्म | बबई ७, कृष्णपुर | कुल बहादुर घर्ती | पशु | | वटा | ४२ | | |

*स्रोतः सम्बन्धित वडा कार्यालय, २०७५*

### ५.४.५ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ । गाउँपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका विभिन्न ढाँचाहरु अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देखिन्छ । गाउँपालिकामा विभिन्न बजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ ।

### ५.४.६ जग्गाको उर्वराशक्ति

गाउँपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ । विगतमा बबई गाउँपालिकामा रहेका उर्वरा क्षेत्र क्रमश हाल बस्ती विस्तारको प्रभावसंगै उर्वरभूमि साँगुरिदै गएको देखिन्छ । गाउँपालिकाको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।

## ५.५ सिंचाइ

गाउँपालिकामा सतह एवं भूमिगत जल सिंचाईको स्रोत पर्याप्त मात्रामा रहेको छ। कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुर्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त वृद्धि हुने देखिन्छ।

**भूमिगत सिंचाई :** गाउँपालिकामा भूमिगत रुपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनीको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

यस गाउँपालिकामा २०६८ सम्ममा सम्पन्न भएका सिंचाई आयोजनाहरुको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ३३ : विद्युत सिंचाई र वैकल्पिक ऊर्जाको विवरण

| क्र.सं. | योजनाको नाम | स्थान | सिंचित क्षेत्र (हे.) |
|---|---|---|---|
| (क) नेपाल सरकार र विश्व बैंक | | | |
| १ | सालघारी सिंचाई आयोजना/परियोजना | पंचकुले + बाघमारे | २०० |
| २ | च्याटीखोला सिंचाई परियोजना | पुरन्धारा | १३० |
| | जम्मा | | ३३० |
| (ख) नेपाल सरकार/यू.एस.एड.मा सम्पन्न आयोजनाहरु | | | |
| १ | वेलघारी सिंचाई आयोजना | पञ्चकुले | ३४० |
| | **कुल जम्मा** | | **६७०** |

*स्रोत: म.प.सिंचाई विकास डिभिजन नं.१, तुलसीपुर, दाङ २०७२/०७३*

## ५.६ पशुपालन



गाउँपालिकामा विशेषगरी गाई, भैंसी, बाखा, सुँगुर मुख्य घरपालुवा जनावर हुन्। यसबाट गाउँपालिकाबासीहरुको जीविकोपार्जन भइरहेको छ । पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ केही डेरी उद्योग, गाई, भैसी, कुखुरा फार्महरु लगायतका कृषिजन्य उद्योगहरु रहेका छन् । त्यस्तैगरि गाउँपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ तर गाउँको पंचकुलेमा एक वटा पशु सेवा उपकेन्द्र रहेको देखिन्छ ।

### ५.६.१ वडा अनुसार पशु धन तथा सोबाट हुने उत्पादनको अवस्थासम्बन्धी विवरण

तालिका नं. ३४ : वडा अनुसार पशु धन तथा सोबाट हुने उत्पादनको अवस्थासम्बन्धी विवरण

| वडा नं. | क्र.सं. | किसिम | संख्या | | | उत्पादन | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा नं. १ | १ | पशुधन | स्थानीय | उन्नत | जम्मा | दुध लि. | मासु केजी | उन केजी |
| | क | गाई/गोरु | १६८० | - | १६८० | १००० | - | - |
| | ख | भैसी/राँगो | २० | - | २० | ८०० | ९०० | - |
| | ग | बोका/खसी/बाखा | १४०७ | - | १४०७ | - | २०००० | - |
| | घ | भेडा/च्यांग्राा | ८० | - | ८० | - | ७०० | - |
| | ङ | सुँगुर/वंगुर | २५० | - | २५० | - | ७०००० | - |
| | च | अन्य | - | - | - | - | - | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २ | पंक्षी | स्थानीय | उन्नत | जम्मा | अण्डा सख्या | मासु के.जी | |
| | क | कुखुरा | २९४०५ | - | २९४०५ | ४००००० | - | - |
| | ख | हाँस | ५० | - | ५० | ५५० | १५० | |
| | ग | अन्य | - | - | - | - | - | - |
| | ३ | माछा | - | - | - | - | - | - |
| | क | मौरी घार | - | - | २९ | मह के.जी ११७ | | |
| | ४ | अन्य..... | - | - | - | - | - | - |
| वडा नं. २ | १ | पशुधन | स्थानीय | उन्नत | जम्मा | दुध लि. | मासु केजी | उन केजी |
| | क | गाई/गोरु | १००० | - | १००० | ५० | - | - |
| | ख | भैसी/राँगो | ५०० | - | ५०० | ४०० | १५०० | - |
| | ग | बोका/खसी/बाखा | २५०० | ५०० | ३००० | - | - | - |
| | घ | भेडा/च्यांग्रा | २०० | - | २०० | - | - | - |
| | ङ | सुँगुर/वंगुर | ५० | २० | ७० | - | - | - |
| | च | अन्य | - | - | - | - | - | - |
| | २ | पंक्षी | स्थानीय | उन्नत | जम्मा | अण्डा सख्या | मासु के.जी | |
| | क | कुखुरा | ३५०० | २५०० | ६००० | १०००० | १००० | - |
| | ख | हाँस | ५० | २० | ७० | 30 | - | - |
| | ग | अन्य | - | - | - | - | - | - |
| | ३ | माछा | - | - | - | - | - | - |
| | क | मौरी घार | २० | २०० | २२० | मह २००० के.जी. | | |
| | ४ | अन्य..... | - | - | - | - | - | - |
| वडा नं. ३ | १ | पशुधन | स्थानीय | उन्नत | जम्मा | दुध लि. | मासु केजी | उन केजी |
| | क | गाई/गोरु | २०० | ५ | २०५ | ३०० | - | - |
| | ख | भैसी/राँगो | १०५ | ० | १०५ | ७०३ | ८०० | - |
| | ग | बोका/खसी/बाखा | ७५५० | २०० | ७७५० | - | १०२५५ | - |
| | घ | भेडा/च्यांग्रा | १०० | ० | १०० | - | ५०० | - |
| | ङ | सुँगुर/वंगुर | ८५ | ० | ८५ | - | १००० | - |
| | च | अन्य | २०० | १५ | २१५ | - | ८८ | - |
| | २ | पंक्षी | स्थानीय | उन्नत | जम्मा | अण्डा सख्या | मासु के.जी | |
| | क | कुखुरा | १००० | ३२००० | ३३००० | २००० | ७०००० | |
| | ख | हाँस | १०० | ० | १०० | २०० | ३५० | |
| | ग | अन्य | २० | ० | २० | - | - | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३ | | माछा | - | - | - | - | - | - |
| | | क | मौरी घार | १२० | १८०० | १९२० | मह १२०० के.जी. | | |
| | ४ | | अन्य..... | १० | ० | १० | - | - | - |
| वडा नं. ४ | १ | | पशुधन | स्थानीय | उन्नत | जम्मा | दुध लि. | मासु केजी | उन केजी |
| | | क | गाई/गोरु | ४२३ | ५ | ४२८ | ३६०० | - | - |
| | | ख | भैसी/राँगो | १८५ | - | १८५ | ३०००० | १५०० | - |
| | | ग | बोका/खसी/बाखा | ३४०० | - | ३४०० | - | ५००० | - |
| | | घ | भेडा/च्यांग्रा | २३५ | - | २३५ | - | २५ | १२ |
| | | ङ | सुँगुर/वंगुर | १५५ | ४५ | २०० | - | ३२०० | - |
| | | च | अन्य | - | - | - | - | - | - |
| | २ | | पंक्षी | स्थानीय | उन्नत | जम्मा | अण्डा सख्या | मासु के.जी | |
| | | क | कुखुरा | ५५१२ | १०२०० | १५७१२ | २००० | ७०००० | - |
| | | ख | हाँस | ८५ | | ८५ | २०० | ३५० | - |
| | | ग | अन्य | - | १००० | १००० | - | - | - |
| | ३ | | माछा | - | - | - | - | - | - |
| | | क | मौरी घार | ३५ | १०५ | १४० | मह १०,५०० के.जी. | | |
| | ४ | | अन्य..... | - | - | - | - | - | - |
| वडा नं. ५ | १ | | पशुधन | स्थानीय | उन्नत | जम्मा | दुध लि. | मासु केजी | उन केजी |
| | | क | गाई/गोरु | १००० | १०० | ११०० | ४०२ | - | - |
| | | ख | भैसी/राँगो | १०४ | २०० | ३०० | २१६ | - | - |
| | | ग | बोका/खसी/बाखा | ५०५६ | ५०० | ५५५६ | - | ३३४० | - |
| | | घ | भेडा/च्यांग्रा | १०० | - | १०० | - | १२०० | २० |
| | | ङ | सुँगुर/वंगुर | ९६ | - | ९६ | - | ४३२० | - |
| | | च | अन्य | - | - | - | - | - | - |
| | २ | | पंक्षी | स्थानीय | उन्नत | जम्मा | अण्डा सख्या | मासु के.जी | |
| | | क | कुखुरा | ५००० | ४०० | ५४०० | ६६८०० | १०४०० | - |
| | | ख | हाँस | २०० | | २०० | ५००० | - | - |
| | | ग | अन्य | - | - | - | - | - | - |
| | ३ | | माछा | ५०० | - | ५०० | - | १५०० के.जी. | |
| | | क | मौरी घार | २०० | १०० | ३०० | मह १००० के.जी. | | |
| | ४ | | अन्य..... | - | - | - | - | - | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा नं. ६ | १ | पशुधन | स्थानीय | उन्नत | जम्मा | दुध लि. | मासु केजी | उन केजी |
| | क | गाई/गोरु | १००० | - | १००० | ९५ | - | - |
| | ख | भैसी/राँगो | १५०० | - | १५०० | ३०० | - | - |
| | ग | बोका/खसी/बाखा | ३२०० | ३०० | ३५०० | - | - | - |
| | घ | भेडा/च्यांग्रा | ५०० | - | ५०० | - | - | - |
| | ङ | सुँगुर/वंगुर | ३०० | - | ३०० | - | - | - |
| | च | अन्य | - | - | - | - | - | - |
| | २ | पंक्षी | स्थानीय | उन्नत | जम्मा | अण्डा संख्या | मासु केजी | |
| | क | कुखुरा | २५०० | ७५०० | १०००० | - | - | - |
| | ख | हाँस | १५०० | - | १५०० | - | - | - |
| | ग | अन्य | - | - | - | - | - | - |
| | ३ | माछा | - | - | - | केजी | - | - |
| | क | मौरी घार | ५०० | ३०० | ८०० | मह केजी | - | - |
| | ४ | अन्य..... | - | - | - | - | - | - |
| वडा नं. ७ | १ | पशुधन | स्थानीय | उन्नत | जम्मा | दुध लि. | मासु केजी | उन केजी |
| | क | गाई/गोरु | २०१८ | - | २०१८ | ३०२ लि | | - |
| | ख | भैसी/राँगो | ७५ | - | ७५ | १८७ लि | | - |
| | ग | बोका/खसी/बाखा | ५०४५ | - | ५०४५ | - | १२६१२५ केजी | - |
| | घ | भेडा/च्यांग्रा | ६०५ | - | ६०५ | - | ९०८१ केजी | - |
| | ङ | सुँगुर/वंगुर | २५२ | - | २५२ | - | २०१६० केजी | - |
| | च | अन्य | - | - | - | - | - | - |
| | २ | पंक्षी | स्थानीय | उन्नत | जम्मा | अण्डा संख्या | | मासु केजी |
| | क | कुखुरा | ३०२७ | २६०० | ५६२७ | - | | ११२५४ केजी |
| | ख | हाँस | १०५ | | १०५ | - | | २६२ केजी |
| | ग | अन्य | - | - | - | - | | - |
| | ३ | माछा | - | ९०० | ९०० | केजी १८०० केजी | | |
| | क | मौरी घार | - | - | - | मह केजी | | |
| | ४ | अन्य..... | - | - | - | - | | |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

### ५.६.२ पशु नश्ल

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाख्रा, र बंगुर रहेका छन्। सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ। गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बंगुरतर्फ उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ। तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन। त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत रुपमा बढी उत्पादक जनावरहरुको आहारा खाई दिनु समेत यस क्षेत्रको समस्या हो। तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका पाठापाठिलाई भविष्यको राम्रो माउ हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ।

सारांशमा, विगतका वर्षहरुको तुलनामा गाउँपालिकाको पशुपालन क्षेत्र क्रमिक रुपमा विकसित हुँदैछ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणत्मक विकास सम्भव भएको छ। तर हालको परिमाणात्मक विकासको गति सुस्त छ। पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईँदैन। त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ। पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालन कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन।

### ५.६.३ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस गाउँपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ। गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। गाउँको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत तथा आयातको दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाको किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेका छन। गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाको विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन। तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ। यस्तै पशुपन्छीमा देखिएको रोगहरुको विवरण तल तालिकामा दिईएको छ।

तालिका नं. ३५ : पशुपन्छीमा देखिएको रोगको विवरण

| S.N. | Disease | Animals | | | | |
|---|---|---|---|---|---|---|
| 1 | Liver Fluke | Cattle | Buffalo | Goats | | |
| 2 | HSABQ | Cattle | Buffalo | Goats | | |
| 3 | Pramphistomom | Cattle | Buffalo | Goats | | |
| 4 | Nerves Sign | Cattle | Buffalo | Goats | | |
| 5 | Respiratory Sign | Cattle | Buffalo | Goats | | |
| 6 | Cocciodiosis | | | | Fowl | |
| 7 | Skin Lesions | | | | Fowl | |
| 8 | Wound/Abscess | Cattle | Buffalo | Goats | | |
| 9 | Red Urine | Cattle | Buffalo | Goats | | |
| 10 | Abortion | Cattle | Buffalo | Goats | | |
| 11 | Warble Infestation | Cattle | Buffalo | Goats | | |
| 12 | Diarrhoea | Cattle | Buffalo | Goats | | |
| 13 | Infertility | Cattle | Buffalo | Goats | | |
| 14 | Mastitis | Cattle | Buffalo | Goats | | |
| 15 | Distocia | Cattle | Buffalo | Goats | | |
| 16 | Prolapse | Cattle | Buffalo | Goats | | |
| 17 | Retained Placenta | Cattle | Buffalo | Goats | | |
| 18 | Mange | Cattle | Buffalo | Goats | | |
| 19 | Rabis | Cattle | Buffalo | Goats | | Dog |
| 20 | Tick/Lice(External Parasite) | Cattle | Buffalo | Goats | Fowl | |
| 21 | Intestinal Helmenthis | | | | Fowl | |
| 22 | Orf | | | Goats | | |
| 23 | Parasitic Gastroenteritis | Cattle | Buffalo | Goats | | Pig |
| 24 | Anoestrous | Cattle | Buffalo | Goats | | |
| 25 | Indigestion/Anorexia | Cattle | Buffalo | Goats | | |
| 26 | Tympany/Bloats | Cattle | Buffalo | Goats | | |
| 27 | Magout wound | Cattle | Buffalo | Goats | | |
| 28 | Cough | Cattle | Buffalo | Goats | | |
| 29 | Pnoumonia | Cattle | Buffalo | Goats | | |
| 30 | Gumbarrow | | | | Fowl | |
| 31 | Cyst | Cattle | Buffalo | Goats | | |
| 32 | FMD | | | Goats | | |
| 33 | PPR | | | Goats | | |
| 34 | Ranikhet | | | | Fowl | |
| 35 | CRD | | | | Fowl | |

### ५.६.४ गाउँपालिकामा दुग्ध बजारीकरण

बबई गाउँपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा रहि आएको छ। दुग्ध विकासको सन्दर्भलाई हेर्दा बजारमा साइकल र मोटरसाइकलबाट दुध ल्याएर बेच्ने चलन बढी छ। स्वयं कृषकहरूले नै घर घर वा पसल पसलमा नै लगेर बेच्ने गर्दछन। यसरी बेच्दा दुधको गुणस्तर नाप ल्याक्टोमिटरबाट गर्ने गरिन्छ र जति बढी ल्याक्टोमिटर उति बढी मूल्य हुने गरेको पाइन्छ।

### ५.६.५ मासु बजारीकरण

बबई गाउँपालिका मासु उत्पादनमा आत्म निर्भर रहेको छ। कुखुरा पालन, बाखा पालन, बंगुर पालन व्यवसायमा यस गाउँपालिकाले क्रमिक सुधार भइरहेको छ। तथापि मासु उत्पादनमा व्यवसायिकताको खाँचो भने रहेको छ। गाउँपालिकाको हकमा यसका मुख्य दुईटा कारणहरु आधारभूत भौतिक पूर्वाधारहरुको कमी तथा पशुपंक्षी पालनको प्रयोजन घरायसी हुनु रहेका छन्। उदाहरणको लागि यस गाउँपालिकामा बाखाको मुख्य स्रोत भएकोले कृषि सडक, बिजुली, खानेपानी तथा बजार र सम्बन्धित अन्य सुविधाहरुको अभावले गर्दा बाखापालनबाट मासुको व्यवसायीकरण तर्फ अपेक्षित योगदान सम्भव हुन सकि रहेको छैन। त्यसैगरी बंगुर पालन तर्फ मासु उत्पादनको लागि नभई सुरक्षित र छिटो आम्दानी प्राप्त गर्नको लागि पाठापाठी बेच्ने परिपाटी विद्यमान रहेकाले बंगुरबाट समेत मासु उत्पादनमा उल्लेखनीय योगदान भएको पाईदैन।

मासुको बढ्दो माग, उपभोक्ताको बढ्दो क्रयशक्ति, गाउँपालिकामा संचालित ठूल्ठूला परियोजनाहरुले गाउँपालिकामा मासु व्यवसायमा सुधार आउने अवस्था भने। बंगुर पालन गर्ने कृषकले वैज्ञानिक पद्धतिका खोर बनाउनेदेखि यसको प्रजनन, अहारा, स्वास्थ्य तथा बजार व्यवस्थापन तर्फ कृषकहरु सजग रहेको पाईन्छ। यसको अलावा बंगुर पालन गाउँपालिकाको समतल भू-भागमा गरिने हुँदा उपलब्ध भौतिक पूर्वाधारहरुले समेत अफठ्यारो अवस्था सृजना गर्ने कुनै कारण देखिदैंन।

### ५.६.६ सार्वजनिक पोखरी तथा माछापालन

तालिका नं. ३६ : सार्वजनिक पोखरी तथा माछापालन

| क्र.सं. | पोखरी रहेको स्थान | वडा नं. | पोखरी क्षेत्रफल | वार्षिक माछा उत्पादन | स्वामित्व | वार्षिक आम्दानी |
|---|---|---|---|---|---|---|
| १ | चरकमटिया | ७ | २ कठ्ठा | १८०० केजी | बलराम गिरी | ४,५०,००० |
| २ | धनुवास कोट | ३ | १ रोपनी | - | समुदाय | - |
| ३ | गैरीगाउँ | ४ | ४ कठ्ठा | ५०० | | १,५०,००० |

*स्रोतः सम्बन्धित वडा कार्यालय, २०७५*

## ५.७ पर्यटन

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको कारण नेपालको आकर्षक पर्यटन गन्तव्यहरुमध्ये बबई गाउँपालिका पनि एक महत्वपूर्ण स्थान रहेको पाइन्छ। गाउँपालिकामा रहेका पुराना मठमन्दिर तथा धार्मिक स्थलहरुको अलावा पुरन्धारा छहरा यस गाउँपालिकाको मुख्य पर्यटकीय क्षेत्रको रुपमा रहेको छ।

## ५.८ खानीको स्रोत र उपयोगको स्थिति

गाउँपालिकामा खानीसम्बन्धी सम्भाव्यता प्रशस्तमात्रामा रहेको देखिन्छ। गाउँपालिकामा बग्ने गरेका थुप्रै नदी तथा खोलाहरुनालाहरुमा बालुवा, ढुङ्गा तथा गिट्टीहरु प्रशस्त मात्रामा पाईन्छ। दाङ जिल्ला नेपालमै बढी चुन ढुङ्गा तथा कोइला पाईने जिल्ला भएको हुँदा यस गाउँपालिकामा पनि यि खनिज पदार्थहरुको खानी रहेको छ। यसैगरी तामा, नुन, खनिज तेल पाईनुका साथै यहाँको महाभारत तथा चुरे क्षेत्रमा Schists, Quarzites, Fragile sand stone, Conglomerates, Pebbles/Boulders, Sand stone calcareous, Thin lime stone, Clay/Phyllites लगाएतका चट्टानहरु पाइन्छन्। गाउँमा पर्याप्त मात्रामा खानीको स्रोत रहेतापनि तिनीहरुको उत्खनन् र उपयोग भने गर्न सकिएको छैन। गाउँमा सडक सुविधाको पहुँचलाई व्यवस्थित गर्ने हो भने यी खानीहरु उत्खनन् गरी विभिन्न उद्योगहरु संचालन गरी गाउँमा रोजगारीको सिर्जना हुनुका साथै आर्थिक लाभ हुने प्रशस्त सम्भावना रहेको देखिन्छ।

तालिका नं. ३७ : खानीको स्रोत र उपयोगको स्थिति

| वडा नं. | खानी/खनिज श्रोत | स्थान | अवस्था |
|---|---|---|---|
| ६ | ढुङ्गा | च्याटीखोला | ठिकै |
| ६ | गिट्टी | च्याटीखोला | ठिकै |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

## ५.९ व्यापार तथा उद्योगको विवरण

यस गाउँपालिकामार्फत् विभिन्न पहाडी जिल्लाहरूसँगको व्यापार समेत हुने गरेको छ। यहाँ विभिन्न बजारहरु व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन्। यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी, बबई गाउँपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित खाद्य वस्तु चामल, पिठो, तेल अन्य पहाडी तथा तराईका जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा समेत हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै विदेशी वस्तुको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस गाउँपालिकाबाट हुने गरेको पाइन्छ।

ठूलो भूमिमा विस्तार भएको समथर जमिन, कृषि तथा वनजन्य कच्चा पदार्थहरुकोउपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरुको उपलब्धतालगायतका विभिन्न कारणले गाउँपालिकामा आर्थिक विकासको राम्रो सम्भावना रहेको छ। बबई गाउँपालिकाका अधिकांश बासिन्दाहरु कृषि पेशामा आवद्ध भएका छन्। यस गाउँपालिकाका मानिसहरु उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन्। तथापी, स्थानीय स्तरमा मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन्। त्यसैगरी बबई गाउँपालिकाका विभिन्न बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ। यसले पनि गाउँपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ।

तालिका नं. ३८ : व्यापार तथा उद्योगको विवरण

| उद्योगको नाम तथा ठेगाना | ठेगाना | उद्योगको स्वामित्व | उद्योगको प्रकार | लगानी (रु ) | प्रत्यक्ष रोजगारी जना | | | उत्पादन हुने वस्तु र सेवाको नाम | बार्षिक आम्दानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | | |
| मध्यम | | | | | | | | | |
| | पञ्चकुले, ६ | निजी | उत्पादन र व्यवसाय | १२०००० | | २ | २ | कुटानी, पिसानी र पेलाउने | ६०००० |
| साना | | | | | | | | | |
| न्यु डिजाइनर फर्निचर | बवई - ३ | निजी | सेवा | १५०००० | | ३ | ३ | फर्निचर | १००००० |
| घरेलु | | | | | | | | | |
| खड्का राइस मिल | बवई - ३ | निजी | सेवा | १२०००००| | २ | २ | चामल | २००००० |
| निजी व्यवसाय | बवई - ५ | निजी | व्यवसाय | | | २ | २ | चामल | ४००००० |
| निजी उत्पादन | बवई - ५ | निजी | उत्पादन | २००००० | १ | १ | २ | कुखुरा | १००००० |
| निजी उत्पादन | बवई - ५ | निजी | उत्पादन | २००००० | | २ | २ | फर्निचर | १००००० |
| निजी उत्पादन | बवई - ५ | निजी | उत्पादन | १००००० | | १ | १ | पाउरोटी | १००००० |
| निजी उत्पादन | चिसापानी-६ | निजी | उत्पादन | २००० | ३ | २ | ५ | डोको, नाम्लो | १०००० |
| भगवती फर्निचर्र उद्योग | ७ | निजी | व्यवसया | | | १ | १ | काठका सामाग्री | २,५०,००० |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

## ५.१० थोक तथा खुद्रा व्यापार

थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, माछा, गेडागुडी तथा मसला दाङ जिल्लाका विभिन्न नगर तथा गाउँपालिकाका साथै अन्य जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापार हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस गाउँपालिकाबाट हुने गरेको पाइन्छ।

### ५.१०.१ व्यापारिक केन्द्रको विवरण

तालिका नं. ३९ : व्यापारिक केन्द्रको विवरण

| क्र.सं. | बजार/व्यापारिक केन्द्रहरुको विवरण | वडा नं. | मुख्य व्यापारिक वस्तु |
|---|---|---|---|
| १ | बसपार्क, हंशपुर | ३ | फेन्सी, हार्डवयर, इलेक्ट्रोनिक |
| २ | मिलनचोक, पतेरी | ३ | थोक तथा खुद्रा, फेन्सी |
| ३ | हापुरे बजार | ४, ५ | फेन्सी, हार्डवयर, इलेक्ट्रोनिक, थोक तथा खुद्रा, तरकारी, किराना पसल, औषधी पसल, होटल, गहना पसल |
| ३ | पञ्चकुले | ६ | तरकारी |
| ४ | मनकामना बजार | ७ | औषधी पसल, कपडा पसल, किराना पसल, होटल, गहना पसल |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

### ५.१०.२ निकासी पैठारी स्थिति

गाउँपालिकाबाट बाहिर निकासी हुने वस्तुहरूमा तयारी खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, चाउचाउ, प्लास्टीक व्याग, पाइप, रेडीमेट कपडा, इन्धन, विस्कुट, साबुन, निर्माण सामाग्री, लत्ता कपडा र दैनिक उपभोग्य बस्तुहरू छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, फलफुल तथा तरकारी रहेका छन्।

### ५.१०.३ ढुवानी तथा भण्डार व्यवस्था

गाउँपालिका भित्र उत्पादित मालसामानहरू गाउँपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रुपमा ट्रक, ट्याक्टर, रिक्सा, ठेला आदि रहेका छन्। गाउँपालिकाको पक्की सडक नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण विशेष्त वर्षाको समयमा आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरुपमा रहेको छ। गाउँपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा जम्मा गरी ठूलो परिमाणमा विक्रि गर्दछन्। गाउँपालिकामा कृषकहरूले आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.१०.४ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनस“ग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरूबाट उत्पादित बस्तुहरू चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारी सम्बन्धी उद्योगहरूको अन्य गाउँपालिका तथा भारतीय सामाग्रीसँग प्रतिस्पर्धा गर्नु परिरहेको छ।

उद्यमशीलता, सिप विकास, बजारीकरण, कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकासतालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट गाउँपालिकामा रोजगारी बढाउने, उद्योग व्यवसायमा वृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस गाउँपालिका लागि परेको छ। गाउँपालिकामा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र गाउँपालिकामा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिने गरिन्छ।

### ५.१०.५ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

गाउँपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ। व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य गाउँपालिकाहरुबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ ।

### क) कृषि जन्य पदार्थ

गाउँपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य गाउँपालिका तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ।

### ख) वनजन्य

वन जंगलमा आधारित कच्चा पदार्थहरुमा साल, सिसौ, खयर र बाँस हो। साल, सिसौका काठहरु गाउँपालिकाका साथै अन्य छिमेकी जिल्लाहरुबाट आयात गर्ने गरेको पाइन्छ। गाउँपालिकामा उत्पादित बाँसको प्रयोग उद्योगको रुपमा भएको पाइँदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्यधिकरुपमा प्रयोग गरेको पाइन्छ।

## ५.१०.६ प्रमुख स्थानीय उत्पादनको बजारीकरण

- ✓ कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसाला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य गाउँपालिका तथा छिमेकी जिल्लाहरुको बजारमा समेत केही मात्रामा बाहिरिने गर्दछन्।
- ✓ काष्ठ सम्बन्धि उद्योगहरू गाउँपालिकाको स्थानिय बजारको आवश्यकता पूर्ति गर्नका साथै अन्य छिमेकि गाउँपालिका तथा जिल्लाहरुको बजारमा समेत सेवा पुऱ्याएको देखिन्छ।

## ५.१०.७ पानी घट्ट, मिल र संकलन तथा प्रशोधन केन्द्र सम्बन्ध विवरण

तालिका नं. ४० : पानी घट्ट, मिल र संकलन तथा प्रशोधन केन्द्र सम्बन्ध विवरण

| वडा नम्बर | पानी घट्ट संख्या | | चिस्यान केन्द्र | कुटानि, पिसानी र पेलानी (मिल) संख्या | | | संकलन तथा प्रशोधन केन्द्र | | | बिक्री केन्द्र वा कोसेली घर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परम्परागत | सुधाऐको | | पानी मिल | डिजेल मिल | विद्युत मिल | कृषि | जडिबुटी | उद्योग | |
| १ | २ | - | ३ | - | १५ | | - | - | - | - |
| २ | ९ | १ | - | - | १ | १ | - | - | - | - |
| ३ | ४ | - | घट्टेखोला | २ | - | ३ | - | - | - | - |
| ४ | १ | - | - | - | - | १ | - | - | - | - |
| ५ | ५ | - | - | २ | - | २ | - | - | - | - |
| ६ | ✓ | - | च्याटिखोला | - | - | ✓ | ✓ | - | - | - |
| ७ | ✓ | ✓ | ✓ | ✓ | - | ✓ | ✓ | - | - | - |

*स्रोतः सम्बन्धित वडा कार्यालय, २०७५*

## ५.११ अन्य आर्थिक विकासका सम्भावनाहरू

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त संभावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमि दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा सुरक्षित स्थानको जोहो गर्न सकिनेछ।

गाउँपालिका क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले कृषकको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनहरु (बालुवा, ढुङ्गा तथा चट्टान, वनजंगल, जडिबुटी, चुन ढुङ्गा तथा कोइला आदि) लाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले गाउँपालिकामा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकामा भएका तालतलैयाहरूलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ। माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई गाउँपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकामा ओगटेका वन क्षेत्रहरु सालको वन, खयर, सिसौ, पाइन, चिरलगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ। यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ। कृषि, पशु एवं वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन, रहेको यस बबई गाउँपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ।

गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

गाउँपालिकाको नजिकमा विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ। गाउँपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ।

बेरोजगार समस्या एक चुनौतीको रुपमा रहेको र त्यसको प्रभाव यस गाउँपालिकामा समेत रहेकोले सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी स्वरोजगारको अवस्था सिर्जना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने सम्भावना देखिन्छ।

## ५.१२ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

गाउँपालिकाको अर्थतन्त्रमा वनपैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो गाउँपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ। कृषि, पशु एवं वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन, तथा प्रशस्तमात्रामा खनिज पदार्थको उपलब्धता रहेको हुँदा गाउँपालिकामा कृषि, पशु, वन तथा खानीलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ। अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.१३ बैंकको विवरण

गाउँपालिकामा उद्योग र व्यापारमा लगानी गर्न वाणिज्य बैंकहरु मार्फत कर्जा प्रवाह हुने गरेको देखिन्छ। यसबाहेक गाउँपालिकामा संचालित अन्य बैंक तथा वित्तिय संस्थाले पनि कर्जा उपलब्ध गराउँदै आएका छन् भने गाउँपालिकाबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन्।

तालिका नं. ४१ : बैंकको विवरण

| वित्तिय संस्था | वडा नं | प्रत्यक्ष रोजगारी | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| "क" वर्गको बैंक | | | | | |
| १) नेपाल बंगलादेश बैंक | ४ | १ | ५ | ६ | |
| "ख" वर्गको बैंक | | | | | |
| १) भार्गव विकास बैंक | ४ | १ | ६ | ७ | |
| २) वेष्टर्न डेभलपमेण्ट बैंक | ४ | ३ | ६ | ९ | |
| "घ" वर्गको लघु वित्तिय संस्था | | | | | |
| १) लक्ष्मी लघु वित्त वीत्तिय संस्था | ३ | ३ | २ | ५ | |
| २) छिमेकी लघु वित्त विकास वैंक | ४ | २ | १ | ३ | |
| ३) ग्रामीण महिला उत्थान केन्द्र | ४ | २ | १ | ३ | |
| ४) छिमेकी लघु वित्तिय संस्था | ६ | २ | १ | ३ | |
| ५) स्वजन लघु वित्तिय संस्था | ६ | १ | १ | २ | |
| ६) डिप्लस | ५ | ५ | ४ | ९ | |
| ७) मेरो माइक्रो फाइनान्स | ५ | ७ | ८ | १५ | |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

## ५.१४ सहकारी संस्थाको विवरण

चौधौं योजनाको तीन खम्बे अर्थनीति अन्तर्गत सहकारी, सरकारी र निजी क्षेत्र पर्दछन्। सहज, पहुँच र कम प्रशासनिक झन्झटले गर्दा सहकारी क्षेत्र जनतामाझ लोकप्रिय हुँदै गइरहेको छ। गाउँपालिकाको आर्थिक तथा सामीजक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन्। सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ।

बबई गाउँपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, तरकारी तथा विउ उत्पादन आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। गाउँपालिकामा बचत तथा ऋण सहकारी ३, कृषि सहकारी ९, बहुउद्देश्यीय १, तरकारी तथा विउ उत्पादन १ गरी जम्मा १४ सहकारी संस्थाहरु रहेका छन्। जसको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ।

### तालिका नं. ४२ : सहकारी संस्थाको विवरण

| क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या | क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या |
|---|---|---|---|---|---|
| १ | बचत तथा ऋण | ३ | ५ | दुग्ध | २ |
| २ | बहुउद्देश्यीय | १ | ६ | विद्युत | ० |
| ३ | तरकारी तथा विउ उत्पादा | १ | ७ | अन्य | ० |
| ४ | कृषि | ९ | | जम्मा | १४ |

*स्रोत: डिभिजन सहकारी, २०७४*

### तालिका नं. ४३ : सहकारी संस्थाको नामावली

| क्र. सं. | सहकारी संघ संस्थाको नाम | ठेगाना साविकका वडाहरु | सदस्यता संख्या | | | सञ्चालक | | | शेयर पुंजी | बचत निक्षेप | सदस्यलाई ऋण लगानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | |
| | **कृषि सहकारी संस्थाहरु** | | | | | | | | | | |
| १ | पंचकुले वि.वि.तथा खा.बा.उ. कृषि सहकारी संस्था लि. | पंचकुले | ९३ | ७० | १६३ | ३ | ४ | ७ | २९०३०० | २७८३४ | ३३९७६ |
| २ | बबरपुर कृषि सहकारी संस्था लि. | पुरन्धारा-८, बबरपुर | १२० | ० | १२० | ९ | ० | ९ | १५८४०० | १४५५६४ | १९०५१४६ |
| ३ | जनगणतान्त्रिक कृषक सहकारी संस्था लि. | पंचकुले-६ | ८ | ४७ | ५५ | २ | ७ | ९ | ५५००० | ० | ० |
| ४ | पश्चिम छहरा कृषि सहकारी संस्था लि. | पुरन्धारा-६ | ६ | १५५ | १६१ | २ | ५ | ७ | ७३३४०० | ३३१९५१ | ४१०२२१२ |
| ५ | भरतपुर कृषि सहकारी संस्था लि. | पुरन्धारा-७ | २४ | ५८ | ८२ | १ | ८ | ९ | २९३९०० | १०२७५० | १९८००० |
| ६ | जलुके कृषि सहकारी संस्था लि. | पुरन्धारा-८, जलुके | २७ | ० | २७ | ७ | ० | ७ | २७००० | ० | ० |
| ७ | भवानीस्वरी कृषि सहकारी संस्था लि. | पंचकुले-५ | १० | २१ | ३१ | २ | ७ | ९ | ३१००० | ३७२०० | ५०८०० |
| ८ | तितेफाँट कृषि सहकारी संस्था लि. | पुरन्धारा-५ | १० | ३१ | ४१ | २ | ५ | ७ | ११०००० | १३८८०० | २७६०५२ |
| ९ | महाशक्ति कृषि सहकारी संस्था लि. | पुरन्धारा-९ ,हनुमानपुर | १० | ६५ | ७५ | १ | ८ | ९ | १००३०० | २३५५५१ | ३६४०१८ |
| | | | ३०८ | ४४७ | ७५५ | २९ | ४४ | ७३ | १७९९३०० | १०१९६५० | ६९३०२०४ |
| | **बचत तथा ऋण सहकारी संस्थाहरु** | | | | | | | | | | |
| १० | स्वाभिमानी बचत तथा ऋण सहकारी संस्था लि. | पुरन्धारा-४ | १२ | ७० | ८२ | १ | ६ | ७ | ४१०००० | ५३४५७९ | ७२२३०० |
| ११ | पंचमुखी बचत तथा ऋण सहकारी संस्था लि. | पंचकुले-४ बेलभार | २२२ | ० | २२२ | ७ | ० | ७ | ११०००० | ६८०९०० | ३२२२७०० |
| १२ | जनमुखी बचत तथा ऋण सहकारी संस्था लि. | पुरन्धारा-२ हापुरे | ५८२ | २४२ | ८२५ | १ | ८ | ९ | १४९८३०० | ४०५९१२३ | १४८२२१९९ |
| १३ | बाघदैला बचत तथा ऋण सहकारी संस्था लि. | वडा नं. ६ | ८३ | ४४ | १२७ | | | | | | |
| | **जम्मा** | | ८९९ | ३५६ | १२५६ | ९ | १४ | २३ | २०१८३०० | ५२७४६०२ | १८७६७१९९ |
| | **बहुउद्देश्य सहकारी संस्थाहरु** | | | | | | | | | | |
| १४ | बाघमारे सहकारी संस्था लि. | पुरन्धारा-२,पदमपुर | ५४४ | १४८५ | २०७९ | २ | ९ | ११ | ८५६५०० | २२९०७२ | २०३७०९ |
| | **तरकारी विउ उत्पादन सहकारी सहकारी संस्थाहरु** | | | | | | | | | | |
| १५ | राधा कृषण तरकारी तथा विउ उत्पादन सहकारी संस्था लि. | पुरन्धारा-२ हापुरे | ७२ | ० | ७२ | ७ | ० | ७ | २४९०० | ७८५०० | ० |
| | **कुल जम्मा** | | १८२३ | २२८८ | ४१६२ | ४७ | ६७ | ११४ | ४६९९००० | ६६०१८२४ | २५९०१११२ |

*स्रोत: डिभिजन सहकारी, २०७४*

## ५.१५ संघ संस्था तथा विभिन्न समूहहरु

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन्। यहाँ रहेका सरकारी संस्थाहरु क्रमश गाउँपालिकाकार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन्। यसका अतिरिक्त गाउँपालिकामा विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, राजनितिक दलहरु रहेका छन्।


तालिका नं. ४४ : संघ संस्था तथा विभिन्न समूहहरु

| क्र. सं. | संस्थाको नाम | समेटेको क्षेत्र | वार्षिक बजेट (रु.) | विषयगत क्षेत्र | जनशक्ति संख्या | सहयोगी विकास साझेदारीको नाम |
|---|---|---|---|---|---|---|
| १ | जनदृष्टि आदर्श यूवा क्लब | | ५०,००० | जनचेतनामूलक | ४६ | |
| २ | सक्रिय यूवा संगठन | | ३५,००० | सन्देशमूलक | ५७ | |
| ३ | बवई सम्वृद्धि युवा क्लव | गाउँपालिका | १,१०,००० | सामाजिक | १०० | गाउँपालिका, सामुदायिक वन आदी |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ यातायात




नक्सा नं. १२: गाउँपालिकाको सडक सञ्जाल

### ६.१.१ यातायात सेवा

यस गाउँपालिकाबाट देशका सबै मुख्य शहरी क्षेत्रहरुसम्म जोड्ने सडक सञ्जाल रहेको छ। गाउँपालिकाका सबै वडाहरुमा सडकको विस्तार भएकोले आन्तरिक यातायातको सुविधाले गाउँपालिकावासीहरुलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुऱ्याउन सहज हुँदै गएको छ। गाउँपालिकामा यातायातका विभिन्न साधनहरुको उपयोग भएको देखिन्छ। गाउँपालिकामा रिक्सा, टेक्टर, गाडा, साइकल, ट्याक्सी, मोटरसाइकलहरुको समेत उपयोग गरिएको देखिन्छ। गाउँपालिकाका सडकमार्ग राम्रो भएका रुटहरुमा बस सेवा चालु रहेको छ। सिंचाईको व्यवस्था भएकोले खाद्यान्न, आलु, दलहन, फलफूल, दुध तथा अन्य कृषि उपजलाई बजारसम्म पुऱ्याउन सजिलो परेको देखिन्छ।

### ६.१.२ विद्यमान सडक सञ्जाल

बबई गाउँपालिकाको बाटो-घाटोको स्थिति हेर्दा कालोपत्रे बाटो नभएको देखिन्छ। सडक यातायताको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।

तालिका नं. ४५ : बबई गाउँपालिकालाई छुने सडक सञ्जालको विवरण

| क्र.सं. | सडकको नाम तथा गन्तव्य | प्रकार तथा लम्बाई (कि.मी.) | | | | जम्मा लम्बाई (कि.मी.) |
|---|---|---|---|---|---|---|
| | | कालापत्रे | ग्राभेल | कच्ची | नयाँ सडक | |
| १ | बवरपुर-गंगटे-कोहलपुर | ० | | ३० | | ३० |
| २ | छहरा-मलै-जिला सडक | | | ३० | | ३० |
| ३ | मनमोहन चक्रपथ | | | ४६ | | ४६ |
| ४ | मदन भण्डारी मार्ग | | २० | | | २० |
| ५ | पुष्पलाल मार्ग | | | २२ | | २० |
| ६ | बबई मार्ग | | | ८ | | ८ |
| ७ | बुद्ध मार्ग | | | २२ | | २२ |
| ८ | रामपुर-विजनेटा कालीमाटी सडक | | | १२ | | १२ |
| जम्मा | | | | | | १८८ |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७५*

तालिका नं. ४६ : गाउँपालिकाबाट सदरमुकामसम्मको दुरी

| क्र.सं. | साविकको गा.वि.स./न.पा. | दुरी कोषमा ( सदरमुकाम बाट) | सडकको प्रकार | यातायाको साधन |
|---|---|---|---|---|
| १ | पञ्चकुले | १८ | कालोपत्रे, ग्राभेल | बस, जिप |
| २ | पुरन्धारा | २१ | कालोपत्रे, ग्राभेल | बस, जिप |

*स्रोत : जिल्ला पार्श्वचित्र दाङ, २०७१*

## ६.२ पुल तथा पुलेसाको विवरण

तालिका नं. ४७ : पुल तथा पुलेसाको विवरण

| वडा नम्बर | पुलको नाम | पुल भएको खोला वा खोल्सीको नाम | जोडिने वस्तीहरु | | झोलुङ्गे, काठे/ट्रष्ट/पक्की | अवस्था | निर्मित साल |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| १ | भुते झोलुङ्गे पुल | भुते ताल | गंगटे | विष्टाचौर | झोलुङ्गे | ठीकै | २०६१ |
| १ | मलै कप्ताने पुल | मलै ताल | मलै | पुरुनधारा | झोलुङ्गे | ठीकै | २०६१ |
| २ | ट्वाङखोला पुल | ट्वाङ खोला | तल्लो ट्वाङ खोला | पल्लो ट्वाङ खोला | पक्की | ठीकै | २०६७ |
| २ | सुसाउने पुल | सुसाउने खोला | सितापुर | सुपारे रातमाटा | पक्की | ठीकै | २०७० |
| ३ | बाघखोर पुल | बाघखोर खोला | हंशपुर | एक्लेचौर | पक्की | राम्रो | २०६३ |
| ३ | घट्टेखोला पुल | घट्टेखोला | घट्टेखोला | पर्ण चौतारा | काठे | जीर्ण | २०४८ |
| ४ | राजी खहरे खोला पुल | राजी खहरे खोला | हस्तनापुर | हंशपुर | पक्की | राम्रो | २०७४ |
| ४ | धागेछहरा पुल | च्याटीखोला | च्याटीखोला | तिनुसारा | काठे | जीर्ण | २०५० |
| ५ | ट्वाङखोला पुल | ट्वाङखोला | सिमगैरा | ववरपुर | झोलुङ्गे | ठिकै | २०६५ |
| ५ | पुरन्धारा पुल | बवई | ववरपुर | मलइखोला | झोलुङ्गे | जीर्ण | २०४९ |
| ५ | च्याटीखोला पुल | च्याटीखोला | पन्चकुले | हापुरे | पक्की | ठिकै | २०६९ |
| ६ | चिसापानी पुल | गुन्डुखोला | चिसापानी | कौशिलापुर | पक्की | रम्रो | २०७३ |
| ७ | कालितरा पुल | बबई नदि | बदाले | कालितरा | झोलुङ्गे | रम्रो | २०७५ |
| ७ | वेलासपुर पुल | बबई नदि | वेलासपुर | कृष्णपुर | झोलुङ्गे | ठिकै | २०५१ |
| ७ | रुइखोला पुल | रुइखोला | कृष्णपुर | सिमलकुना | झोलुङ्गे | ठिकै | २०६७ |
| ७ | जलजला | मलैखोला | लामितरा | जलजला | झोलुङ्गे | ठिकै | २०७० |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

## ६.३ टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय

तालिका नं. ४८ : टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय

| वडा नं. | टाढाको वस्तीको नाम | पैदल वा सवारी साधन | वडा केन्द्रसम्म पुग्न लाग्ने समय | सेवा प्राप्त गरी घर फर्किन लाग्ने समय |
|---|---|---|---|---|
| १ | मलै कप्ताने | पैदल | ३ घण्टा | ६ घण्टा |
| | सिमलकुना | " | ३ घण्टा | ६ घण्टा |
| | जिला | " | ३ घण्टा | ६ घण्टा |
| | क्युरेनी | " | ३० मिनेट | १ घण्टा |
| | धोवाघाट | " | ४५ मिनेट | १ घण्टा ३० मिनेट |
| | रिमखोली | " | ३ घण्टा | ६ घण्टा |
| | पाथी हाल्ना | " | १ घण्टा | २ घण्टा |
| | मदाने | " | २ घण्टा | ४ घण्टा |
| | भाङ्वारी | " | १ घण्टा | २ घण्टा |
| २ | राक्से | पैदल | ३ घण्टा | ६ घण्टा |
| | बिजयनेटा | " | २ घण्टा | ४ घण्टा |
| | तल्लो रातमाटे ट्वाङखोला | " | १ घण्टा | २ घण्टा |
| | माथिल्लो रातमाटे ट्वाङखोला | " | १ घण्टा | २ घण्टा |
| | भरतपुर कालामाटा | " | ४५ मिनेट | १ घण्टा ३० मिनेट |
| | रामपुर | " | ३० मिनेट | १ घण्टा |
| ३ | झार पोखरी लेक | पैदल | ४ घण्टा | ८ घण्टा |
| | लसुने | पैदल | ४ घण्टा | ८ घण्टा |
| | पागर | पैदल | ३ घण्टा | ६ घण्टा |
| | वेसारे | पैदल | ३ घण्टा | ६ घण्टा |
| | तरुले | पैदल | ३ घण्टा | ६ घण्टा |
| | धनुवास कोट | पैदल | १ घण्टा | २ घण्टा |
| | घट्टे खाला | पैदल | १ घण्टा | २ घण्टा |
| | रातमाटा | पैदल | १ घण्टा | २ घण्टा |
| | घर्ती गाउँ | पैदल | १ घण्टा | २ घण्टा |
| ४ | सुन्दरखाल आरमकोट टोल | पैदल | २ घण्टा | ४ घण्टा |
| | सुन्दरखाल टोल | पैदल | १ घण्टा ३० मिनेट | ३ घण्टा |
| | तिनखुरा टोल | पैदल | २ घण्टा ३० मिनेट | ५ घण्टा |
| | कञ्चनपुर टोल | पैदल | १ घण्टा | २ घण्टा |
| | हस्तनापुर ( विद्यानगर) | पैदल | ४५ मिनेट | १ घण्टा ३० मिनेट |

| | | | | |
|---|---|---|---|---|
| | चन्द्रनगरपुर | पैदल | ३० मिनेट | १ घण्टा |
| | गैरी गाउँ टोल | पैदल | २० मिनेट | ४५ मिनेट |
| | बुद्धिनगर | | १ घण्टा | २ घण्टा |
| ५ | रिमखोली | पैदल /गाडी | ४ घण्टा/२ घण्टा | ८ घण्टा |
| | हुरुम | पैदल /गाडी | ३ घण्टा/१ घण्टा | ६ घण्टा |
| | जौबारी | पैदल /गाडी | ३ घण्टा/१ घण्टा ३० मिनेट | ६ घण्टा |
| ६ | टिकुली गैरा | पैदल | ४५ मिनेट | १ घण्टा ३० मिनेट |
| | बेलभार | पैदल | ४० मिनेट | १ घण्टा ३० मिनेट |
| | खिलतपुर | पैदल | ४५ मिनेट | १ घण्टा ३० मिनेट |
| | कटकुइया | पैदल | २० मिनेट | ४५ मिनेट |
| | चौपारी | पैदल | ५५ मिनेट | २ घण्टा |
| | सुनपुर | पैदल | ४० मिनेट | १ घण्टा ३० मिनेट |
| ७ | जलजला | पैदल | ५ घण्टा | १० घण्टा |
| | मलै | पैदल | ४ घण्टा | ८ घण्टा |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

## ६.४ वडा केन्दबाट गाउँपलिका केन्द्र पुग्न लाग्ने समय

तालिका नं. ४९ : वडा केन्दबाट गाउँपालिका केन्द्र पुग्न लाग्ने समय

| वडा नं. | वडा केन्द्र रहेको स्थान | पुग्न लाग्ने समय | |
|---|---|---|---|
| | | पैदल मार्गबाट | सवारी साधनबाट |
| १ | गंगटे | १० घण्टा | ३ घण्टा |
| २ | पि.सी.ओ चोक | १.५ घण्टा | ३० मिनेट |
| ३ | हनुमानपुर | १ घण्टा ३० मिनेट | ३० मिनेट |
| ४ | हापुरे, प्रगतिनगर | ७ मिनेट | ३ मिनेट |
| ५ | हापुरे | ५ मिनेट | २ मिनेट |
| ६ | कौशिलापुर | ४५ मि. | १५ मि. |
| ७ | चरकमटिया | १ घण्टा | ३० मिनेट |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

## ६.५ संचार

सन् १९९० सालसम्म संचार माध्ययमहरु सिमित थिए। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग बढ्गएको छ। बबई गाउँपालिकामा एफ.एम स्टेसनहरु र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन्। गाउँपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network उपलब्ध छ। गाउँपालिकामा ADSL, NCell, NTC आदि कम्पनीहरुले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् भने सेटलाइट च्यानल जस्तै डिस होमद्धारा गाउँपालिकाबासीहरुले मनोरन्जनात्मक टि.भि. कार्यक्रमहरु हेरिरहेका छन्।

### ६.५.१ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँपालिकामा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.५.२ एफ.एम रेडियो स्टेसन

तालिका नं. ५० : एफ.एम रेडियो स्टेसन

| क्र.सं. | नाम | वडा नं. | फिक्वेन्सी | प्रत्यक्ष रोजगारी | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १ | रेडियो , हापुरे | ४ | ८९.०४ | ४ | ३ | ७ |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

यस गाउँपालिकामा एउटा स्थानीय एफ्.एम्. रहेको छ भने अन्तर्राष्ट्रिय स्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपाल पनि प्रसारण हुने गरेको पाईन्छ। जुन सुविधाबाट यस गाउँपालिकाका वासिन्दाले प्रत्यक्ष लाभ लिइरहेको पाइन्छ।

### ६.५.३ हुलाक सेवा

गाउँपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल गाउँपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन्। गाउँपालिकाभित्र र गाउँपालिका बाहिर एवं विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्। यद्यपी संचार र यातायात सेवामा भएको तिब्र र उच्च विकासले हुलाक सेवा प्रयोगकर्ताको संख्या घट्दे गईरहेको छ।

## ६.६ विद्युत


### ६.६.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

यस बबई गाउँपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को अनुसार यस क्षेत्रमा दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमामट्टितेल प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ। गाउँपालिकामा बत्ती बाल्न मट्टितेल प्रयोग गर्नेको घरधुरी संख्या १,८४३ (३१.०० प्रतिशत) रहेको छ। त्यस्तै गाउँपालिकाका कुल घरधुरीको १,६४० (२७.५९प्रतिशत) ले विद्युत, १,४०४ (२३.६२ प्रतिशत) ले सोलार र १४(०.२४ प्रतिशत) घरधुरीले मात्रामा गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ। त्यस्तै वडागतरुपमा सबैभन्दा बढी मट्टितेलको प्रयोग गर्ने वडा नं. ७ रहेको देखिन्छ। जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं. ५१ : बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १ | २४२ | २ | १४३ | ४७१ | १ | ८६० |
| २ | ७ | २६० | १ | ४१४ | २३ | ६ | ७११ |
| ३ | ३ | १३४ | १ | ४२४ | ६६ | ० | ६२८ |
| ४ | ३९१ | ३४१ | २ | १०९ | ४ | ३ | ८५० |
| ५ | ३७६ | २५३ | ३ | १९६ | २४० | ६ | १,०७४ |
| ६ | ७१० | २३८ | ३ | ५ | ३१ | ५ | ९९२ |
| ७ | १५२ | ३७५ | २ | ११३ | १८४ | ४ | ८३० |
| जम्मा | १,६४० | १,८४३ | १४ | १,४०४ | १,०१९ | २५ | ५,९४५ |
| प्रतिशत | २७.५९ | ३१.०० | ०.२४ | २३.६२ | १७.१४ | ०.४२ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




## ६.६.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण


तालिका नं. ५२ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा | काठ/दाउरा | मटीतेल | एल.पी. ग्याँस | गुँइठा/ ठोरहा | गोबरग्यास | बिजुली | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८५५ | १ | ० | ० | ३ | ० | ० | १ | ८६० |
| २ | ७०५ | ० | ० | ० | ० | ० | ० | ६ | ७११ |
| ३ | ६२४ | २ | १ | १ | ० | ० | ० | ० | ६२८ |
| ४ | ८१८ | १८ | ८ | १ | २ | ० | ० | ३ | ८५० |
| ५ | १०५३ | ४ | ५ | २ | ४ | ० | ० | ६ | १,०७४ |
| ६ | ९७७ | ० | १० | ० | ० | ० | ० | ५ | ९९२ |
| ७ | ८११ | ६ | २ | ३ | ३ | १ | ० | ४ | ८३० |
| जम्मा | ५,८४३ | ३१ | २६ | ७ | १२ | १ | ० | २५ | ५,९४५ |
| प्रतिशत | ९८.२८ | ०.५२ | ०.४४ | ०.१२ | ०.२० | ०.०२ | ०.०० | ०.४२ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

२०६८ को जनगणनाअनुसार बबई गाउँपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ५,८४३ (९८.२८ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा मट्टीतेल प्रयोग गर्ने घरधुरी संख्या ३१ (०.५२ प्रतिशत), एल.पी. ग्याँस गोबर ग्याँस प्रयोग गर्ने घरधुरी संख्या २६ (०.४४ प्रतिशत) रहेका छन् भने बिजुली प्रयोग गर्ने घरधुरी सबैभन्दा कम १ (०.०२ प्रतिशत) रहेको देखिन्छ। वडागत रुपमा सबैभन्दा बढी एल.पी. ग्याँस प्रयोग गर्ने वडा नं. ६ मा १० घरधुरी संख्या रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

वैकल्पिक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ। तराईको क्षेत्र भएकोले गोबरग्याँसको लागी उपर्युक्त तापक्रम रहेको र पशुहरुबाट प्राप्त गोबरलाई पूर्णरुपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै महिलाहरुको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यून हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुने देखिन्छ।



# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा




चौधौ योजनाको ५ वटा रणनीतिक स्तम्भहरुमध्ये शैक्षिक पूर्वाधारको विकास र गुणस्तर वृद्धि पनि एक हो। कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ। यसै सिलसिलामा यहाँ बबई गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ। विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ। नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हक मा देहायबमोजिमको व्यवस्था गरिएको छ।

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ।

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

संविधान तथा योजनाको ठुला ठुला वहस भएता पनि शिक्षाको हकमा विश्वको सामु तुलनात्मक अध्ययन गर्दा उल्लेखनीय विकास भने भएको देखिँदैन । शिक्षाले ज्ञान र सिपको प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवं आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ । देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथकरूपमा सिक्ने र सिकाउने प्रवृति, सामाजिक र मानवीय मूल्यमान्यता र आत्मविश्वासजस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो । यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोचको पर्याप्तता हुनुपर्छ । निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन । आज व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ ।

शिक्षाको स्तरीय विकासले मात्र देशमा रोजगारीको अवसर, कलकारखानाको विकास, सुविधाको पहुँच, प्रविधिको विस्तार, उत्पादनमुखी कृषि, आयमुखी व्यवसाय, स्थानीय साधनश्रोतको प्रचुर सदुपयोगले जनताको जीवनस्तर उकास्न सकिन्छ ।

## ७.२ साक्षरता स्थिति


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा बबई गाउँपालिकायस दाङ जिल्लाका अन्य गाउँपालिकाको तुलनामा अझै धेरै पछाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६५.०३ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र झैं धेरै विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७३.७४ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५७.९२ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १५.८२ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५३ : साक्षरता दर**

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ११६४ | ८७५ | ३८ | २८ | ५६० | ९७१ | ० | ० | १,७६२ | १,८७४ | ३,६३६ |
| २ | १०३९ | ९९९ | ४ | ३ | २९८ | ६७३ | ० | १ | १,३४१ | १,६७६ | ३,०१७ |
| ३ | ८५८ | ९१२ | २१ | ३५ | १७२ | ४७० | ० | ० | १,०५१ | १,४१७ | २,४६८ |
| ४ | १११० | ११७९ | ० | १ | ३६२ | ७११ | ० | ० | १,४७२ | १,८९१ | ३,३६३ |
| ५ | १३८२ | १३५६ | ४० | ४४ | ४६९ | ९७१ | ० | ० | १,८९१ | २,३७१ | ४,२६२ |
| ६ | १२०२ | ११८३ | २२ | ३६ | ४३६ | ८११ | ३ | ३ | १,६६३ | २,०३३ | ३,६९६ |
| ७ | ११४९ | ११०३ | २४ | ४७ | ३६६ | ७२१ | ० | ० | १,५३९ | १,८७१ | ३,४१० |
| जम्मा | ७,९०४ | ७,६०७ | १४९ | १९४ | २,६६३ | ५,३२८ | ३ | ४ | १०,७१९ | १३,१३३ | २३,८५२ |
| प्रतिशत | ७३.७४ | ५७.९२ | १.३९ | १.४८ | २४.८४ | ४०.५७ | ०.०३ | ०.०३ | १००.०० | १००.०० | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

बबई गाउँपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. ३ मा ७१.७२ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८१.६४ प्रतिशत र महिला साक्षरता दर ६४.३६ प्रतिशत रहेको छ। त्यस्तै गरि सबै भन्दा कम साक्षरता दर वार्ड नं. १ मा रहको छ। जसमा कुल साक्षरता दर ५६.०८ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ६६.०६ प्रतिशत र महिला साक्षरता दर ४६.६९ प्रतिशत रहेको छ। माथिको तथ्यांकलाई हेर्दा यस बबई गाउँपालिका शैक्षिक हिसाबमा समग्र देशको तुलनामा मध्यम रहेको छ।




## ७.२.१ शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ५४ : शैक्षिक जनशक्तिको विवरण

| | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ३९० | ४२०४ | १७९५ | ७७५ | ५७९ | २१२ | ६९ | १३ | ४ | १८१ | ३० | ८,२५२ |
| महिला | ३६२ | ३९५१ | २०१६ | ७६६ | ५२३ | १३६ | १२ | ३ | ३ | १४५ | २७ | ७,९४४ |
| जम्मा | ७५२ | ८,१५५ | ३,८११ | १,५४१ | १,१०२ | ३४८ | ८१ | १६ | ७ | ३२६ | ५७ | १६,१९६ |
| प्रतिशत | ४.६४ | ५०.३५ | २३.५३ | ९.५१ | ६.८० | २.१५ | ०.५० | ०.१० | ०.०४ | २.०१ | ०.३५ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथि तालिकामा बबई गाउँपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्ति देखाइएको छ। जसमा ७५२ (४.६४ प्रतिशत) जना स्कुल नगएका, ८,१५५ (५०.३५ प्रतिशत) प्राथमिक तह, ३,८११ (२३.५३ प्रतिशत) नि.मा.वि. तह, १५४१ (९.५१ प्रतिशत) मा.वि. तह, ११०२ (६.८० प्रतिशत) एस.एल.सी. तह, ३४८ (२.१५ प्रतिशत) प्रमाणपत्र तह, ८१ (०.५० प्रतिशत) स्नातक तह, १६ (०.१० प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ।




## ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ५५ : विषयगत शैक्षिक जनशक्तिको विवरण

| | मानविकी र कला | व्यापार र प्रशासन | शिक्षा | विज्ञान | स्वस्थ्य | इन्जिनीयरिङ, विनिर्माण र निर्माण | कानून | सामाजिक र व्यवहारिक विज्ञान | गरिणत र तथ्याङ्क | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | १३२ | ३८ | १६३ | १८ | ११ | ५ | ३ | १७ | ११ | ४७ | ४४५ |
| प्रतिशत | २९.६६ | ८.५४ | ३६.६३ | ४.०४ | २.४७ | १.१२ | ०.६७ | ३.८२ | २.४७ | १०.५६ | ८९ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जसअनुसार यस गाउँपालिकामा सबैभन्दा बढी शिक्षा विषय लिएर पढ्नेको संख्या १६३ (३६.६३ प्रतिशत) रहेको छ भने दोस्रोमा मानविकी र कला विषय लिएर पढ्नेको जनसंख्या १३२ (२९.६६ प्रतिशत), तेस्रो स्थानमा व्यापार र प्रशासन विषय लिएर पढ्नेको संख्या ३८ ( ८.५४ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ५६ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | प्रतिशत |
| पूर्व प्रा.वि. (नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | २,५९८ | २,४६६ | ५,०६४ | २,५१८ | २,४०१ | ४,९१९ | ९७.१४ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | ३१ | ३१ | ६२ | ३० | ३१ | ६१ | ९८.३९ |
| उच्च मा.वि. जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | २ | ४ | ६ | २ | २ | ४ | ६६.६७ |
| जम्मा | | २,६३१ | २,५०१ | ५,१३२ | २,५५० | २,४३४ | ४,९८४ | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा स्कुल जाने उमेर समूहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समूहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समूहको जनसंख्या मध्ये ९७.१४ प्रतिशत स्कुल गएको देखिन्छ भने २.८६ प्रतिशत स्कुल गएको देखिदैन त्यस्तै १३ देखि १४ वर्ष उमेर समूहको जनसंख्याको ९८.३९ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने १.६१ प्रतिशत स्कुल गएको देखिदैन र १५-१७ वर्ष उमेर समूहको जनसंख्याको ६६.६७ प्रतिशत स्कुल गएको देखिन्छ भने ३३.२७ प्रतिशत स्कुल गएको देखिदैन।

*(नोट : नयाँ शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ। त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामाकरण गरिएको छ।)*

## ७.२.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

### (क) शैक्षिक पूर्वाधार तथा सेवा

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमीका अनिवार्य रहन्छ। गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवं सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ।

शिक्षा क्षेत्रको परिशूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरुप यस गाउँपालिका पठनपाठनको लागि आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरुमा प्रा.वि २२, नि.मा.वि. ६, मा.वि ६ गरी जम्मा ३४ वटा सामुदायिक शिक्षण संस्थाहरु रहेका छन् भने संस्थागत विद्यालयतर्फ प्रा.वि. ३, आ.वि. ३ र मा.वि. ३ गरी जम्मा ९ वटा रहेका छन्। जसको विवरण तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५७ : गाउँपालिकामा रहेका विद्यालयहरुको विवरण

| विद्यालयको प्रकार | उ.मा.वि. | मा.वि. | नि.मा.वि. | प्रा.वि. | जम्मा |
|---|---|---|---|---|---|
| सामुदायिक | २ | ४ | ६ | २२ | ३४ |
| संस्थागत | ० | ३ | ३ | ३ | ९ |

*स्रोत: शिक्षा शाखा, बबई गाउँपालिका, २०७५*

### ७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासी समुदायको विद्यार्थीले विद्यालय छाड्ने प्रवृत्ति अन्य जातिमा भन्दा उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङ्कलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** गाउँपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान प्राप्त हुनु, अधिकांश बजेट तलबमा खर्च हुनु तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- ✓ **अभिभावकहरु चनाखो नहुनु :** बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- ✓ **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दी अनुसार शिक्षकको पदपूर्ति नहुनु तथा भएका शिक्षक पनि अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवं व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा अपेक्षित प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- ✓ **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।
- ✓ **शिक्षकहरुमा प्रतिबद्धताको कमी :** शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । पाठ  पुस्तक समयमा उपलब्ध नहुनु र पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।

✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ। प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन्।

## ७.३ स्वास्थ्य

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निशूल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको छ। यसरी यो आधारभूत सेवालाई मौलिक हककोरुपमा स्थापित गर्न चौधौ योजनामा निम्न बमोजिमका स्वास्थ्य कार्यक्रमहरुलाई प्रभावकारी बनाउने उद्देश्य लिइएको छ।

- बाल स्वास्थ्य तथा पोषण।
- परिवार स्वास्थ्य तथा सूरक्षित मातृत्व।
- क्षयरोग नियन्त्रण।
- यौनरोग तथा एच.आई.भी. र एड्स नियन्त्रण।
- नसर्ने रोगको रोकथाम तथा उपचार।
- कुष्ठरोग निवारण
- औलो, कालाजार निवारण
- अन्य कीटजन्य रोग नियन्त्रण एवं प्राकृतिक प्रकोप व्यवस्थापन
- मुख तथा मानसिक स्वास्थ्य
- आँखा सेवा, डिप स्टिक टेस्टमार्फत मृगौला जाँच।
- विद्यालय स्वास्थ्य कार्यक्रममार्फत निशूल्क आँखा जाँच।
- वातावरणीय स्वास्थ्य प्रवर्द्धन तथा सोको लागि समूह परिचालन।
- मनोसामाजिक तथा मानसिक स्वास्थ्य।
- प्रौढवस्था (Geriatric) को स्वास्थ्य प्रवर्द्धन।
- जनशक्ति विकास तथा सेवा विस्तार।
- थप स्वास्थ्य सेवाहरुको विस्तार।
- रक्त सञ्चार सेवाको स्थापना तथा विस्तार।
- स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार।
- आयूर्वेद तथा पूरक चिकित्सा।
- कम्तीमा ११ प्रकारका खोपको निशूल्क व्यवस्थामार्फत जिल्लास्तरमा पूर्ण खोप घोषणा कार्य गरी उपलब्धताका सुनिश्चितता।
- विपन्नलाई नौ प्रकारका रोगमा नि:शुल्क उपचार।
- सबै नागरिकलाई मृगौलाको नि:शुल्क डायलासिस सेवा विस्तार।

राजनितिक रुपमा ७ वडाहरुमा विभाजित यस गाउँपालिकामा धेरैजसो जनसेू आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छैनन्। ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ। आ.व. २०४९/५० देखि जनसंख्या र क्षेत्रफलको आधारमा हिमाली भेगमा २५० जनसंख्यामा १ जना, पहाडमा ३०० जनसंख्यामा १ जना र तराईमा १००० जनसंख्यामा १ जना महिला स्वयंसेविकाको व्यवस्था गरिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको स्वास्थ्य क्षेत्रको चुनौतीको रुपमा रहेको छ।

गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन। अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

गाउँपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.१ गाउँपालिकामा विद्यमान स्वास्थ्य सेवा

तालिका नं. ५८ : गाउँपालिकामा विद्यमान स्वास्थ्य सेवा

| क्र.सं. | स्वास्थ्य सेवा | संख्या | बेड संख्या |
|---|---|---|---|
| १ | जिल्ला जनस्वास्थ्य कार्यालय | | |
| २ | सरकारी अस्पताल | | |
| ३ | प्रसुती गृह | | |
| ४ | वाल अस्पताल | | |
| ५ | आयुर्वेद अस्पताल | | |

| | | | |
|---|---|---|---|
| ६ | प्राकृतिक चिकित्सा | | |
| ७ | स्वास्थ्य चौकी | २ | ३ |
| ८ | प्राथमिक स्वास्थ्य स्याहार केन्द्र | | |
| ९ | निजी अस्पताल | | |
| १० | फार्मेसी | | |
| ११ | चिकित्सक संख्या | | |
| १२ | चिकित्सक अनुपात | | |
| १३ | क्लिनिक | १६ | २४ |
| १४ | बर्थिंङ सेन्टर: | २ | ३ |
| १५ | पोलि क्लिनिक | | |
| १६ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत | | |
| १७ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने प्रतिशत | | |
| १८ | सुडेनीबाट सुत्केरी गराउने प्रतिशत: | | |
| १९ | भिसीटी केन्द्र संख्या: htc | | |
| २० | महिला स्वयं सेविका संख्या: | ४० | |
| २१ | टि.बी. उपचार केन्द्र: | २ | |
| २२ | परिवार नियोजन का ५ विधि र ३ विधिको सेवा उपलब्ध स्वास्थ्य संस्था संख्या: | | |
| २३ | बि.ओ.सी.(आधारभुत) | | |
| २४ | सि.ई.ओ.सी.( अपरेसन सेवा) उपलब्ध स्वास्थ्य संस्था | | |

*स्रोत: वडा कार्यालयहरु, २०७५*

## ७.३.२ प्रमुख १० रोगहरुको विवरण

तालिका नं. ५९ : प्रमुख १० रोगहरुको विवरण

| क्र.सं. | प्रमुख रोगहरु | रोगीको संख्या | ओ.पि.डि.मा आउने विरामी संख्या |
|---|---|---|---|
| १ | रुघा खोकी | १११० | १४७४७ |
| २ | टाउको दुख्ने | ३६० | |
| ३ | ज्वरो | ३२० | |
| ४ | ग्यास्ट्रीक | २५० | |
| ५ | आउ | ४३० | |
| ६ | झाडापखला | ११४९ | |
| ७ | छाला रोग | ६३० | |
| ८ | आँखा सम्बन्धी समस्या | २२० | |
| ९ | कान सम्बन्धी समस्या | ८० | |
| १० | कम्मर सम्बन्धी रोग | ५० | |
| जम्मा | | ४५९९ | |

*स्रोत: वडा कार्यालयहरु, २०७५*

### ७.३.३ महिला स्वास्थ्य स्वयंसेविकाहरू

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको आधारमा एक महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधान रहेको थियो। नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्। आ.व. २०४९/५० जनसंख्या र क्षेत्रफलको आधारमा हिमाली भेगमा २५० जनसंख्या मा १ जना, पहाडमा ३०० जनसंख्यामा १ जना र तराईमा १००० जनसंख्यामा १ जना महिला स्वयंसेविका रहने व्यवस्था गरिएको छ।

### ७.३.४ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ। यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक वृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ। गाउँपालिकामा खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

त्यसैगरी हालसम्म यस गाउँपालिकाको बगाले, झारगजेरी, बवरपुर, हापुरे, सिमलकुना, मलै र कुटकुटैयामा गाउँघर क्लिनिक सञ्चालन भइरहेका छन्।

### ७.३.५ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एच.आई.भी.को प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका समेत यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एच.आई.भी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एच.आइ.भी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आइ.भी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आई.भी.को प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार दाङ जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.३.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बच्चा गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्धारण गर्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानि नोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन। बबई गाउँपलिकामा सुरक्षित मातृत्व अवस्था कायम गर्न भएका सुरक्षित मातृत्व कार्यक्रमको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६० : सुरक्षित मातृत्व कार्यक्रम विवरण

| सुरक्षित मातृत्व कार्यक्रम | | | | | | |
|---|---|---|---|---|---|---|
| साविका गा.वि.स. पंचकुले | पहिलो पटक आइरन चक्की पाउने गर्भवती महिला | दोस्रो पटक आइरन चक्की पाउने गर्भवती महिला | पहिलो पटक एएनसी जाँच गर्ने | | प्रोटोकल अनुसार चार पटक ए.एन.सी जाँच गर्ने | |
| | | | २० वर्ष र सोभन्दा माथिका गर्भवती | २० वर्ष भन्दा कम उमेरका गर्भवती | २० वर्ष र सोभन्दा माथिका गर्भवती | २० वर्ष भन्दा कम उमेरका गर्भवती |
| पंचकुले | २९७ | १२४ | १०९ | ९८ | ६३ | ६५ |
| पुरन्धारा | ४४३ | २७८ | १६६ | १३३ | ११४ | १५९ |
| जम्मा | ७४० | ४०२ | २७५ | २३१ | १७७ | २२४ |

*स्रोत: स्वास्थ्य सेवा विभाग, काठमाडौं २०७४*

यस बबई गाउँपालिकाको सुरक्षित मातृत्व कार्यक्रम हेर्दा गाउँपालिकामा पहिलो पटक एन.ए.सी जाँच गराउने २० वर्ष र सोभन्दा माथिका गर्भवती २७५ जना र २० वर्ष र सोभन्दा कम उमेरका गर्भवती २३१ जना रहेकोमा प्रोटोकल अनुसार चार पटक एन.ए.सी. जाँच गर्ने महिलाहहरुमा २० वर्ष र सोभन्दा माथिका गर्भवती १७७ जना २० वर्ष भन्दा कम उमेरका गर्भवती २२४ रहेका छन्। सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ साथै कार्यक्रहरु क्रमश विकास र विस्तारित हुँदै गएको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

### ७.३.७ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन्। तसर्थ यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ। शिशु र बाल्य अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको दिनै पर्दछ। बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रमा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.डी.जी.-४) प्राप्त गर्न सहयोग पुगेको छ। यस बबई गाउँपालिकामा लागाईएको खोपको विवरण तल तालिकामा दिईएको छ।

तालिका नं. ६१ : खोपको विवरण

| खोप कार्यक्रम | | | | |
|---|---|---|---|---|
| साविका गा.वि.स. | बि.सि.जि. खोप पाएका बालबालिका | डी.पी.टी-हेपाटाइटिस बी.-हिव तेस्रो खोप पाएका बालबालिका | दादुरा/रुबेला का खोप पाएका ९-११ महिनाका बालबालिका | २ ओटा टीडी पाएका गर्भवती महिला |
| पंचकुले | १४५ | १७६ | १९२ | १२४ |
| पुरन्धारा | ४६४ | ५०८ | ४९२ | ३६४ |
| जम्मा | ६०९ | ६८४ | ६८४ | ४८८ |

*स्रोत: स्वास्थ्य सेवा विभाग, काठमाडौँ २०७४*

### ७.३.८ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलविनियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.३.९ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर

राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०१६ (National Demographic and Health Survey 2016) का अनुसार नवजात शिशु मृत्युदर २१ प्रति हजार, शिशु मृत्युदर ३२ प्रति हजार र पँच वर्ष मुनिको बाल मृत्युदर ३९ प्रति हजार रहेको तथ्याङ्क सार्वजनिक भएको छ। बबई गाउँपालिकाको पाँच वर्ष मुनिको बाल मृत्युदर तथा शिशु मृत्युदरको तथ्याङ्क नभएतापनि राष्ट्रिय तथ्याङ्कले यहाँको अवस्था अनुमान गर्न सकिन्छ।

### ७.३.१० बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालवृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना,बेवास्ता, हेलचेक्राइ, दुव्र्यवहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि बाल अधिकारलाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। बबई गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ। यस बबई गाउँपालिकामा पोषणको विवरण तल तालिकामा दिईएको छ।

तालिका नं. ६२ : पोषणको विवरण

| साविका गा.वि.स. | Nutrition-New Registered for GM-New Visit 0-11 Months - Moderate | Nutrition-New Registered for GM-New Visit 0-11 Months - Normal | Nutrition-New Registered for GM-New Visit 0-11 Months - Severe | Nutrition-New Registered for GM-New Visit 12-23 Months - Moderate | Nutrition-New Registered for GM-New Visit 12-23 Months - Normal | Nutrition-New Registered for GM-New Visit 12-23 Months - Severe | Nutrition-Students Received Dewormin g Tablets-Boys |
|---|---|---|---|---|---|---|---|
| पंचकुले | - | २३६ | - | - | ३० | - | - |
| पुरन्धारा | १५ | १९९ | - | १२ | १०२ | - | - |

*स्रोत: स्वास्थ्य सेवा विभाग, काठमाडौं २०७४*

## ७.४ खेलकुद तथा मनोरञ्जन

राज्यको सामाजिक न्याय र समावेशीकिरणको नीति अन्तर्गत स्वस्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने नीति रहेको छ। खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको चौतर्फी विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास लागि प्रयासरत रहेको पाइन्छ। यसको लागि गाउँपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार भइरहेको देखिन्छ।

गाउँपालिकाले पनि आफ्नो कार्यक्षेत्र भित्र गतिशिल रहने गरी केही समितिहरू गठन गरेका छन्। खेलकुदलाई रीाष्ट्रय एकता सुदृढ गर्ने एवं अन्तराष्ट्रिय क्षेत्रमा अभिवृद्धि गर्ने माध्यमको रुपमा बिकास गर्ने देशको नीति अनुसार विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, व्याडमिन्टन जस्ता केही खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारी गरी विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

गाउँपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी बालबालिका तथा युवापुस्तालाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरु तयार गर्नुपर्ने देखिन्छ। गाउँपालिकामा स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिक रुपमा समन्वय गरी चिल्ड्रेनपार्कको व्यवस्था हुनुपर्ने, खेलकुद प्यारापिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरुलाई खेलकुद सामाग्री उपलब्ध गराउने आदि जस्ता कार्यहरु खेलकुद विकासको लागि गर्नुपर्ने देखिन्छ। गाउँपालिका रहेका बालबालिका तथा युवाहरुमा रहेको खेलकुदप्रतिको रुचि मध्यनजर गर्दै गाउँपालिकामा रहेका संभावना पहिचान गरको खण्डमा राष्ट्रिय खेलकुदमा टेवा पुग्ने देखिन्छ। यस गाउँपालिकामा रहेका खेल मैदान सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ६३ : खेलमैदान सम्बन्धी विवरण

| क्र.सं. | खेलमैदानको किसिम | अनुमानित क्षेत्रफल | वडा नं. | स्थान | उपयोगको अवस्था |
|---|---|---|---|---|---|
| १ | फुटबल | २०० मी. | १ | गंगटे | स्कुल समुदाय |
| २ | भलिबल | २०० मी. | १ | गंगटे | |
| ३ | क्रिकेट | २०० मी. | १ | गंगटे | |
| ४ | भलिबल खेलमैदान | ३६० वर्ग.मी. | २ | रामपुर | समाज सुधार युवा क्लव |
| ५ | फुटबल | ५०० वर्ग.मी. | २ | रामपुर | समाज सुधार युवा क्लव |
| ६ | फुटबल, भलिबल, क्रिकेट | १५० मि. | ३ | मदन भण्डारी स्टेडियम | बवई गा.पा. |
| ७ | फुटबल खेल मैदान | १ विगाहा | ४ | हस्तनापुर | स्थानीय खेल प्रेमी |
| ८ | भलिबल खेल मैदान | १० कठ्ठा | ४ | हस्तनापुर | स्थानीय खेल प्रेमी |
| ९ | फुटबल, भलिबल, क्रिकेट खेल मैदान | २ विगाहा | ४ | कञ्चनपुर | स्थानीय खेल प्रेमी |
| १० | पदमपुर खेल मैदान | १० कठ्ठा | ५ | हापुरे | सर्वसाधारण |
| ११ | फुटबल | १५० | ६ | पंचकुले | विद्यालय |
| १२ | भलिबल | १०० | ६ | छाउनीडाँडा | विद्यालय |
| १३ | फुटबल | १ बिगाहा | ७ | कृष्णपुर | स्थानीय वासिन्दा |
| १४ | फुटबल | २ बिगाहा | ७ | ओदाले | स्कुल |
| १५ | फुटबल | १० कठ्ठा | ७ | माँझगाउँ | स्थानीय बासिन्दा |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ सामाजिक सुरक्षा भत्ता

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरु एवंम दलित बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्नेछन् । यसै अनुरुप आ.व. २०७४/७५ सम्म बबई गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विस्तृत विवरण तल तालिकामा दिईएको छ ।

तालिका नं. ६४ : गाउँपालिकामा वितरण भएको समाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण

| वडा नं. | जेष्ठ नागरिक | | | | एकल महिला | विधवा महिला | लोपोन्मुख आदिवासी जनजाति | | पूर्ण अशक्त अपाङ्ग भएका | | आंशिका अशक्त अपाङ्ग भएको | | दलित बालबालिका | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | | अन्य | | | | | | | | | | | |
| | महिला | पुरुष | महिला | पुरुष | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | | | | | | | | | | | | | | |
| २ | १ | ३ | | | | | | | | | | | | |
| ३ | १९ | १७ | ४६ | ५० | ७८ | ४५ | १५ | ३० | ४ | १० | | | १६ | ११ |
| ४ | ६३ | ४५ | ३५ | ४० | | ९८ | | | २ | २ | ८ | ८ | ६० | १०० |
| ५ | ४० | ३५ | ५० | ४४ | १२३ | १२३ | | | ६ | ६ | १० | ४ | | |
| ६ | २० | ३५ | ५५ | ६७ | १०९ | १०९ | | | २ | १ | २ | २ | ४४ | २९ |
| ७ | १८ | ८ | ५५ | ५५ | | १२९ | | | १ | ३ | ५ | ७ | २७ | २२ |

*स्रोत: वडा कार्यालयहरु, २०७५*

### ७.५.२ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस बबई गाउँपालिकामा, ७० वर्ष उमेर नाघेका ५३८ जना बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। वृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउदै लगेको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस गाउँपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको ७६६ जना, ६५-६९ वर्षका ५१५ जना र थप वृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिकामा जिवित यी जेष्ठ नागरिकहरूको अमूल्य अनुभवबाट नयाँ पिढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

देशको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन्। महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहभागिता र लैङ्गिक समता भने कायम हुन सकेको छैन। यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा समाजिक संरचना, लैङ्गिक विभेद रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा पछाडी पारिएका छन्।

विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चित गर्न उनीहरुको आर्थिक र सामाजिक जीवनस्तरमा अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ। महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो। ग्रामीण विपन्न महिलाहरुलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिक रुपमा सशक्त बनाउन, सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ।

#### क) महिला विकास कार्यक्रम

ग्रामीण महिलाहरुको आर्थिक र सामाजिक विकास गर्ने लक्ष्य लिई वि.सं.२०३८ सालमा स्थानीय विकास मन्त्रालय तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय) मा महिला विकास शाखा खडा गरियो। आर्थिक वर्ष ०३९/०४० मा पहिलो पटक धादिङ, तनहुँ, स्याङ्गजा, नवलपरासी र सुर्खेत गरी ५ वटा जिल्लामा महिला विकास शाखाको स्थापना गरी ग्रामीण महिलाका लागि उत्पादन कर्जा (Production Credit for Rural Women (PCRW) कार्यक्रमको सुरुवात भयो। यो कार्यक्रमको मुल नारा "पेवा बढाउने" राखिएको थियो भने प्रतीक चिन्ह महिलाले थैलीमा पैसा हाल्दै गरेको थियो। यो ग्रामीण विपन्न महिला लक्षित थियो। हाल ७५ जिल्लामा महिला तथा बालालिका कार्यालयको स्थापना भइसकेको छ।

नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णय बाट मिति २०५७/०३/२६ देखि महिला विकास महाशाखा महिला विकास विभागमा र २०६७/०६/१२ मा महिला विकास तथा बालवालिका विभाग अनि मिति २०६०/१२/२६ को निर्णय बाट जिल्लास्थित महिला विकास शाखालाई महिला विकास कार्यालयम र २०६७/०६/१२ मा महिला महिला तथा बालबालिका कार्यालयमा परिणत गरियो ।

यो महिला विकास कार्यक्रममा ७ लाख भन्दा बढी महिलाको सहभागीता छ । विगत तीन दशकको दौरानमा कार्यक्रमको ढाँचा पनि परिवर्तन भएको  छ । व्यक्तित्व विकासका अवसर गुमाएका विपन्न महिलाको बहुआयामिक सशक्तिकरणका लागि वैकल्पिक अवसर सिर्जना गर्ने कार्यक्रमका आर्थिक-सामाजिक विधिहरु प्रभावकारी देखिएका छन्। बबई गाउँपालिकामा महिला विकास कार्यालयबाट बनाईएका महिला समूहहरुको विस्तृत विवरण तल तालिकामा दिईएको छ ।

तालिका नं. ६५ : महिला विकास कार्यालय बाट बनाईएका महिला समूहहरुको विवरण

| क्र. सं. | साविकको गा.वि. (स./न.पा. | महिला विकास कार्यालय बाट बनाईएका महिला समूह | महिला समूहका महिला सदस्य संख्या | महिलाको बचत तथा ऋण सहकारी संख्या | महिलाको बचत तथा ऋण सहकारीमा शेयर सदस्य संख्या |
|---|---|---|---|---|---|
| १ | पञ्चकुले | ६ | ३० | १ | २५ |
| २ | पुरन्धारा | १६ | १२१ | १ | ९४ |
| जम्मा | | २२ | १५१ | २ | ११९ |

*स्रोत : जिल्ला पार्श्वचित्र दाङ,२०७१*

समयको दौरानको संगै यस्ता कार्यक्रमहरुले लैङ्गिक असमानतामा क्रमश कम गर्दै आएको छ । यसैगरी बबई गाउँपालिकामा महिला विकास कार्यालय तथा विभिन्न निकायबाट सञ्चालित कार्यक्रमहरु र समूहले महिलाको सहभागिता र महिलाले आफ्नो समस्याहरु आपसमा छलफल गर्ने मौका पाएका छन्। आम्दानीका विभिन्न अवसरको लागि महिला बचत तथा ऋण सहकारी संस्थाहरुले पनि महिला लक्षित कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस बबई  गाउँपालिकामा महिला विकास कार्यालयबाट २२ महिला समूहहरु सञ्चालित छन् । यसैगरी २ महिला बचत तथा ऋण सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन् जसमा ११९ जना शेयर सदस्य छन् । त्यस्तै अन्य समूहरुले महिला जनजागरण ल्याउन विभिन्न कार्यक्रमहरु ल्याएका छन् ।

यद्यपि गर्भवती महिलाहरुको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ। आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै विकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ। सामाजिक

क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ। महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ।

## ७.६.२ आमा समूहको विवरण

तालिका नं. ६६ : आमा समूहको विवरण

| क्र.सं. | आमा समूहको नाम | ठेगाना (वडा नं सहित) | सदस्य संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | आशीर्वाद आमा समूह | बबई-२ गजमतपुर | ३० | |
| २ | छहरा आमा समूह | बबई-२ वगाले | १७ | |
| ३ | सगरमाथा आमा समूह | बबई-२ ताले | २२ | |
| ४ | जलजला आमा समुह | बबई-३ हंशपुर | २७ | |
| ५ | प्रगतिशील आमा समुह | बबई-३ पतेरी | ३६ | |
| ६ | सारदा आमा समुह | बबई-३ पतेरी | २० | |
| ७ | प्रगति आमा समूह | बबई-४ | १४ | |
| ८ | महिला उत्थान एकारुप आमा समूह | बबई-४ | २६ | |
| ९ | नमुना स्वास्थ्य आमा समूह | बबई-४ | १७ | |
| १० | पुर्व हापुरे आमा समुह | बबई-५ | १०० | |
| ११ | पदम्पुर आमा समुह | बबई-५ | ५० | |
| १२ | बबरपुरआमा समुह | बबई-५ | ३० | |
| १३ | आइरन स्वास्थ्य आमा समूह | बबई-६ | २४ | |
| १४ | एकता स्वास्थ्य आमा समूह | बबई-६ | ३१ | |
| १५ | महिला शान्ति स्वास्थ्य आमा समूह | बबई-६ | ३५ | |
| १६ | नमुना स्वास्थ्य आमा समूह | बबई-६ | २४ | |
| १७ | सृजनशिल स्वास्थ्य आमा समूह | बबई-६ | २५ | |
| १८ | कामना स्वास्थ्य आमा समूह | बबई-६ | २६ | |
| १९ | प्रगतिशिल स्वास्थ्य आमा समूह | बबई-७ | १८ | |
| २० | हरियाली स्वास्थ्य आमा समूह | बबई-७ | १८ | |
| २१ | चुरे भावर स्वास्थ्य आमा समूह | बबई-७ | २१ | |
| २२ | शुभकामना स्वास्थ्य आमा समूह | बबई-७ | २३ | |
| २३ | झरना स्वास्थ्य आमा समूह | बबई-७ | २२ | |
| २४ | समाज सुधार स्वास्थ्य आमा समूह | बबई-७ | २१ | |
| २५ | रातो गुलाव स्वास्थ्य आमा समूह | बबई-७ | २९ | |
| २६ | मिलिजुली स्वास्थ्य आमा समूह | बबई-७ | ४२ | |
| २७ | छरछिमेकी स्वास्थ्य आमा समूह | बबई-७ | ४० | |
| २८ | प्रगतिशिल स्वास्थ्य आमा समूह | बबई-७ | १८ | |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

### ७.६.३ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्यूनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

बबई गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको छ। गाउँपालिका क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र गाउँपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चितता गरी पूर्ण खोपयुक्त गाउँपालिकाको रुपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ।

### ७.६.४ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितिगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नको लागि विभिन्न स्तरका निति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधित्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेका छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरू (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतना शिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

तालिका नं. ६७ : बालक्लबको विवरण

| वडा नं. | समुदायमा आधारित वालक्लवहरु | | | | विद्यालयमा आधारित वालक्लवहरु | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बालक्लबको कुल संख्या | बालिका | बालक | जम्मा | बालक्लबको कुल संख्या | बालिका | बालक | जम्मा |
| ७ | | | | | १ | ३० | ५० | ८० |

## ७.७ परिवार विहिन बालवालिकाको विवरण

| विवरण | बालिका | बालक | जम्मा | कैफियत |
|---|---|---|---|---|
| पारिवारिक संरक्षणविहीन बालबालिकाको कुल सङ्ख्या | ५० | ४८ | ९८ | |
| परिवारमा वयस्क व्यक्ति नभइ बालबालिका मात्र भएको अवस्थामा रहेका बालबालिका | ५७ | ४८ | १०५ | |
| आफन्तको संरक्षणमा रहेका बालबालिका | ७० | ५३ | १२३ | |
| संस्थागत संरक्षणमा रहेका बालबालिका | | | | |
| सडक बालबालिका | १ | | १ | |
| जेलमा रहेका | | | | |
| हिंसा/यातना पीडित | ३ | ५ | ८ | |
| अलपत्र वा वेवारिसे अवस्थामा फेला परेका | | | | |
| बेचविखनमा परेका बालबालिका | | | | |
| जम्मा | १८१ | १५४ | ३३५ | |

*स्रोत: वडा कार्यालयहरु, २०७५*

## ७.८ अपाङ्गताको विवरण


शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार बबई गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या ३.३२ प्रतिशत (९१३ जना) रहेको छ। जसमा शारिरिक अपाङ्गता भएका ३५२ (३८.५५ प्रतिशत), श्रवण, दृष्टिविहीन सम्बन्धी अपाङ्गता

भएका १० (१.१० प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ६७ जना (७.३४ प्रतिशत) देखिन्छन् भने दृष्टि सम्बन्धी अपाङ्गता भएका २०४ जना (२२.३४ प्रतिशत) र बौद्धिक अपाङ्गता भएका ६ जना (०.६६ प्रतिशत) रहेको देखिन्छ। साथै मानसिक अपाङ्गता ४४ जना (४.८२ प्रतिशत) र बहु अपाङ्गता ६५ (७.१२ प्रतिशत) रहेका छन्। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुर्‍याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ। यस बबई गाउँपालिकामा भएको अपाङ्गताको विवरण लाई तल तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ६८ :** अपाङ्गताको विवरण

| | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १९३ | ९९ | ७१ | ६ | ३६ | २६ | ४ | ३५ | ४७० |
| महिला | १५९ | १०५ | ९४ | ४ | ३१ | १८ | २ | ३० | ४४३ |
| जम्मा | ३५२ | २०४ | १६५ | १० | ६७ | ४४ | ६ | ६५ | ९१३ |
| प्रतिशत | ३८.५५ | २२.३४ | १८.०७ | १.१० | ७.३४ | ४.८२ | ०.६६ | ७.१२ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




### ७.८.१ अपांग परिचयपत्र प्राप्त जनसंख्याको विवरण

तालिका नं. ६९ : अपांग परिचयपत्र प्राप्त जनसंख्याको विवरण

| वडा नं. | पूर्ण अशक्त अपाङ्गता (रातो रंगको) | | | अति अशक्त अपाङ्गता (नीलो रंगको) | | | मध्यम अपांगता ( पहेलो रंगको) | | | सामान्य अपाङ्गता ( सेतो रंगको) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | ३ | १ | ४ | ४ | १० | १४ | | | | १ | २ | ३ |
| ४ | २ | २ | ४ | २ | २ | ४ | | | | | | |
| ५ | ७ | ५ | १२ | ७ | ७ | १४ | | | | | | |
| ६ | १ | १ | २ | २ | २ | ४ | | | | | | |
| ७ | | | | | | | | | | | | |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

## ७.९ खानेपानी तथा सरसफाई


### ७.९.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं. ७० : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ४३५४ | ३३ | २०६ | १७९ | ६५४ | ४९३ | १ | २५ | ५,९४५ |
| ७३.२४ | ०.५६ | ३.४७ | ३.०१ | ११.०० | ८.२९ | ०.०२ | ०.४२ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

बबई गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत भूमिगत जलस्रोत भएकोले गाउँपालिकाका परिवारहरुले सबैभन्दा बढी मूल धाराको ट्युबवेल तथा हाते पम्पको प्रयोग गरेको पाइएको छ। गाउँपालिकामा मूल धाराको प्रयोगगर्ने घरधुरी संख्या ६५४ (११.०० प्रतिशत), नदी/खोलाको प्रयोग गर्ने घरधुरी संख्या ४९३ (८.२९ प्रतिशत), तेस्रोमा ढाकिएको इनार तथा कुवाको प्रयोग गर्ने घरधुरी २०६ (३.४७ प्रतिशत) रहेको छ। गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसको विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।




## ७.९.२ खानेपानीको विवरण

तालिका नं. ७१ : खानेपानीको विवरण

| वडा | धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३७६ | २९ | ० | ४ | १८० | २७० | ० | १ | ८६० |
| २ | ५९८ | ० | १ | १२ | ८० | १४ | ० | ६ | ७११ |
| ३ | ५८७ | ० | १ | ० | १३ | २६ | १ | ० | ६२८ |
| ४ | ८०९ | १ | २ | ० | ११ | २४ | ० | ३ | ८५० |
| ५ | ६९३ | १ | ४६ | ५० | २३८ | ४० | ० | ६ | १,०७४ |
| ६ | ८२५ | १ | ३५ | ११० | १४ | २ | ० | ५ | ९९२ |
| ७ | ४६६ | १ | १२१ | ३ | ११८ | ११७ | ० | ४ | ८३० |
| जम्मा | ४,३५४ | ३३ | २०६ | १७९ | ६५४ | ४९३ | १ | २५ | ५,९४५ |
| प्रतिशत | ७३.२४ | ०.५६ | ३.४७ | ३.०१ | ११.०० | ८.२९ | ०.०२ | ०.४२ | १०० |

*स्रोत : बबई दर्पण २०७१*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको सबै वडाहरुमा सबैभन्दा बढी धारा तथा पाइपको प्रयोग गरेको देखिन्छ। दोस्रो ठूलो स्रोतको रुपमा मूल धारा प्रयोग गरेको देखिएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएका छ ।

## ७.९.३ गाउँपालिकामा सञ्चालित खानेपानीका सार्वजनिक आयोजना एवं निजी उद्योगसम्बन्धी विवरण

तालिका नं. ७२ : गाउँपालिकामा सञ्चालित खानेपानीका सार्वजनिक आयोजना एवं निजी उद्योगसम्बन्धी विवरण

| क्र.सं. | खानेपानी आयोजना र उद्योगको नाम | ठेगाना | सञ्चालन | स्वामित्व | पानीको श्रोत | अवस्था | लाभान्वित घरधुरी संख्या | आयोजनाले समेटीने क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| १ | धागो छहरा खानेपानी | बवई-२ | २०५४ | सार्वजनिक | खोला | जीर्ण | १५० | |
| २ | सिसापानी खानेपानी | बवई-२ | २०७२ | सार्वजनिक | मूल | ठीकै | १०० | |
| ३ | तत्ने खानेपानी | बवई-३ धनुवास | | | मुल | नपुगेको | २७५ | धनुवास, हंशपुर |
| ४ | घट्टेखोला तरुले खानेपानी | बवई-३ घट्टेखोला | | | मुल | नपुगेको | ११० | घट्टेखोला, पतेरी |
| ५ | हापुरे खानेपानी | बवई-४ | २० वर्ष | | मुलखोला | भ्रष्टाचार | ३००० | बवई ४ र ५ |
| ६ | हापुरे खानेपानी | बवई-५ | | संस्था | मुलखोला | ठीकै | ५०० | बवई ४ र ५ |
| ७ | बबरपुरखानेपानी | बवई-५ | | संस्था | मुलखोला | ठीकै | २५० | बवई ५ |
| ८ | शिवशक्ति खानेपानी | ढोलपुर ७ | | सार्वजनिक | डिप बोरिङ | ठिक छ | १६५ | ७ (खरा, कृष्णपुर) |
| ९ | वनसुके खानेपानी | चरकमटिया ७ | | | मूल | ठिक छ | ३० | ७ (चरकमटिया) |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

## ७.९.४ खानेपानीको संभावित श्रोतहरु

तालिका नं. ७३ : खानेपानीको संभावित श्रोतहरु

| क्र.सं. | खानेपानीको श्रोत | ठेगाना | लाभान्वित क्षेत्र |
|---|---|---|---|
| १ | मुल | गजमतपुर २ | २० घरधुरी |
| २ | चिसापानी | ताले २ | १५ घरधुरी |
| ३ | मुल | तरुले, घट्टेखोला, धनुवास | तरुले, हंशपपुर, रातामाट |
| ४ | खोला | घट्टेखोला, लाटुपोले | सितापुर, कपरेल, लक्ष्मीपुर |
| ५ | मुल, खोला | बवई ४ | बवई ४ र ५ |
| ६ | मुल, खोला | बवई ५ | बवई ४ र ५ |
| ७ | मुल खोला | बबइ ६ | वडा नं. ६ |
| ८ | मुल | झारगजेरी/बराहथान | झारगजेरी |
| ९ | मुल | चरकमटिया | चरकमटिया सबै |
| १० | मुल | चरकमटिया | चरकमटिया सबै |
| ११ | जाटीके खोला | बदाले | बदाले कालीतरा |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*


## ७.९.५ शौचालयको विवरण

तालिका नं. ७४ : शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | ५५ | १५४६ | १५०२ | २८१७ | २५ | ५,९४५ |
| प्रतिशत | ०.९३ | २६.०१ | २५.२६ | ४७.३८ | ०.४२ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा बबई गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। सबैभन्दा धेरै फ्लस भएको (सेप्टि ट्याङ्की) आधुनिक शौचालय प्रयोग गर्नेको परिवार १,५४६ (२६.०१ प्रतिशत) रहेको छ। दोस्रोमा साधारण शौचालयको प्रयोग गर्नेको संख्या १,५०२ (२५.२६ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या ५५ (०.९३ प्रतिशत) देखिएको छ। यसैगरी धेरैजसो घरमा शौचालय नभएको पनि पाइएको छ जुन जम्मा घरपरिवार संख्याको ४७.३८ प्रतिशत अर्थात २,८१७ घरपरिवार शौचालय विहिन रहेको देखिन्छ। यो तालिकाबाट जनस्वास्थ्य र सरसफाइको क्षेत्रमा चेतनाको अभाव देखिन्छ।



### ७.९.६ वडागत शौचालयको संख्याको विवरण

तालिका नं. ७५ : वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ९० | ६८ | ६९९ | १ | ८६० |
| २ | ५ | २२० | २६० | २२० | ६ | ७११ |
| ३ | ० | ११९ | ३४१ | १६८ | ० | ६२८ |
| ४ | १२ | २३३ | २९४ | ३०८ | ३ | ८५० |
| ५ | १५ | २९२ | १८४ | ५७७ | ६ | १,०७४ |
| ६ | ७ | ३०१ | २७३ | ४०६ | ५ | ९९२ |
| ७ | १४ | २९१ | ८२ | ४३९ | ४ | ८३० |
| जम्मा | ५५ | १,५४६ | १,५०२ | २,८१७ | २५ | ५,९४५ |
| प्रतिशत | ०.९२५१ | २६.०१ | २५.२६ | ४७.३८ | ०.४२१ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

माथि तालिकामा राष्ट्रिय जनगणना २०६८ अनुसार गाउँपालिकाका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई देखाइएको छ जसको अध्ययन गर्दा वडा नं.२, ४, ५, ६ र ७ वडामा सबैभन्दा बढी फ्लस भएको (सेफ्टि ट्याङ्की) प्रयोग गरेको पाईयो भने दोस्रोमा साधारण चर्पीको प्रयोग धेरै भएको देखिन्छ भने बाँकी सबै वडाहरुमा शौचालय प्रयोग नगर्नेको परिवार संख्या बढी रहेको देखिन्छ ।

## ७.१० खुला दिशा मुक्त क्षेत्र

देशका कतिपय भागहरुमा सामुदायिक स्वास्थ्यका हिसाबले हानिकारक खुला रुपमा दिसा पिसाब गर्ने प्रवृति रहेको छ। यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका दृष्टिले समेत अवाञ्चित कार्य हो। तर हालका वर्षहरुमा सञ्चार माध्यमहरु क्षेत्रको सकारात्मक भूमिका, शिक्षाको विकास र विस्तारले आम जनसमुदायलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्य भईरहेको छ। यसै अभियान अन्तर्गत यस बबई गाउँपालिका समेत पुर्ण दिशा मुक्त क्षेत्र घोषणा तर्फ लागेकोले जनस्वास्थ्यको दृष्टिकोणले सकारात्मक सुधार निश्चित छ।

## ७.११ फोहोर मैला व्यवस्थापन

गाउँपालिकालाई सधैं सफा राखी वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आउने क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा सरसफाई अभियानको रुपमा संचालन भएको पाइन्छ। हाल गाउँपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ। हाल यस गाउँपालिकामा देखिएका समस्याहरु देहाय बमोजिम रहेको छ :

- ✓ फोहोर व्यवस्थापनका नाममा फोहोरहरु खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ। यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्‍याएर प्रदुषणलाई बिस्तारित गर्दछ।

✓ जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ ।

फोहोरमैला व्यवस्थापन गर्न निम्न कुरामा ध्यान दिनुपर्ने देखिन्छ :

✓ भान्छाकोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने ।

✓ कुहिनेलाई मलमा प्रयोग गर्न घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम गाउँपालिकाले गर्ने ।

✓ नकुहिने फोहोरलाई पून: बिभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा। यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेकपछि पून प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने। यस गाउँपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने

## ७.१२ शवदाह/ चिहानहरुको विवरण

विभिन्न धर्म र चालचलन अनुसार मानिसको मृत्यु भइसकेपछि अन्तिम संस्कार गर्ने फरक फरक चलन रहँदै आएको छ। हिन्दु धर्म मान्ने मानिसहरुको मृत्युपछि अन्तिम संस्कार नदीको किनारमा घाटमा जलाएर गर्ने गर्छन् भने बौद्ध धर्मावलम्बीहरुले चिहानडाँडामा लगेर जलाएर नै अन्तिम संस्कार गर्ने गरेको पाइन्छ। क्रिस्चियन धर्मावलम्बीहरुले लासलाई कफिनभित्र राखेर जमिनमुनी गाडी अन्तिम संस्कार गर्दछन्।

## ७.१३ सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण

बबई गाउँपालिकामा रहेका विभिन्न सार्वजनिक पाटी पौवा तथा चौताराहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ। विगतमा सडक यातायातको विस्तार र विकास नहुँदा यी पाटी तथा चौताराहरु बटुवाहरुको आराम गर्ने तथा थकान मेटाउन महत्वपूर्ण स्थलहरुको रुपमा विकसित भएको र हाल यस्ता स्थानहरु सार्वजनिक बहस तथा स्थानियवासीहरु जम्मा भइ अन्तरक्रिया गर्ने सार्वजनिक स्थलको रुपमा रहेका छन्। पार्क र उद्यान जस्तै यी सार्वजनिक क्षेत्रहरुको समेत संरक्षण गर्न जरुरी छ।

तालिका नं. ७६ : सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण

| क्र.सं. | पाटीपौवा, चौतारा, मन्दिर, चर्च, गुम्बा र मस्जिद | वडा नं. | स्थान | उपयोग | कैफियत |
|---|---|---|---|---|---|
| १ | घट्टेखोला स्कुल चौतारा | ३ | घट्टेखोला | स्कुल | |
| २ | धनुवास चौतारा | ३ | धनुवास | जनता | |
| ३ | हंशपुर चौतारा | ३ | हंशपुर | विद्यार्थी | |
| ४ | तिते बवई युवा क्लव प्रतिक्षालय | ५ | हापुर माथिल्लो बजार | यात्रु | |
| ६ | प्रतिक्षालय | ७ | चरकमटिया | बटुवा | छविलाल हमालको सम्झना |
| ७ | प्रतिक्षालय | ७ | मलैखोला डाँडा | बटुवा | स्थानिय जनता |
| ८ | पिपल चौतारा | ७ | मठेउरा/मठेउरी | बटुवा | नेपाल आर्मी |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

## ७.१४ पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थल सम्बन्धी विवरण

क्रमश विकास भैरहेका बजार क्षेत्र तथा गाउँपालिकाको विभिन्न स्थानमा रहेको पार्क तथा उद्यानहरु सार्वजनिक सम्पत्तिहरु हुन् । विशेषत गाउँपालिका क्षेत्रको पर्यावरणीय प्रणालीलाई सुदृढ बनाउन खुल्ला क्षेत्रहरुलाई जोगाइ राख्न यस्ता क्षेत्रहरुको संरक्षण गर्न जरुरी हुन्छ । यी क्षेत्रहरुले गाउँपालिकाको सुन्दरता कायम राखी स्वच्छ वातावरण निर्माणमा सहयोग पुऱ्याउँछन् ।

तालिका नं. ७७ : पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थल सम्बन्धी विवरण

| सि.नं. | वडा नम्बर | स्थलको नाम | उपयोग | क्षेत्रफल/आकार | स्वामित्व | आम्दानी | सेवाग्राही (वार्षिक) |
|---|---|---|---|---|---|---|---|
| १ | ३ | गौरीशंकर मन्दिर | मनोरञ्जन | | सामुदायिक | | ५००० |
| २ | ४ | चित्तलगैरा पिक्निक | पिक्निक | २६०४० | सामुदायिक | | |
| ३ | ४ | धागे छहरा | पिक्निक, मनोरञ्जन | १३५२० | सामुदायिक | | २६९ |
| ४ | ५ | पुरन्धारा | मनोरञ्जन | १ विगाहा | सामुदायिक | ५ लाख | ५०,००० |
| ५ | ५ | धारापानी मन्दिर | पिक्निक | १ विगाहा | स्थानीय | १ लाख | ५००० |
| ६ | ६ | चिसापानी | पिकनिक | १०० मील | सामुदायिक | | सेवाग्राही |
| ७ | ६ | पञ्चकुले | खेलकुद | १५० मि | सामुदायिक | | सेवाग्राही |
| ८ | ७ | वेलासपुर | पिकनिक | ४ विगाहा | सामुदायिक | छैन | ५०० |
| ९ | ७ | झारगजेरी बराहक्षेत्र | पिकनिक | ५ विगाहा | सामुदायिक | छैन | ३०० |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती



नेपालको प्रदेश नं ५ को दाङ जिल्ला अर्थात् भित्री मधेसमा रहेको यस गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। बबई गाउँपालिकामा ७५.७९ प्रतिशत अर्थात १९५.१ वर्ग कि.मी भूभाग वन क्षेत्रले ढाकेको छ।

यस गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा साल, खयर, साज, कुटमिरो, आँप, जामुनो, कटुज, सिमल, चिउरी, घोकर टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, कुम्भी, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

बबई गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्तत: लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस गाउँपालिकामा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन्। जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमश: लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावारको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावारहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल,  लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन्।

यस गाउँपालिका क्षेत्रमा रहेका वनजंगलहरुले बाघ, भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, हात्ती, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ । गाउँपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषत: कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कर्‍याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृति प्रदत्त यी जैविक र वनस्पतिय अमूल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

गाउँपालिकाको हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि जनसंख्या र बसाईसराइको अत्यधिक चाप र भुमीको उर्वरापनका कारण यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरु लगायतका क्षेत्रहरुको समेत संरक्षण गर्नुपर्ने देखिन्छ।

## ८.३ लघु वन पैदावार

गाउँपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। पञ्चवर्षिय जिल्ला वन कार्ययोजनाले ५० प्रकारका वनपैदावार पहिचान गरेको छ । यस गाउँपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा चिराईतो, तेजपात, बोझो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपामार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि मुख्य हुन्।

## ८.४ गाउँपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

बबई गाउँपालिका रहेको दाङ जिल्लामा धेरै प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन्। यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा बाघ, भालु, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, निलगाई, हात्ती, खरायो, मलसाप्रो, ढेडु आदि छन।

### (ख) चराचुरुङ्गी

बबई गाउँपालिका रहेको दाङ जिल्लामा करिब १४० प्रकारका चराहरु पाइन्छन्। यस गाउँपालिकामा पाईने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन्।

### (ग) घस्रने जिवजन्तुहरू

यस गाउँपालिकामा पाइने घस्रने जिवजन्तुहरूमा मगर गोही, दुर्लभ रातो खोल भएको कछुवासहित ३ जातका कछुवा, अजिँगर, भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) जलचर तथा उभयचर जीवहरु

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, जातका माछाहरु, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि पाइन्छन्।

### (ङ) कीरा फट्याङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, भुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्यूँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरु आदि।

### (च) फूलका प्रजातिहरु

सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि गाउँपालिकामा पाईने फुलका प्रजातिहरु हुन्।

## ८.५ वनजंगल

बबई गाउँपालिका समुद्री सतहबाट ४७० मिटरको उचाईदेखि शुरु भएर १८९१ मीटरसम्म गएर अन्त्य भएको छ। यो गाउँपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ। वनक्षेत्र भित्र थुप्रै ताल/तलैया, सिमसार क्षेत्र र ठूला ठूला घाँसे मैदानहरु समेत रहेका छन्। गाउँपालिका बाहिरका अन्य गाउँपालिका तथा जिल्लाहरुमा करिव करिव लोप हुने अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस गाउँपालिकामा प्रशस्तै मात्रामा रहेको छ। यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नालाको अभिन्न सम्बन्ध रहेको छ।

वन क्षेत्र तराईको समथल भू-भागदेखि चुरे पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ। उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस गाउँपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ। हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, तराई हार्डउड, खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रत वन र झाडी बुट्यान रहेका छन्।

यस गाउँपालिकामा जिल्ला वन कार्यालय तथा बबई र फुलबारीमा गरी २ ईलाका वन कार्यालयहरु कार्यरत छन्। बबई गाउँपालिकामा ४९६४.६ हे. सामुदायिक वन, ९३४३.२ हे. सरकारद्वारा व्यवस्थित वन गरी जम्मा १४३०७.८ हे. वन रहेको देखिन्छ। जसको विवरण तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ७८ : गाउँपालिकामा रहेको वनको विवरण

| क्र.सं. | सविकको गा.वि.स./न.पा. | वनको क्षेत्रफल (हे.) | | | |
|---|---|---|---|---|---|
| | | सामुदायिक वन | सरकारद्वारा व्यवस्थित वन | जम्मा वन | चुरे क्षेत्रफल |
| १ | पञ्चकुले | १३३३.५५ | ३६८३.४५ | ५०१७ | ७३५१ |
| २ | पुरन्धारा | ३६३१.०५ | ५६५९.७५ | ९२९०.८ | १६१४५.८ |
| जम्मा | | ४९६४.६ | ९३४३.२ | १४३०७.८ | २३४९६.८ |

*जिल्ला पार्श्वचित्र दाङ, २०७१*

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको निति अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरु नै हुन्छन्। यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपूर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन

व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ। विगतमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदिको कारण र भैरहेको वन विनासले चुरेको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा चुरे क्षेत्रका बस्तीहरुमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर चुरेको भावर क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप चुरेको भावर क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म गाउँपालिकाले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी

दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा वृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

तालिका नं. ७९ : सामुदायिक वन सम्बन्धी विवरण

| क्र.सं. | सामुदायिक वनको नाम | वडा नं | जंगलको क्षेत्रफल हेक्टरमा | ओगटेको क्षेत्रफल | लाभान्वित घरधुरी |
|---|---|---|---|---|---|
| १ | मनसुना सामूदायिक वन | २ | ११६३ | ७०० | ४०० |
| २ | तिनतले सामुदायिक वन | २ | | | |
| ३ | शोभाखुरे सामूदायिक वन | २ | ४९२ | २५० | २०० |
| ४ | ओखलढुङ्गा सामुदायिक वन | ३ | ४६९ | ४६९ | ६०० |
| ५ | सल्लीकोट सामुदायिक वन | २,३ | ७७.२९ | ७७.२९ | ३५० |
| ६ | चित्तलगैरा सामुदायिक वन | ४ | २५६ | | ४२५ |
| ७ | मधुरा सल्लीकोट सामुदायिक वन | ४,५ | ५५६ | | ३३५ |
| ८ | पुर्व हापुरे सामुदायिक वन | ४,५ | ४६५ | | ३०२ |
| ९ | पदमपुर सामुदायिक वन | ४,५ | ५६२.८ | | ४६८ |
| १० | खयरभट्टी सामुदायिक वन | ५ | १८७.८९ | | २०१ |
| ११ | हुरुम सल्लेरी सा.व. | ५ | | | |
| १२ | महिला हरियाली सा.व. | ५ | | | |
| १३ | देविडाँडा सा.व. | ५ | | | |
| १४ | कालापानी सा.व. | ५ | | | |
| १५ | वाघदैला सामुदायिक वन | ६ | ३५५ हे | | ७०० |
| १६ | पनेसुवा सा.व. | ६ | | | |
| १७ | सातपोखरी सा.व.उ.स | ७ | ७३०.५५ हे | | ३९९ |
| १८ | झारगजेरी सा.व.उ.स | ६,७ | २५७.४३ हे | | ५९५ |
| १९ | लक्ष्मी सा.व.उ.स | ७ | १२ हे. | १२ | ३० |
| २० | सम्झना सा.व.उ.स (दर्ता नभएको) | ७ | ३० हे. | ३० | १२० |

*स्रोत: सम्बन्धित वडा कार्यालय, २०७५*

### ८.५.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ। गाउँपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ ।

#### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

गाउँपालिकाको कुल वन क्षेत्र मध्ये गाउँपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ ।

#### ८.५.४ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस गाउँपालिकामा संचालन गरिएको छ ।

### ८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस गाउँपालिकाका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन् । वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ ।

### ८.७ वनपैदावारको माग र आपूर्ति

अत्यधिक बसाई सराईले गर्दा दाङ जिल्लाको जनसंख्याको वृद्धि नेपालको औसत वृद्धि भन्दा बढी छ । तथापि दाङ जिल्लामा रहेको बबई गाउँपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस गाउँपालिकाको आपूर्तिलाई पु¥याई जिल्लाभित्रकै अन्य गाउँपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ ।

यस गाउँपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरुमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ ।

### ८.८ जडिबुटी सम्बन्धी विवरण

यस गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यु, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ ।

## ८.९ वन पैदावारमा आधारित उद्योगहरूको विवरण

बबई गाउँपलिकाको वन पैदावारमा आधारित उद्योगहरूको अध्ययन गर्दा स:मिल तथा फर्निचर उद्योगहरू, ईटा टायल उद्योग आदि रहेका छन्। यी उद्योगहरूबाट पनि ठूलो परिमाणका काठको खपत हुने गरेको छ। गाउँपालिकामा हालसम्म सञ्चालनमा रहेको वन पैदावारमा आधारित उद्योगहरू नियमितरुपले सञ्चालनमा रहेको देखिन्छ।

## ८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमूल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ। यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्यधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ। जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ। वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरु निम्न बुँदाहरुमा उल्लेख गरिएको छ।

- ✓ घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने।
- ✓ बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने।
- ✓ पर्यापर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन् र उपयोग गर्ने।
- ✓ दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने।
- ✓ जौविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने।

# खण्ड ९ : विकास सुचकाङ्क र गरिबीको स्थिति

## ९.१ मानवविकास सूचकाङ्कको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन्। यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सुचकाङ्क निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था तथा जीवन स्तरको अवस्थामा पनि गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रति व्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार दाङ जिल्लाको मानव विकास सूचकाङ्क ०.४८५ (नेपालको ०.४९०) रहेको छ। अर्थात् दाङ जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्क आधारमा सबै भन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ। पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने होभने दाङ जिल्लाको अपेक्षित औषत आयु (Life expectancy) ६७.३३ वर्ष र यसको सूचक ०.७०५, प्रौढ साक्षरता दर (Adult literacy) ६२.४१ प्रतिशत र यसको सूचक ०.६२४, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) ३.८३ वर्ष र यसको सूचक ०.२५५ तथा कुल प्रति व्यक्ति आय (Per Capita Income) १,१२७ अमेरिकी डलर र यसको सूचक ०.४०४ रहेको देखिन्छ। यसलाई तलको तालिका बाट स्पष्ट पार्न सकिन्छ।

तालिका नं. ८० : मानवविकास सुचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानवविकास सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षितआयु | | प्रौढ साक्षरता | | विद्यालयजाने मध्यमवर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रयशक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| दाङ | ६७.३३ | ०.७०५ | ६२.४१ | ०.६२४ | ३.८३ | ०.२५५ | १,१२७ | ०.४०४ | ०.४८५ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दाकमभएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानीन पुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा दाङ जिल्लामा नवविकास सूचकाङ्कको स्थिति खासै राम्रो अवस्थामा रहेको देखिदैन। दाङ जिल्लाको मानव गरीबी सूचकाङ्कमान ३४.९२ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तैः प्रौढ निरक्षरता दर मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्क १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा दाङ जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ३७.५९ प्रतिशत, ४० वर्षसम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ७.९८ प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ४४.७२ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ३९.३० प्रतिशत रहेको देखिन्छ।

(स्रोत : नेपाल मानव विकास प्रतिवेदन, २०१४, UNDP,NEPAL)

## ९.३ मानवविकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार दाङ जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला ३२ औं स्थानमा रहेको छ र गरीबीको दर ८.०१ प्रतिशत रहेको छ। जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या १,३७,२५५ रहेको देखिन्छ। गरिबीको दरको आधारमा सबै भन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ८१ : गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ३२ | २५.०५ (८.०१) | ५.९(२.५७) | २.०३ (१.०७) | १३७२५५ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजीतथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जन कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार २७,४६९ जनसंख्या रहेको यस गाउँपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम-समुन्नत गाउँपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँपालिकाबासीहरूको मानवविकास सूचकाङ्क, लैंगिक समता सुचकाङ्क, औसत आयु, कूल ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको पर्याप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा तथा पाइप प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ७३.२४ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको मूल धारा प्रयोग गर्नेको संख्या ११ प्रतिशत देखिन्छ। त्यस्तै, नदी/खोला प्रयोग गर्ने ८.२९ प्रतिशत, ढाकिएको इनार तथा कुवा प्रयोग गर्ने ३.४७ प्रतिशत देखिन्छ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका दाङ जिल्लाका अन्य गाउँपालिकाहरुको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६५.०३ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७३.७४ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५७.९२ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १५.८२ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

प्राथमिक शिक्षालाई सबै गाउँपालिकाबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यावहारिक रुपमा स्थापित गर्न सकिएको छैन र स्कुल जाने उमेरका केही बालबालिकाहरुले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन्। पहिलो कुरा त स्थापित स्कुलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात बढी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्को तर्फ मा.वि र उच्च मा.वि.को शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन। माध्यमिकस्तरको शिक्षालाई व्यवसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशाजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन।

यस गाउँपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ। जनसंख्या दोब्बर हुंदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ।

# बबई गाउँपालिका

प्रदेश नं. ५, दाङ

बबई गाउँपालिकामा गाउँसभाका सदस्यहरु : २०७५

| क्र.सं | नाम थर | पद | वडा नं | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | भुवनेश्वर पौडेल | अध्यक्ष | | ९८५७८२५६५० |
| २ | सावित्री विश्वकर्मा | उपाध्यक्ष | | ९८५७८२४६१३ |
| ३ | खडक बहादुर कँवर | वडा अध्यक्ष | १ | ९८५७८२५६५१ |
| ४ | चिन्तामणि शर्मा | वडा अध्यक्ष | २ | ९८५७८२५६५२ |
| ५ | नन्दलाल वली | वडा अध्यक्ष | ३ | ९८५७८२५६५३ |
| ६ | टेक बहादुर वली | वडा अध्यक्ष | ४ | ९८५७८३५६५४ |
| ७ | डम्बर बहादुर सिरिस | वडा अध्यक्ष | ५ | ९८५७८२५६५५ |
| ८ | राम वहादुर डाँगी | वडा अध्यक्ष | ६ | ९८५७८२५६५६ |
| ९ | महावीर चौधरी | वडा अध्यक्ष | ७ | ९८५७८२५६५७ |
| १० | टंकराज वि.क. | कार्यपालिका सदस्य | | ९८५७८२४७०३ |
| ११ | मान ब. कामी | कार्यपालिका सदस्य | | ९८१०८५४५५५ |
| १२ | सरस्वती वादी | कार्यपालिका सदस्य | ३ | |
| १३ | सावित्रा सुनार | कार्यपालिका सदस्य | ५ | |
| १४ | गौरी कुमारी बोहरा | कार्यपालिका सदस्य | ४ | |
| १५ | रुपा राना | कार्यपालिका सदस्य | ७ | |
| १६ | रणबिर खत्री | सदस्य | ४ | |
| १७ | व्रिजलाल वि.क. | सदस्य | ४ | |
| १८ | सालिकराम पौडेल | सदस्य | ५ | |

| | | | | |
|---|---|---|---|---|
| १९ | लिलाधर भण्डारी | सदस्य | ५ | |
| २० | भोला प्रसाद बुढाथोकी | सदस्य | ६ | |
| २१ | विनोद वली | सदस्य | ६ | |
| २२ | लाल बहादुर वि.क. | सदस्य | ७ | |
| २३ | सावित्रा बोहरा | महिला सदस्य | १ | |
| २४ | मञ्जु वली | महिला सदस्य | २ | |
| २५ | टेकी वली | महिला सदस्य | ३ | |
| २६ | नन्दलाल वली | सदस्य | १ | |
| २७ | ज्वाला किरण घर्ती मगर | सदस्य | १ | |
| २८ | राम बहादुर के.सी. | सदस्य | २ | |
| २९ | पर्शाराम खत्री | सदस्य | २ | |
| ३० | खड्ग बहादुर खत्री क्षेत्री | सदस्य | ३ | |
| ३१ | मोहलाल वली | सदस्य | ३ | |
| ३२ | कृष्ण कुमारी खड्का | महिला सदस्य | ५ | |
| ३३ | इन्द्र कुमारी अधिकारी | महिला सदस्य | ६ | |
| ३४ | पुर्णकली वि.क | दलित महिला सदस्य | १ | |
| ३५ | गीता परियार | दलित महिला सदस्य | २ | |
| ३६ | शान्ता वि.क. | दलित महिला सदस्य | ४ | |
| ३७ | कमला कुमारी सार्की | दलित महिला सदस्य | ६ | |
| ३८ | देवी कुमारी वि.क | दलित महिला सदस्य | ७ | |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७५*